नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA
शुक्रबार, माघ २६, २०७४ | Friday, February 9, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लागा ९ | वर्ष २४, अंक ३० | पृष्ठ १२ | मूल्य रू १०/–

# मर्यादाक्रममा को कहाँ?

गंगा बराल, काठमाडौं

सरकारले मर्यादाक्रमको टुंगो लगाउने अन्तिम कसरत गरेको छ। विशिष्ट व्यक्तिहरूको स्थान कहाँ रहने भनेर निष्कर्ष निकाल्ने काम गृह मन्त्रालयको हो।

गृह मन्त्रालयका प्रवक्ता नारायण शर्मा दुवाडीले मर्यादाक्रमको तयारी अन्तिम चरणमा पुगिसकेको बताउनुभयो। 'जिम्मेवारी पाएको शाखाले काम गरिसकेको छ', प्रवक्ता दुवाडीले भन्नुभयो- 'गृहले तयार पारेको मर्यादामा केही हेरफेर भएको पनि हुन सक्छ।'

गृह मन्त्रालयका अनुसार मर्यादाक्रमको ढाँचा तयार पारेर रायका लागि कानुन मन्त्रालय पठाइएको छ। कानुनमन्त्री यज्ञबहादुर थापाले गृहले तयार पारेको खाका कानुन मन्त्रालयमा आएको जनाउनुभयो। 'मर्यादाक्रम छिट्टै टुंग्याउनेछौं, मन्त्रालयबाट पठाएपछि त्यसले पूर्णता पाउँछ।' -मन्त्री थापाले भन्नुभयो। गृहको आन्तरिक व्यवस्था शाखा 'क'ले मर्यादाक्रम निर्धारण गर्ने गर्दछ। गृहका एक अधिकारीले भने- 'दुई/तीन दिनमा नै टुंगो लागेर मुद्रणमा छापिन्छ र राजपत्रमा सूचना प्रकाशित हुन्छ।' पहिलो नम्बरमा राष्ट्रपति र अन्तिम २७ मा सहायक सेनानी रहेका छन्। गृह मन्त्रालयले माघ १८ गते मर्यादाक्रमलाई स्वीकृत गरेको जनाएको छ।

१. राष्ट्रपति, २. उपराष्ट्रपति, ३. प्रधानमन्त्री, ४. प्रधानन्यायाधीश, ५. प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, ६. पूर्वराष्ट्रपति, उपप्रधानमन्त्री, ७. प्रदेश प्रमुख, संघीय सरकारको मन्त्री, प्रतिनिधिसभाको विपक्षी दलको नेता, राष्ट्रियसभाको विपक्षी दलका नेता, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष, पूर्वप्रधानन्यायाधीश, प्रतिनिधिसभाका उपसभामुख, राष्ट्रियसभाका उपाध्यक्ष, प्रदेश सरकारका मुख्यमन्त्री, व्यवस्थापिका-संसद्का पूर्वसभामुख, संविधानसभाका पूर्वअध्यक्ष, प्रतिनिधिसभाका पूर्वसभामुख र राष्ट्रियसभाका पूर्वअध्यक्ष रहेका छन्।

८ मा राज्यमन्त्री, प्रतिनिधिसभा तथा राष्ट्रियसभाका विभिन्न समितिका सभापति तथा अध्यक्ष, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख, महान्यायाधिवक्ता, सहायकमन्त्री, प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्य, पूर्वउपप्रधानमन्त्री, ९. संवैधानिक निकायका सदस्य तथा आयुक्त, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापति, संघीय संसद्का महासचिव, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार, उच्च अदालतका मुख्य न्यायाधीश, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रज्ञा प्रतिष्ठानका कुलपति, विश्वविद्यालयका उपकुलपति, १०. प्रदेशसभाका सभामुख, प्रदेश सरकारका मन्त्री, राष्ट्रिय योजना आयोगका सदस्य, ११. नेपाल सरकारका सचिव, नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकृत, सर्वोच्च अदालतका रजिष्ट्रार, नायब महान्यायाधिवक्ता, उपमहालेखापरीक्षक, प्रदेश सरकारका प्रमुख सचिव, प्रज्ञा प्रतिष्ठानका उपकुलपति, विश्वविद्यालयका प्राध्यापक, नेपालस्थित विदेशी राजदूत, सार्कका महासचिव, नेपाली राजदूत रहेका छन्।

१२ मा रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, मुख्य अनुसन्धान निर्देशक (राष्ट्रिय अनुसन्धान विभाग), नेपालस्थित संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका आवासीय संयोजक, १३. प्रदेशसभाका उपसभामुख, प्रदेश सरकारका राज्यमन्त्री, प्रदेशसभाका विभिन्न समितिका सभापति, उच्च अदालतका न्यायाधीश, प्रदेश लोकसेवा आयोगका अध्यक्ष, मुख्य न्यायाधिवक्ता, पूर्वमन्त्री, १४. प्रदेश सरकारका सहायकमन्त्री, प्रदेशसभा सदस्य, १५. महानगरपालिकाका प्रमुख, पूर्वराज्यमन्त्री, पूर्वसहायकमन्त्री, संविधानसभा-व्यवस्थापिका संसद्, प्रतिनिधिसभा/राष्ट्रियसभाका पूर्वसदस्य रहेका छन्।

१६ मा उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक, १७. जिल्ला समन्वय समितिका प्रमुख, प्रदेश लोकसेवा आयोगका सदस्य, प्रदेश न्यायसेवा आयोगका सदस्य, १८. उपमहानगरपालिकाका प्रमुख, महानगरपालिकाका उपप्रमुख, नेपाल सरकारका सहसचिव, महानिर्देशक, उपमहानिर्देशक, राजपत्रांकित प्रथम श्रेणीका अधिकृत, प्रदेश सरकारका सचिव, जिल्ला न्यायाधीश, विश्वविद्यालयका सह-प्राध्यापक, १९. सहायक रथी, प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक, प्रदेश सरकारका राजपत्रांकित प्रथम श्रेणीका अधिकृत, स्थानीय तहका राजपत्रांकित प्रथम श्रेणीका अधिकृत रहेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# मतपरिणाम घोषणा अघि बढ्यो

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले प्रतिनिधिसभाको समानुपातिकतर्फको मतपरिणाम घोषणा गर्ने प्रक्रिया अघि बढाएको छ। राष्ट्रियसभाको निर्वाचनको परिणाम आएसँगै आयोगले सो तयारी गरेको हो। आयोगले समानुपातिकतर्फ राजनीतिक दलहरूले पाएको मतपरिणामअनुसार सिट संख्या तोकेर नाम बुझाउन आज शुक्रबार दलहरूलाई पत्र पठाउने भएको छ।

प्रतिनिधिसभाको निर्वाचन भएको साढे दुई महिना बितिसक्दा पनि संवैधानिक अड्चनका कारण समानुपातिकतर्फको मतपरिणाम घोषणाको प्रक्रिया अघि बढेको थिएन।

(क्रमशः पृष्ठ ९ मा)






# विशालबजार सञ्चालकप्रति अख्तियारको वक्रदृष्टि

सुरेश तामाङ, काठमाडौं

विशालबजार कम्पनीका सञ्चालकप्रति अख्तियार दुरूपयोग अनुसन्धान आयोग नै पूर्वाग्रही भएको पाइएको छ। अख्तियारले झन्डै चार वर्षअगाडि सो कम्पनीका सञ्चालकविरुद्ध दायर गरेको आर्थिक अनियमिततासम्बन्धी मुद्दाको पछिल्लो अध्ययनबाट यस्तो तथ्य फेला परेको हो।

अख्तियारले २०७१ साल जेठ २३ गते उक्त कम्पनीका ११ जनामध्ये ८ जना सञ्चालकविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो।




अख्तियारले उक्त कम्पनीका सञ्चालकले बिल-भर्पाइ नदेखाई अपारदर्शी रूपमा आर्थिक हिनामिना गरेको आरोप लगाएको थियो। तर, विशालबजार कम्पनीले विशालबजार शेयरधनी संघ र विशालबजार व्यापार संघलाई एकाउन्टपेयी चेकमा आर्थिक सहयोग उपलब्ध गराएको फोटोकपी *नेपाल समाचारपत्र*ले फेलापारेको छ।

आर्थिक सहयोग प्राप्त गर्ने दुवै संघका अध्यक्षले उक्त आर्थिक सहयोग नेपाल समाचारपत्रसँग भएको सक्कल एकाउन्टपेयी चेकको फोटोकपी भएको स्वीकार गरेका छन्।

(क्रमशः पृष्ठ ९ मा)



निलम्बनपश्चात् नेपालले आईसीसी र एसीसीबाट पाउने गरेको अनुदान पनि कटौती गरिएको छ। नेपाली टोलीको छनोटदेखि लिएर घरेलु तथा अन्तर्राष्ट्रिय क्रिकेट सबै आईसीसी आफैंले हेरिरहेको छ।

# संरचना र व्यावसायिकता खोज्दै नेपाली क्रिकेट

रीतेश घिमिरे

जति बेला भैरहवा ग्लाडियटर्स र विराटनगर वारियर्स एभरेस्ट प्रिमियर लिग जित्नका लागि मैदानमा आम्नेसाम्ने थिए, मिडिया बक्सबाट हजारौंको संख्यामा दर्शकको उपस्थिति देख्दा मलाई टेलिभिजनमा हेरेको भारत-पाकिस्तानको म्याचको झ-झल्को आइरहेको थियो। कुनै पनि घरेलु प्रतियोगिताको खेलमा समर्थकको त्यो बाक्लो उपस्थिति सायदै पहिले देखिएको थियो होला। गत पुस १५ मा सम्पन्न फाइनल खेलअन्तर्गत भैरहवा र विराटनगर टिमको समर्थनमा ब्यानर, प्लेकार्ड तथा हुटिङले टीयू क्रिकेट मैदान भरिएको थियो। भैरहवाको समर्थनमा पनि, विराटनगरको समर्थनमा पनि, म नेपाली क्रिकेटको समर्थन देखिरहेको थिएँ। हालै सम्पन्न एभरेस्ट प्रिमियर लिगको सफलता दर्शाइरहेको थियो क्रिकेट समर्थकको त्यो उपस्थितिले।

क्रिकेटप्रतिको त्यो क्रेज देख्दा हर्षित हुनु त स्वाभाविक नै थियो, तर मन त्यति बेला खिन्न भयो जब नेपाली क्रिकेटको अन्योलता सम्झिएँ। जहाँ घरेलु प्रतियोगिताको एउटा खेलमा कुनै टेस्ट राष्ट्रको अन्तर्राष्ट्रिय खेल जस्तो क्रेज देखिन्छ, त्यहाँ क्रिकेट सञ्चालन गर्ने कुनै आधिकारिक निकाय नै छैन। क्रिकेटको विकास र उत्थानभन्दा पनि अनावश्यक राजनीतिक दाउपेचको मारले यसरी थिचेको छ नेपाली क्रिकेटलाई कि प्रचूर सम्भावना हुँदाहुँदै पनि माथि उठ्न सकेको छैन। विपक्षी टिमलाई हराएर र खेल जितेर मात्र क्रिकेट माथि उठ्ने होइन भन्ने कुरा नेपाली क्रिकेटको हालको अवस्थाले छर्लङ्ग पारिदिएको छ।

जब राष्ट्रिय टोलीले राम्रो प्रदर्शन गर्छ, त्यति बेला टिम र खेलाडीको प्रशंसामा शब्दहरू प्रवाह गर्ने जमातको कमी छैन यहाँ। खेललाई व्यावसायिक बनाउनुपर्छ, सिस्टम बनाउनुपर्छ भनेर उफ्रिने त्यही आवाज जब नेपाली टिमको सफलताको गाथा सेलाउँदै र पुरानो हुँदै जान्छ, कता हराउँछ, थाहा छैन।



उमेर समूहमा नेपाली टोलीले न्युजिल्यान्ड, भारत तथा साउथ अफ्रिका जस्ता टेस्ट राष्ट्रलाई समेत पराजित गरिसकेको छ।

## निलम्बित क्यान

अहिले अन्तर्राष्ट्रिय क्रिकेट परिषद्ले क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) लाई निलम्बन गरेको अवस्था हो। अनावश्यक राजनीतिक हस्तक्षेप तथा क्यानभित्रको आन्तरिक विवादको फलस्वरूप आईसीसीले क्यानलाई निलम्बन गरेको छ। निलम्बनपश्चात् नेपालले आईसीसी र एसीसीबाट पाउने गरेको अनुदान पनि कटौती गरिएको छ। नेपाली टोलीको छनोटदेखि लिएर घरेलु तथा अन्तर्राष्ट्रिय क्रिकेट सबै आईसीसी आफैंले हेरिरहेको छ क्यानको अनुपस्थितिमा।

क्यान निलम्बनमा परेको यतिको समय बितिसक्दा पनि कहींकतैबाट आधिकारिक क्रिकेट निकायको पुन:स्थापना गर्नका लागि ठोस कदम अघि नबढेको कुरामा दुई मत नहोला। आईसीसीले नेपाली क्रिकेट विवाद समाधानका लागि आगामी पाँच महिनाको समयसीमा तोकेको छ। आईसीसी प्रतिनिधिले राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव केशवकुमार विष्टलगायत क्रिकेटका सरोकारवाला निकाय तथा क्यानको तदर्थ समितिसँग गरेको छलफलपश्चात् क्यानको निलम्बन फुकुवा हुने केही आशा पलाएको छ। यदि छलफलअनुरूप सबै कार्य पालना भए आईसीसीले आगामी जुनमा निलम्बन फुकुवा गर्न सक्नेछ भन्ने आशमा छौं हामी सबै नेपाली क्रिकेट समर्थक।

## घरेलु प्रतियोगिता

केही समययता, नेपाली क्रिकेटमा सकारात्मक ऊर्जा पलाउने पक्ष केही छ भने त्यो बढ्दो घरेलु क्रिकेट प्रतियोगिता नै हो। एभरेस्ट प्रिमियर लिग (ईपीएल) तथा धनगढी प्रिमियर लिग (डीपीएल) जस्ता प्रतियोगिताले नेपाली क्रिकेटमा व्यावसायिकताको विकास गर्न ठूलो भूमिका खेलेका छन्। यस्ता प्रतियोगिताको माध्यमबाट नेपाली घरेलु क्रिकेटमा व्यावसायिकताको शुरुआत गर्ने श्रेय आमिर अख्तर तथा सुवास शाही जस्ता व्यक्तित्वलाई जान्छ। र, यो थालनी अझै गतिशील तथा स्तरीय हुँदै गएमा यसले समग्र नेपाली क्रिकेटलाई नै फाइदा हुने तथ्य हामी सबैले बुझेकै छौं।

जति पनि प्रतियोगिता सञ्चालन हुन्छन्, सबै टी-ट्वान्टी फर्म्याटमा नै हुनुलाई चाहिँ हामीले सकारात्मकरूपमा लिनुहुँदैन जस्तो लाग्छ। घरेलु स्तरको २० ओभरको खेलमा गरेको प्रदर्शनको आधारमा खेलाडीलाई राष्ट्रिय टोलीमा छनोट गरिन्छ अनि उसले अन्तर्राष्ट्रिय टिमसँग ५० ओभरको खेल खेल्दा आफूलाई परिस्थितिअनुरूप ढाल्न असहज भएको नेपाली टिमको प्रदर्शनले पनि देखाउँछ। हालको परिप्रेक्ष्यमा हेर्दा घरेलु स्तरमा पनि ५० ओभर फर्म्याटका खेलहरू आयोजना गर्नु अपरिहार्य देखिएको छ।

> अफगानिस्तानी क्रिकेटबाट सिकेर हामीले पनि नेपाली क्रिकेटलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गराउनुपर्ने समयमा हामी भने नेपाली क्रिकेटको आधिकारिक संस्था क्यान निलम्बनबाट जोगाउन कसरत गरिरहेका छौं । अब पनि अनावश्यक राजनीतिक हस्तक्षेप, व्यक्तिगत दाउपेच, खुट्टा तान्ने प्रवृत्ति र क्रिकेटलाई पैसा कमाउने भाँडोको रूपमा प्रयोग गर्ने चलनको अन्त्य नगर्ने हो भने कुनै दिन नेपाली क्रिकेट पनि एकादेशको कथा नहोला भन्न सकिन्न।

## नयाँ तथा युवा खेलाडीलाई मौका

विभिन्न उमेर समूहको प्रतियोगिताबाट राष्ट्रिय टोलीमा प्रवेश गर्ने खेलाडीको संख्या बढ्दै गइरहेको छ। सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, अनिलकुमार साह, रोहित पौडेल जस्ता खेलाडीले राष्ट्रिय टोलीमा स्थान बनाउनु पक्कै पनि भविष्यका लागि निकै लाभदायक हो। सिनियर खेलाडीको संन्यासपछि यिनै युवा खेलाडीको काँधमा नेपाली क्रिकेटको जिम्मेवारी जाने भएकाले अहिलेदेखि नै पर्याप्त मात्रामा राष्ट्रिय टिमको अनुभव बटुल्न जरुरी छ युवा खेलाडीले।

## एक मात्र अन्तर्राष्ट्रिय क्रिकेट मैदान

भौतिक तथा आर्थिक कमजोरीलाई नेपाली क्रिकेटको समस्यामा सधैं जोडिने गरिन्छ। तर, यसलाई प्रमुख समस्याको रूपमा लिनु सान्दर्भिक ठान्दिनँ म। आर्थिक र भौतिक कमजोरी त आज अथवा भोलि हामी हल गर्छौं तर जबसम्म हाम्रो मानसिकता, सोच र प्रणालीमै समस्या रहन्छ तबसम्म हामी कदापि माथि उठ्न सक्दैनौं। हामीसँग एउटा मात्र अन्तर्राष्ट्रियस्तरको मैदान छ, त्यो समस्या होइन। समस्या यो हो कि अर्को मैदान किन तयार पार्न सकिरहका छैनौं हामीले। मूलपानी क्रिकेट मैदानको निर्माणले पनि भर्खरै मात्र केही गति लिएको हो कि जस्तो लाग्छ। यदि यही तदारुकता पहिले नै देखिएको भए मूलपानी मैदानमा आज हामी अन्तर्राष्ट्रिय खेल हेरिरहेका हुने थियौं।

## सन्दीप लामिछाने आईपीएलमा

हालै सम्पन्न आईपीएल अक्सनमा नेपाली लेगस्पिनर सन्दीप लामिछानेलाई दिल्ली डेयरडेभिल्सले आफ्नो टिममा समावेश गरेको छ। अन्तर्राष्ट्रिय क्रिकेटका हस्ती अस्ट्रेलियन रिकी पोन्टिङ प्रशिक्षक रहेको सो टोलीमा गौतम गम्भीर, ग्लेन म्याक्सवेल, कगिसो रबाडा, अमित मिश्र जस्ता खेलाडीसँगको सहकार्यले युवा सन्दीपमा अवश्य नै निखार ल्याउनेछ। सन्दीपले आफ्नो क्षमता र प्रदर्शनबाट सबैको मन जित्न सकेमा अर्को सिजनमा अन्य नेपाली खेलाडीका लागि पनि ढोका खुला हुने निश्चित छ।

नेपालसँगै क्रिकेट खेलेको अफगानिस्तान आज अन्तर्राष्ट्रिय क्रिकेटमा गुणस्तरीय प्रदर्शन गरिरहेको छ। अफगानिस्तानी क्रिकेटबाट सिकेर हामीले पनि नेपाली क्रिकेटलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गराउनुपर्ने समयमा हामी भने नेपाली क्रिकेटको आधिकारिक संस्था क्यान निलम्बनबाट जोगाउन कसरत गरिरहेका छौं। अब पनि अनावश्यक राजनीतिक हस्तक्षेप, व्यक्तिगत दाउपेच, खुट्टा तान्ने प्रवृत्ति र क्रिकेटलाई पैसा कमाउने भाँडोको रूपमा प्रयोग गर्ने चलनको अन्त्य नगर्ने हो भने कुनै दिन नेपाली क्रिकेट पनि एकादेशको कथा नहोला भन्न सकिन्न।



आईपीएल खेल्ने पहिलो नेपाली खेलाडी सन्दीप लामिछानेलाई माइकल क्लार्कसँगको सामिप्यताले सघाएको सजिलै अनुमान लगाउन सकिन्छ।



टीयू मैदानमा देखिने समर्थकको उपस्थितिले खेलाडीलाई थप उत्साह र ऊर्जा थप्ने गर्छ।

# अशोक शर्मा जय भोलेका साथ फिल्ममा फर्कंदै


तस्वीर : रंगराज आचार्य

निर्माता, निर्देशक, अभिनेता तथा वितरक अशोक शर्मा १ दशकभन्दा लामो समयपछि पुन: फिल्म निर्माण र निर्देशन क्षेत्रमा फर्किएका छन्। उनी *जय भोले* नामक फिल्मका साथ पुनर्निर्माण र निर्देशनको क्षेत्रमा फर्किएका हुन्।

बिहीबार राजधानीमा फिल्म निर्माण घोषणा कार्यक्रम आयोजना गर्दै शर्माले फिल्म क्षेत्रलाई अर्को ढंगले अगाडि बढाउने कार्य सम्पन्न गरी पुन: यो क्षेत्रमा फर्केको बताए। 'फिल्म निर्माण र निर्देशन गरिरहेको बेला डीसीएन (डिजिटल सिनेमा नेपाल) ले अहिलेकै स्थितिबाट यो फिल्म उद्योग अगाडि बढाए पछि गएर यो उद्योग नै रहँदैन। अब हामी नयाँ ढंगले जानुपर्छ भन्दै सहकार्यका लागि बोलायो। त्यो बेलामा डीसीएनका साथीहरू जय नेपालले रेन्युभेट गरेर हिन्दी फिल्म चलाइरहनुभएको थियो। जहाँ हिन्दी फिल्म चलाइन्थ्यो। म हिन्दी फिल्मको ठूलो विरोधी थिएँ, नेपाली फिल्मको पक्षमा आवाज बुलन्द गरेर लडिरहेको थिएँ। त्यो बेलामा उहाँहरूसँग सहकार्य गर्नु मेरो लागि ठूलो चुनौती थियो', लाजिम्पाटस्थित र्‍याडिसन होटलमा आयोजित कार्यक्रममा शर्माले भने- 'त्यो चुनौतीलाई स्वीकार्दै डिजिटल टेक्नोलोजीमा जाने गरी डीसीएनमा आबद्ध हुँदा मलाई विदेशी फिल्मको दलाल भनियो। मेरो कारण जय नेपाल हलमा अवरोध गरिँदा उहाँहरूलाई पनि समस्या पर्‍यो। तर, हामी एकढिक्का भएर काम गरिरह्यौं। आज आएर डिजिटल प्रविधिकै कारण ५०/६० लाखको ग्रस कलेक्सनमा सीमित फिल्म उद्योग १८/२० करोड ग्रस कलेक्सन गर्न सक्षम भएको छ। फिल्मको कारोबार पारदर्शी भए केही वर्षपछि नेपाली फिल्म ५० करोडको ग्रस कलेक्सन गर्न सक्षम हुनेछ।' शर्माले एक दशकसम्मको समय फिल्म निर्माण र निर्देशनमा नआउनुको कारण खुलाउँदै भने- 'त्यहाँ रहेर १०/१२ वर्ष मेरो फिल्म निर्माण र निर्देशन क्षेत्रमा ब्रेक लाग्यो। तर, फिल्म उद्योग अगाडि बढ्यो। फिल्म उद्योगका लागि काम गरिसकेपछि अब फेरि फिल्म निर्माण र निर्देशनकै क्षेत्रमा फर्केको छु। राम्रो फिल्म बनाउने कोशिस गर्नेछु। रिजल्ट दर्शकको हातको कुरा हो।'

भगवान् शिवका भक्त शर्माको *जय भोले* शिवरात्रिका दिन अर्थात् आगामी फागुन १ गते सुटिङ फ्लोरमा जानेछ र आगामी २०७५ साल दशैंको फूलपातीका दिन रिलिजमा आउनेछ। फिल्मको मुख्य पात्रमा *पशुपतिप्रसाद* खगेन्द्र लामिछाने हुनेछन् भने यसमा कथा, पटकथा र संवाद पनि उनकै रहेको छ। कार्यक्रममा लामिछानेले राम्रो स्क्रिफ्टको अभावमा आफूले खेल्ने फिल्म आफैंले लेखेको दाबी गरे। 'म फिल्म क्षेत्रमा आएको ५ वर्ष भयो। अशोक शर्मा ३५ वर्षदेखि हुनुहुन्छ। अहिलेका साथीहरूमा म आफूलाई नै तीव्र गतिमा स्क्रिफ्ट लेख्छु भन्ठान्छु। तर, स्क्रिफ्ट लेख्दै जाँदा उहाँको जोश र ऊर्जा देखेर आफूलाई नै सुस्त रहेछु भन्ने महसुस गरें', लामिछानेले भने- 'कतिपय देशमा अहिले पनि फिल्म उद्योग नै छैन। तर, अग्रजहरूले हामीकहाँ फिल्म उद्योग बनाइदिनुभएको छ। उहाँहरूले बनाइदिएकै बाटोलाई मिलाउँदै अगाडि बढिरहेका छौं।'

नायिका स्वस्तिमा खड्का भने निर्धारित समयभन्दा १ घण्टा ढिलो गरी कार्यक्रममा पुगेपछि आलोचनाको पात्र भइन्। 'ढिलो आएकोमा माफी चाहन्छु। सुटले गर्दा ढिलो हुन पुगें', नायिका साम्राज्ञी राज्यलक्ष्मीदेवी शाहले समय नदिएपछि *जय भोले*को नायिका फाइनल हुन पुगेकी उनले त्यस प्रसंगमा भनिन्- 'मलाई अशोक शर्मा दाइले शुरुमै यो फिल्मका लागि तिमी, साम्राज्ञी र अर्को हिरोइनमध्ये एकजनालाई सोचेका छौं भन्नुभएको थियो। पछि म भएँ, मअगाडि कसको कुरा भएको थियो भन्ने विषय मेरो सरोकारको होइन।'

झापा र इलाममा सुटिङ हुने फिल्ममा खगेन्द्र र स्वस्तिमा साथमा सौगात मल्ल, सलोन बस्नेत, वसुन्धरा भुसाल, बुद्धि तामाङ, जयनन्द लामा, राजाराम पौडेल, रामचन्द्र अधिकारी, शारदा गिरी, सुरेन्द्र केसी, किशोर भण्डारी र अशोक शर्मा प्रमुख भुमिकामा रहनेछन्। किरण शर्मा, कृति शर्मा र अंकित शर्माले १ करोड र ६० लाख रुपियाँ लागतमा निर्माण गर्ने फिल्ममा गीत डा. कृष्णहरि बराल, संगीत राजनराज शिवाकोटी र कल्याण सिंह, गायन राजनराज शिवाकोटी, राजेशपायल राई र मेलिना राई, नृत्य निर्देशन वसन्त श्रेष्ठ, द्वन्द्व रोशनविक्रम भट्टराई, छायांकन पुरुषोत्तम प्रधान, सम्पादन राजु ढुंगाना र प्रोडक्सन डिजाइन नगेन्द्र घिमिरेको रहनेछ।

# कोल्ड वार तोड्दै कट्रिना



केही दिनअघि बलिउड सुन्दरी दीपिका पादुकोणले एक अन्तरवार्तामा आफ्नो बिहेमा कट्रिना कैफलाई नबोलाउने बताइन्। त्यसअघि एक टक शोमा कट्रिनासँग दीपिकालाई आफ्नो साथी मान्नुहुन्छ या हुन्न भन्ने सवालमा उनले मौनता साँध्दै मान्दिनँ भन्ने जनाउ दिइन्।

बलिउडमा यी दुई टप नायिकाबीच यो कोल्ड वार केही समयअघिदेखि नै चलिहरेको छ। चर्चा गरिरहनुपर्दैन कि यसको कारण केवल रणवीर कपुर हुन्।

दुवै नायिका रणवीरको पूर्वप्रेमिका रहिसकेका छन्। यस्तोमा एक-अर्काप्रति गुनासो या ईर्ष्या हुनु सामान्य भएको भारतीय सञ्चारमाध्यमले चर्चा गरेका छन्। यद्यपि अब दुवै अगाडि बढिसकेका छन्। तर, दुवै सुन्दरीबीच एक-अर्काप्रतिको मनमुटाव सकिएको छैन। यसै बीच भारतीय सञ्चारमाध्यमले जनाएअनुसार कट्रिनाले दोस्तीका लागि हात अगाडि बढाएकी छिन्। कट्रिनाले हालै सामाजिक सञ्जालमा दीपिकाको एक तस्वीरमा लाइक गरेर दोस्तीको हात अगाडि बढाएकी हुन्। कट्रिनाले डिजाइनर अनामिका खन्नाले पोस्ट गरेको दीपिकाको फोटोमा लाइक गरेकी हुन्। यसबाट कट्रिनाले आफूहरूबीचको असमझदारी हटाई अगाडि बढ्न चाहेको सन्देश दिएको भारतीय सञ्चारमाध्यमले चर्चा गरेका छन्।

दीपिका हाल आफ्नो ब्लकबस्टर फिल्म *पद्मावत*को सफलता मनाइरहेकी छिन् भने कट्रिना अमिर खान र अमिताभ बच्चनका साथ *ठग्स अफ हिन्दुस्तान*को सुटिङ गरिरहेकी छिन्।

# प्रेम दिवसलाई प्रेमिल गीत

गायक कमल के क्षत्रीद्वारा स्वरबद्ध प्रेमिल गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। भ्यालेन्टाइन डेको पूर्वसन्ध्या पारेर गायक क्षत्रीले सफ्ट पप शैलीमा *माया गर्छु* बोलको गीतको म्युजिक भिडियो सार्वजनिक गरेका हुन्। गीतमा गायक क्षत्रीकै शब्द तथा संगीत रहेको छ। शैलेन्द्र एम प्रधान गीतका संगीत संयोजक हुन्।

नरेन लिम्बुद्वारा निर्देशित गीतको म्युजिक भिडियोमा कुसुम गुरुङ तथा रवि आरएनले अभिनय गरेका छन्। कुमुस पछिल्लो समय रंगमञ्चमा सक्रिय रंगकर्मी हुन्। विनय कंशाकार यो भिडियोका सम्पादक हुन्। भिडियोमा अंग्रेजी उपशीर्षक पनि समावेश गरिएको छ।









# विचार

घाउलाई दबाएर राख्दा कुनै फाइदा हुँदैन, त्यसलाई फुट्नै दिनुपर्छ।
–महात्मा गान्धी

केही ज्ञान लिनका लागि शुरूमै आफूलाई अज्ञानी सम्झने गर।
– डिजरायाली

## सम्पादकीय

नेपाल समाचारपत्र

# शिक्षित बेरोजगार र पदपूर्तिमा सृजित समस्या

शिक्षित बेरोजगारको संख्या बढिरहेको छ। नेपालमा अवसर नभएको भन्दै उनीहरू कामको खोजीमा विदेश पलायन भइरहेको अवस्था छ। यता भने नेपाली सेनाको अधिकृत क्याडेटका लागि लोक सेवा आयोगले लिएको परीक्षामा मागिए जति संख्या पनि उत्तीर्ण हुन नसक्नु चिन्ताको विषय बनेको छ। नेपाली सेनाले रिक्त रहेको अधिकृत क्याडेट भर्नाका लागि यस वर्ष दुईपटक भर्ना आह्वान गर्दा पनि माग गरेको संख्या पूर्ति गर्न नसकेको समाचार छ। दुवैपटक भर्नाका लागि ५ हजारभन्दा बढी परीक्षार्थी परीक्षामा सामेल भए पनि लिखित परीक्षामा जम्मा १८ जनाले मात्रै उत्तीर्ण गरेको सेनाको रेकर्डमा देखिनुले परीक्षार्थीको शैक्षिक दक्षतामा नै प्रश्नचिह्न खडा भएको छ। यसरी मागेको संख्याको एक चौथाइ पनि उत्तीर्ण नभएपछि नेपाली सेनाले समेत चिन्ता व्यक्त गर्न थालेको छ। पटक–पटक भर्ना आह्वान गर्दा पनि चाहेको संख्यामा अधिकृत क्याडेट ल्याउन नसकेपछि नेपाली सेनाले पनि यसको कारण खोज्नुपर्ने भएको छ।

शैक्षिक बेरोजगार बढ्दै जाने तर रोजगारीका लागि दिइएको परीक्षामा उत्तीर्ण हुन नसक्ने अवस्था आउनु राम्रो संकेत होइन। यस विषयमा सम्बन्धित निकायहरू गम्भीर हुनुपर्ने देखिन्छ। यस स्थितिले नेपालको शिक्षा पद्धतिका बारेमा समेत सोच्नुपर्ने अवस्था सिर्जना गरेको छ। नेपाली सेनाको अधिकृत स्तरमा भर्ना हुन चाहनेको संख्या उल्लेख्य भए पनि परीक्षामा उत्तीर्ण हुनेको संख्या भने कम हुनु भनेको नेपालको शिक्षा प्रणाली नै कमजोर हो कि भन्ने देखिन्छ।

विद्यालय एवं विश्वविद्यालयहरूको पाठ्यक्रम नेपाली सेनाले सञ्चालन गर्ने परीक्षामा मेल नखाएर वा लोक सेवा आयोगले लिएको परीक्षा नै कठिन भएर पनि यो समस्या सृजना भएको हुन सक्छ। आखिर समस्या कहाँनेर हो ? यसको पहिचान हुनु जरुरी छ। परीक्षामा सहभागीको संख्या उल्लेख्य रहँदारहँदै पनि उत्तीर्ण हुने अधिकृत क्याडेटको संख्या ज्यादै न्यून रहेकाले त्यसको कारण सबै पक्षबाट खोज्नुपर्ने बेला आएको छ। नेपाली सेनामा मात्रै नभएर यो समस्या अन्य क्षेत्रमा नपर्ला भन्न सकिँदैन। यदि अन्य निकायमा पनि यस्तै समस्या दोहोरियो भने चुनौती झनै थपिनेछ। एकातिर बढ्दो शिक्षित बेरोजार भने अर्कातिर मागअनुसार पदपूर्ति गर्न नसक्नु, दोहोरो समस्या। बेलैमा समस्या पहिचान गरी निकास खोज्नु जरुरी छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# ‘वान टु वान’ भेटवार्ताको बहस



बालकृष्ण मैनाली

भारतीय विदेशमन्त्रीसँगको एक्लाएक्लै भेटवार्तामा के-के कुराको छलफल भयो भन्ने कुरा वार्तामा सहभागी नेताहरूबीच पनि आपसमा आदानप्रदान भएको जनतालाई जानकारी छैन। यस अर्थमा अविलम्ब वार्तामा बसेका नेताहरूले एउटै टेबलमा बसी सबै कुरा एक-आपसमा खुलस्त राख्नु अनिवार्य भएको छ।

भर्खरै देशमा सबै तह र तप्काको निर्वाचन सम्पन्न भएको छ। प्राय: सबैको परिणाम सार्वजनिक पनि भैसकेको छ। हुन त प्रदेशसभाको निर्वाचनपश्चात् को मुख्यमन्त्री बन्ने वा को सभामुख र उपसभामुख बन्ने भन्ने सामान्यतया निक्यौंल भइसकेको छ, मात्र औपचारिक नतिजा र निर्णय कुर्न बाँकी हो। अपवादको रुपमा एक-दुई जना व्यक्ति छनौटमा फरक पर्लान्। ठीक यही समयमा भारतीय विदेशमन्त्रीको आकस्मिक भ्रमण भएको छ नेपालमा। चाहे त्यो नेपालका कोही नेताले बोलाएर गराइएको भ्रमण होस् वा भारतीय प्रधानमन्त्रीले पठाएर गराइएको भ्रमण होस्। देशमा सरकार बन्ने तरखरमा रहेको अवस्थामा भएको छिमेकी मुलुकको विदेशमन्त्रीको भ्रमणबारे चर्चा-परिचर्चा शुरू भएको छ, जुन आफैंमा नयाँ र नौलोचाहिँ होइन। जसरी विगतमा उच्च व्यक्तिको भ्रमणबारे चर्चा चल्थ्यो, त्यसैको निरन्तरता हो यो चर्चा-परिचर्चा।

बीचमा दृश्य वा अदृश्य, विदेशी वा स्वदेशी छद्मभेषीहरूले कुनै खेल खेलेनन् भने अबको सरकार दुई राजनीतिक व्यावसायिकहरूले नेतृत्व गरेका वाम गठबन्धनकै सरकार हो। त्यसमा द्विविधा छैन। सरकार बनेपश्चात् राजनीतिक व्यावसायिक सदस्यहरू राजनीतिक व्यवसायमै तल्लीन रहेर आफ्नो र आफ्नो वरिपरिको दुनो मात्रै सोझ्याई राजनीतिक व्यवसायीकै रुपमा परिचय दिइरहनेछन् कि वास्ताविकरुपमा जनता र देशको समस्यालाई सम्बोधन गरी राजनीतिक व्यवसायीबाट अलि माथि उठेर जनता र देशको प्रतिनिधि बनेको अनुभूति गराई जनसेवकमा रुपान्तरण गर्ने प्रयास गर्ने हुन् ? हो, त्यो सरकारमा जानेहरूले गर्ने भविष्यको कार्यमा भर पर्दछ।

निर्वाचन सम्पन्न भएर सरकार गठन हुन पाएकै छैन, सद्भावको नाम दिएर भारतीय विदेशमन्त्रीले आफ्नो करिब २४ घन्टे नेपाल भ्रमण गरिन् भने त्यति अवधिमै उनले भेट्नुपर्ने महत्वपूर्ण व्यक्तिहरू कोही नछुटाईकनै भेटिन्। राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्म र अहिले सरकारमा जान तयार रहेका वाम गठबन्धनका नेतृत्वदेखि मधेस तराई केन्द्रित नेतासम्मलाई भेट्न भ्याइन्। अनि एक्लाएक्लै वार्तामा बसेको अवस्थामा विशेष गरेर नेपालको भन्दा पनि धेरै गुणा माथि भारतकै हितमा कुरा गरिन्। नेपालको विकासको विषयमा चाहिँ अलमल्याउने मात्र प्रयास गरिन्।

अहिलेको भारतीय विदेशमन्त्रीको नेपाल भ्रमणलाई नेपाली जनताले सामान्यरुपमा लिएका छैनन्। भेटेरै बधाई दिन आएको भन्नेजस्ता कूटनीतिक जवाफमा धेरै कुरा लुकेको अनुभूति गरेका छन् जनताले। जतिसुकै राम्रो र चिप्लो कुरा गरे तापनि कम्तीमा पछिल्लो पटकको नाकाबन्दी जनताको मनस्थितिबाट अझसम्म हेटेकै छैन। विदेशमन्त्रीको भ्रमणलाई लिएर कताकता भारतले विगतमा गरेका गल्तीहरूलाई राजनीतिक स्तरबाट सुधार्न खोजेको हो कि भन्ने टिप्पणी पनि सार्वजनिक भएका छन्। तथापि, नेपाली जनता ती टिप्पणीप्रति आश्वस्त भने बन्न सकिरहेका छैनन्। किन पनि भने, छिमेकी मुलुकको हैसियतले एउटा सानो मुलुक नेपाललाई विगतदेखि वर्तमानसम्म समय-समयमा हरेक क्षेत्रमा गरेका र भएका हस्तक्षेपहरूलाई नियाल्दा उक्त टिप्पणीप्रति आश्वस्त हुने अवस्था देखिँदैन र छैन पनि। विगत वर्षहरूदेखि यो वा त्यो बहानामा आफ्नो स्वार्थको निमित्त मात्र आफ्नो तुरुप फाल्दै आएको छिमेकी देश भारतले अहिले नेपालको बृहत्तर हितको लागि नै मरिमेटेर लागिपऱ्यो भन्नु धेरै चाँडो हुन जानेछ र सो कुरा दिवास्वप्नबाहेक अरू हुन सक्दैन। पछिल्लो प्रतिनिधि उदाहरणको रुपमा हालै निस्केको सीमा विवाद उपयुक्त उदाहरण हो।

एउटा पक्का विषय के हो भने, नेपालको अर्को छिमेकी मुलुक चीन पहिलाको भन्दा अलि सशक्तरुपमा नेपालप्रति चासो दिइरहेको र प्रभाव बढाइरहेको भन्ने भारतलाई अनुभूति भएको छ। यो निर्विवाद विषय पनि हो, जुन कुरा भारतलाई पचेको छैन। पक्कै पनि जुनरुपले चीनले सौहाद्रताका साथ नेपालको विकासको लागि सहयोगको हात बढाउन खोजेको छ, यदि त्यो पूर्ण भएको अवस्थामा नेपाल पक्कै पनि आजको स्थितिभन्दा धेरै माथि हुन्छ। तर यहाँनिर नबुझिएको कुरो के हो भने, नेपालले छिमेकी राष्ट्रबाट मात्र होइन, अन्य राष्ट्रहरूबाट प्राप्त गरिने इमानदारी सहयोगहरूको माध्यमबाट विकासको खुड्किला पार गर्न खोज्छ भने भारतको अर्घेल्याइँ किन ? अहिलेसम्म नेपाली जनताले बुझ्न नसकेको पाटो हो यो। नेपालको जति राम्रो उन्नति र विकास हुँदै जान्छ त्यति स्वत: भारतलाई पनि फाइदा पुग्ने कुरामा विमति देखिँदैन। तर बिडम्बना, यो विषयलाई जहिले पनि ओझेलमा पार्ने गरिन्छ। यस मामिलामा दुवै देशका राजनीतिक व्यवसायीहरूको भूमिका सकारात्मकरुपमा परिवर्तन हुनै पर्दछ। अबको युगको माग पनि हो यो। नेपालको भारतसँग विशेष सम्बन्ध रहेको छ। त्यसलाई निरन्तरता नै दिनु राम्रो हुने कुरामा चीनले बारम्बार स्वीकार्दै आएको तथ्यलाई पनि दुवै देशका जनताले मनन तथा अनुभूति गरिसकेको विषय हो। तथापि, नेपालको कमजोर कर्मचारीतन्त्रका कारण नेपालले यी दुई ठूला मुलुकबाट लिन सक्ने फाइदा लिन सकेको छैन।

नेपाल कुनै पनि देशसँग युद्ध गर्ने हैसियत त राख्दैन नै। नेपालको लागि शान्ति र सहअस्तित्वको मार्ग अवलम्बन गर्दै विकासको तीव्रतालाई प्राथमिकता दिँदै जानुको विकल्प छँदै छैन। त्यसको लागि दूरदृष्टि भएको सरकारको आवश्यकता छ देशमा। आफ्ना केही छोराछोरी र आफन्तहरूको लागि छात्रवृत्तिको लोभमा, सामान्य विदेश भ्रमणमा र देखावटी स्वागत सत्कारमा भुलेर विदेशीले जति हस्तक्षेप गरे पनि छुट दिइरहने बानीलाई नत्यागेसम्म देशको भलो हुनेवाला छैन।

‘वान टु वान’ कुरा गरेका नेपाली नेताहरूबाट भारतीय विदेशमन्त्रीसँग के-के विषयमा कुरा भयो, आफ्नो देशको हितबारे के-के कुरा राखियो ? खुलस्तरुपमा अझसम्म जनताको बीच ल्याएका छैनन्। राजनीतिक दृष्टिकोणले र सुरक्षाको दृष्टिकोणले एक-दुईवटा कुरा गोप्य राख्नुपर्ला तर घन्टौंसम्म भएका वार्ताहरू सबै गोप्य राख्न मिल्दैन। दुवै पक्षबाट खुलेर दुवै पक्षको हितमा कुरा भएको छ भने जनतासमक्ष खुलस्त राख्नु उपयुक्त हुन्छ। विशेष गरी भारतीय विदेशमन्त्रीले यसपालि कुन दलले निर्वाचनमा कस्तो किसिमको विजय हासिल गऱ्यो, त्यसैलाई आधार मानेर नेपालका नेताहरूलाई समय निर्धारण गरेको देखिन्छ। वाम गठबन्धनले सरकार बनाउने अवस्था पक्का भएपछि भारतीय प्रधानमन्त्रीले पटक-पटक फोन गरेर वाम नेतृत्वलाई बधाई दिँदै, सँगसँगै सहकार्य गर्दै विकासमा अगाडि बढ्ने कुरा व्यक्त गरिसक्नुभएको कुरा सार्वजनिक भैसकेको छ। यसर्थ कूटनीतिकरुपमा भारतीय विदेशमन्त्रीले मोदीको जे सन्देश ल्याएको भनिए तापनि त्यति सन्देशकै लागि मात्र चौबीस घन्टे भ्रमण भएको पक्कै होइन, त्यो पनि विनानिम्ता।

नेपालमा निर्वाचनपछि नयाँ सरकार गठन नभएको अवस्थामा भएको भारतीय विदेशमन्त्रीको यो भ्रमण र संविधान जारी गर्दाको अवस्थामा भारतीय प्रधानमन्त्रीको विशेष दूतको भ्रमणलाई एकै पारामा लिएका छन् नेपाली जनताले। विशेष गरी केपी ओली, प्रचण्ड, प्रधानमन्त्री शेरबहादुर देउवा र उपेन्द्र यादवसँग एक्लाएक्लै वार्ता भएको प्रसंग बाहिर आइसकेको छ। प्रत्येकसँग आधा घन्टादेखि लिएर एक घन्टासम्म वार्ता भएको कुरा सार्वजनिक भएको छ। पक्कै पनि एक्लाएक्लै एक घन्टा वार्ता हुनु भनेको खानेकुरामा एक-अर्काले के-के खायौ भनेर सोधिखोजी गर्ने विषय मात्र बनेन होला। दुई देशको हितमा वार्ता भएको हो भने नेपाल र भारतले भविष्यमा के-के भूमिका खेल्ने भन्ने विषयमा नै छलफल भएको हुनुपर्दछ, जुन अहिलेसम्म नेपालका कुनै पनि नेताले इमानदारीपूर्वक जनतालाई सुसूचित गराएका छैनन्। भ्रमणको सार्थक उपलब्धि के-कस्तो हुन्छ, त्यो त भविष्यले बताउने नै छ तर वर्तमानमा हल्ला चलाइएजस्तो नेपाली नेताहरू दिल्ली धाउने परम्पराको सट्टा दिल्लीबाट नेताहरू नेपाल धाउन थाले भनी गरिएको प्रचारबाजीको कुनै हौचित्य छैन। किनभने हाम्रा नेता दिल्ली धाउने र उनीहरूका नेता काठमाडौं आउनुको उद्देश्य र लक्ष्यमा आकाश-जमिनको फरक छ। यो भनिरहनुपर्ने कुरा होइन।

भारतीय विदेशमन्त्रीसँगको एक्लाएक्लै भेटवार्तामा के-के कुराको छलफल भयो भन्ने कुरा वार्तामा सहभागी नेताहरूबीच पनि आपसमा आदानप्रदान भएको जनतालाई जानकारी छैन। यस अर्थमा अविलम्ब वार्तामा बसेका नेताहरूले एउटै टेबलमा बसी सबै कुरा एक-आपसमा खुलस्त राख्नु अनिवार्य भएको छ। वार्तामा भएका सबै विषयलाई विनास्वार्थ नलुकाईकन प्रस्तुत गरिनुपर्दछ। यसले गर्दा पछि दुवै देशका प्रधानमन्त्रीबीच हुने वार्तामा नेपालको आफ्ना कुराहरू विनाहिचकिचाहट राख्न सहयोगीको भूमिका खेल्छ। नेपालले अब यस किसिमको रणनीति अवलम्बन गर्न कदापि चुक्नुहुँदैन र भारतले पनि आफ्नो पुरानो व्यवहार परिवर्तन गरी सानो छिमेकी देशको विकासमा सहकार्य गरेमा नै दुवै देशको भविष्य थप उज्ज्वल हुनेछ।

*(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

### धन्य धुर्मुस-सुन्तली !

७० लाख ऋणको भारी बोकेर धुर्मुसले नमुना बस्ती हस्तान्तरण गरे। धुर्मुस-सुन्तली फाउन्डेसनले रौतहटको सन्तपुरमा एकीकृत नमुना दलित बस्ती हस्तान्तरण गरेको छ। कलाकार दम्पती सीताराम कट्टेल ‘धुर्मुस’ र कुञ्जना घिमिरे ‘सुन्तली’ले चन्द्रपुर नगरपालिका-८ स्थित सन्तपुरका बाढीपीडित दलित परिवारका लागि भूकम्प प्रतिरोधात्मक सुविधासम्पन्न ४७ घर निर्माण गरेर फेरि एकपटक चर्चाको शिखरमा पुगेका छन्। सो एकीकृत नमुना बस्ती मंगलबार राष्ट्रपति विद्यादेवी भण्डारीले हस्तान्तरण गर्दै देशलाई समृद्ध बनाउने काम सरकारको भए पनि धुर्मुस-सुन्तलीले राज्यले गर्नुपर्ने काम गरेको भन्दै उक्त कार्य अतुलनीय रहेको बताइन्। हुन पनि सभ्य र न्यायपूर्ण समाजका लागि कलाकार दम्पतीको सक्रियतामा जुन काम भएको छ, त्यो प्रशंसायोग्य मात्र होइन उदाहरणीय पनि छ।

सुन्तली फाउन्डेसनले चौथों परियोजनाअन्तर्गत दलित बस्तीको निर्माण गरेको हो। बस्ती निर्माण गरेर धुर्मुस-सुन्तलीले दु:खको विम्ब बनेको १०७ वर्षीया रामकली हजारा पासवानको अनुहारमा अपूर्व खुशी थमाइदिए। कलाकार दम्पती आफैं खटिएर सामुदायिक भवन, मन्दिर, क्लब र दृश्यावलोकन स्तम्भसहित बस्तीलाई विकलांगमैत्री, बालमैत्री र वातावरणमैत्री बनाएर बाढीको डुबानमा परेको बस्तीको रुप नै फेरिदिए।

नेपालमा समाज सेवा भन्ने आदर्श शब्दलाई समेत केही व्यक्तिले व्यापारको माध्यमजस्तो बनाइरहेको वर्तमान परिप्रेक्ष्यमा नि:स्वार्थ सेवाको भावना लिएर धुर्मुस-सुन्तलीले जति समाज सेवा गरेर देखाएका छन्, त्यो आफैँमा अनुकरणीय साबित भएको छ। समाजसेवाको उच्च भावना, दृढ इच्छाशक्ति र निरन्तर लगनशीलताको त्रिवेणीले जस्तोसुकै असहज काम पनि सजिलै सम्पन्न हुन सक्छ भन्ने कुरा यो फाउन्डेसनले प्रमाणित गरेर देखाएको छ। करिब ५ करोड ९५ लाख रूपियाँको लागतमा बस्ती निर्माण गरेर धुर्मुस-सुन्तलीले असम्भव केही रहेनछ भन्ने पुष्टि गरेका छन्। धुर्मुस-सुन्तलीले सो बस्ती निर्माण सबै सहयोगी हातबाट सम्भव भएको जनाएका छन्। राष्ट्रिय पुन:निर्माण प्राधिकरणले भूकम्प प्रभावित परिवारलाई अझैसम्म उचित व्यवस्थापन गर्न नसकेको वर्तमान अवस्थामा सो फाउन्डेसनको अनुकरणीय कार्य देखिएको छ। समाजसेवीको बिल्ला भिरेर हिँड्नेहरूका लागि धुर्मुस-सुन्तलीले शिक्षा दिएको अनुभव गरिएको छ।

नेपालका राजनीतिक दलहरू सत्ताको खेलमा फोहोरी र प्रदूषित राजनीतिमै लिप्त छन्। लोककल्याणकारी राज्यले जनताका आधारभूत आवश्यकता पूरा गर्न ध्यान दिन नसकिरहेको सन्दर्भमा औपचारिक शिक्षा कम पाएका र राजनीतिको मैदानमा पनि नउत्रेका हास्यकलाकारद्वयले आफ्नो नियमित कार्यक्रमबाट टाढा रहेर भूकम्पपीडित तथा बाढीपीडित क्षेत्रमा गएर आफैं ढुंगा बोक्नेसम्मको काम गरेका छन्, जुन दृश्यले उनीहरूमा मानवीय संवेदना कति जागृत भएको छ भन्ने सहजै बुझ्न सकिन्छ।

उनीहरूको प्रशंसनीय कार्य देखेर उदार र समाजसेवी भावना भएका व्यक्तिहरूले आवश्यक रकम जुटाउन सहयोग गरेका थिए। सहयोग जुटाएरै राज्यले गर्नुपर्ने काम धुर्मुस-सुन्तलीले गरेका छन्, यो समृद्ध नेपाल निर्माणका लागि उदाहरणीय बन्न पुगेको छ। प्राकृतिक विपत्तिमा परेका प्रभावितलाई पुन:स्थापित गर्न सरकारी निकाय निष्क्रिय बनेपछि धुर्मुस-सुन्तली फाउन्डेसनले समाजसेवाको मैदानमा उत्रिएर सरकारको आँखा खोल्ने काम गरेको अनुभव गरिएको छ। नेपाल सरकारले छिट्टै आँखा खोलोस्।

*– सम्राट साहिल, काठमाडौं*

### नमस्कारका फाइदाहरू

नमस्कार गरेर सानो भइन्छ भन्नु गलत छ। नमस्कार गर्ने कुरा कतिपयका लागि एकदमै सामान्य हुन सक्छ, तर यो निकै विशिष्ट कला र सभ्यताको नाम हो। यो हचुवाका भरमा विकसित भएको पद्धति होइन। मान्छेले बरू पैसा नहुँदा दु:खी हुन्न, घर, भोजन र वस्त्रमा पनि सम्झौता गर्न सक्छ, तर आत्मगौरव र स्वाभिमानमा कहिल्यै पनि सम्झौता गर्न सक्दैन। हरेक व्यक्ति सम्मानित भएर बाँच्न चाहन्छ। स-साना बालबालिकाले पनि ठूला मान्छेसित झगडा गर्दछन्, ढिपी गर्दछन्। यसको अर्थ त्यहाँ उनीहरूले अभिभावकसित आफ्नो आत्मसम्मानका लागि संघर्ष गरिरहेका हुन्छन्।

नमस्कार गर्ने व्यक्ति कहिल्यै पनि घमण्डी हुँदैन, कठोर हुँदैन र अल्छी हुँदैन। उसमा प्रेम, करुणा, भक्ति, कर्मशीलता र विनयजस्ता गुण खचाखच भरिएका हुन्छन्। प्रत्येक दिन एकजना नयाँ मान्छेलाई नमस्कार गर्ने बानीको विकास गर्न सक्ने हो भने एक वर्षमा हामीले ३६५ जना आफन्त र शुभेच्छुक कमाउन सक्छौं। नमस्कार त्यस्तो मान्छेले मात्रै गर्न सक्छ, जो सरल हुन्छ, कोमल हुन्छ र लचक हुन्छ। सालको रुखजस्तै ठडिने स्वभाव भएको रूखो मान्छेले कहिल्यै पनि नमस्कार गर्न सक्दैन। उसको अहम् जम्मा भएर बसेको हुन्छ, अन्तष्करणमा। अहंको पत्रपत्र नखुलेसम्म नम्रता फुल्न गाह्रो हुन्छ।

सामान्यतया महिलामा हृदयघातको सम्भावना कम देखिन्छ। निकै थोरै महिलालाई मात्रै यो समस्या हुन्छ। उता हृदयघातको सम्भावना पुरुषहरूमा भने निकै धेरै हुन्छ। यसको सूक्ष्म निरीक्षण गर्दा के देखिन्छ भने महिलाहरू कुनै पनि कुरामा एकदम रिजिड भएर बस्दैनन्, अर्थात् उनीहरू परिस्थितिसितै समायोजित हुन सक्छन्। सारै दु:ख भयो भने रुन्छन् र हृदयभित्रको मनोवैज्ञानिक दोष आँसुले धुन्छन्। तर, रुनु भनेको नामर्द हुनु हो, कमजोर हुनु हो भन्ने पुरुषको सोच हुन्छ। जसले गर्दा भित्रको मैलो पखालिन पाउँदैन। त्यो मैलोले अन्तत: हृदय प्रदेशको स्वाभाविक गतिलाई नै अवरोध पुऱ्याउन थाल्छ र हृदयघातको सम्भावना पनि बढेर जान्छ। पुरुषहरू प्राय: हलुका हुन चाहँदैनन्। म ठूलो मान्छे, ठूलो पदको व्यक्ति, सानासित बोलें भने मेरो इज्जत जान्छ, भन्ने विचार आजको धेरै पुरुषको सोच हो। यो रुखको सोच हो, तर महिलाहरूको सोच भने बाँसको जस्तै हुन्छ। महिलाहरू बाँसजस्तै परिस्थितिसित मिल्न सक्छन्, तर मूल छोड्दैनन्। पुरुष जति मर्द भए पनि बाहिर मात्रै हो, घरभित्र हरेक स्त्रीहरू बलिया हुन्छन्। कारण, उनीहरू परिस्थितिसितै बगेर परिस्थितिलाई नै आफू अनुकूल बनाउन सक्छन्।

यस प्रकार, नमस्कार आस्तिकताको पनि संस्कार हो। आस्तिक भनेको सबैको अस्तित्वलाई स्वीकार गर्नुको नाम हो भने नास्तिक भनेको आफूबाहेक कसैको पनि अस्तित्वलाई नस्वीकार्नुको नाम हो। यदि हामी छौं भने अरू पनि छन्, यदि हामी सम्मानित हुने हो भने अरू पनि सम्मानित हुनुपर्दछ, यदि मलाई अरूले नमस्कार गर्नुपर्दछ भने मैले पनि उनीहरूलाई नमस्कार गर्नुपर्दछ भन्नु नै आस्तिकता हो। नमस्कारले यसरी हामीलाई आस्तिक हुनका लागि पनि प्रेरणा प्रदान गर्दछ। आफूलाई नैतिकवान् बनाउन सघाउँछ।

*– अमृत ‘अन्जान’, काठमाडौं*

## सामाजिक सञ्जाल



मेरो मातृभाषा मैथिली हो। म पर्सादेखि सप्तरीसम्मका साथीसँग मैथिली भाषामा कुरा गर्छु। न मलाई भोजपुरी बुझ्न समस्या छ, न बज्जिका। सप्तरीदेखि पर्सासम्म एक-अर्काको मातृभाषा नबुझ्ने शायदै कोही होला। त्यसैले मातृभाषा मास्नका लागि हिन्दी भाषा जबरजस्ती नलादौं।

**Suresh kumar yadav**
**@journalist_GOP**



सच्चा प्रेमी जोडीहरूको लागि प्रेम प्रस्ताव राख्न र प्रेम गर्नका लागि कुनै प्रेम दिवसको दिन कुरेर बस्नुपर्ने आवश्यक हुँदैन। त्यसका लागि चोखो मन अनि सच्चा प्रेम भए पुग्छ।

**Shakti nyoupane**
**@ShaktiNyoupane**



{ प्रहरीले राजधानीमा पाकेट मार्दै गरेको अवस्थामा भक्तपुरकी अस्मिता श्रेष्ठलाई नियन्त्रणमा लिएपछि उनले समूह नै बनाएर सक्रिय भएको प्रहरीलाई बयान दिएकी थिइन्।

# नेपाल

## आनन्द वनमा अन्तर्राष्ट्रियस्तरको ट्रमा सेन्टर बन्ने

सुरेश तामाङ, ललितपुर

गोदावरी नगरपालिकाको टीकाभैरवमा रहेको आनन्द वन अस्पतालमा अन्तर्राष्ट्रियस्तरको ट्रमा सेन्टर बन्ने भएको छ। ट्रमा सेन्टर स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढिसकेको अस्पताल प्रशासनले जनाएको छ।

अस्पतालका मेडिकल डाइरेक्टर डा.इन्द्र नापितले अस्पताललाई अभिवृद्धि गर्दै सेवाग्राहीलाई थप स्वास्थ्य सेवा दिन अस्पतालले ट्रमा सेन्टरको परिकल्पना गरेको बताउनुभयो।

'हामीले हालको अस्पतालको संरचनालाई पूरै परिवर्तन गर्ने हेतुले गुरुयोजना बनाएका छौं। त्यसभित्र यो ट्रमा सेन्टर पनि परेको छ', उहाँले भन्नुभयो- 'विशेष गरी हामीले यहाँ अन्तर्राष्ट्रियस्तरको ट्रमा सेन्टर बनाउन लागेका छौं।' यसको लागि प्रक्रिया लगभग अन्तिम चरणमा पुगेको अस्पताल प्रशासनले जनाएको छ।

सन् २०१८ को फेब्रुअरी महिनाको अन्तिमदेखि शुरू गरी सन् २०२० सम्म २ वर्षभित्र ट्रमा सेन्टर बनाउने योजना सम्पन्न गर्न ट्रमा सेन्टरका लागि डिजाइन, सर्भेलगायतका काम अन्तिम चरणमा रहेको उहाँले बताउनुभयो।

अमेरिकन लेप्रोसी मिसनको प्रत्यक्ष सहयोगमा बन्न लागिएको सो सेन्टरलाई यूएसएडलगायतका विभिन्न दातृ संघसंस्थाको आर्थिक सहयोग हुने अस्पतालले जनाएको छ।

तीन तले भवन पूर्णरूपमा भूकम्पप्रतिरोधी बन्ने विश्वास अस्पतालले लिएको छ। सो भवन अत्याधुनिक रहने बताइएको छ। ४० शैय्याको क्षमता रहने सो भवनमा मातृशिशु वार्ड, शिशु वार्ड, ईमर्जेन्सी, अत्याधुनिक तवरका २ वटा अप्रेसन कक्ष, भेन्टिलेसनसहितको एनआईसीयू र आईसीयू रहने अस्पतालले जनाएको छ।

युरोपियन स्ट्यान्डर्डमा बन्ने सो भवनको संरचनामा जाडो समयमा न्यानो र गर्मी समयमा चिसो हुने विशेषता जडित हुनेछ। भवन पूर्णरूपमा अपांगमैत्री बन्नेछ। अस्पताल अग्नि नियन्त्रणका लागि फायर फाइटिङ सिस्टमसमेत जडान हुनेछ।

हाल हाडजोर्नी विशेषज्ञ, छाला रोग विशेषज्ञ, बाल रोग विशेषज्ञ, जनरल सेवा विशेषज्ञ, मनोरोग विमर्शकर्ताले सेवा दिइरहेको सो अस्पतालमा ट्रमा सेन्टर बनेपछि स्त्रीरोग विशेषज्ञ थपेर सहुलियत दरमा सेवा दिने अस्पतालले जनाएको छ।

विनाशकारी भूकम्पमा ६ हजारभन्दा बढी भूकम्पपीडित बिमारीलाई प्रत्यक्ष स्वास्थ्य सेवा दिएको यस अस्पतालले १ सय २५ जना जटिल प्रकृतिका ट्रमाका बिमारीलाई समेत सेवा दिइसकेको अस्पतालले जनाएको छ।

अस्पताल स्थापनाको ६० वर्ष पूरा भइसकेको अवसरमा अस्पतालले अस्पतालको सम्पूर्ण संरचनालाई परिवर्तन गर्दै अन्तर्राष्ट्रिय मापदण्डअनुसारको संरचना बनाउने योजना बनाएको छ।

कुष्ठरोगीलाई उपचार सहयोग गर्दै स्वावलम्वन बनाउने उद्देश्यले सन् १९५७ मा लेले टीकाभैरवमा आनन्द वन अस्पतालको स्थापना भएको हो।

६० वर्षको दौरानमा अस्पतालले २० हजार २ सय ९० जना कुष्ठरोगीलाई उपचार गराएको तथ्यांक अस्पतालसँग छ। अस्पतालले वार्षिकरूपमा ३५ हजारभन्दा बढी सेवाग्राहीलाई बहिरंग स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ। अस्पतालले हाल जनरल मेडिसिन, छाला, यौन तथा कुष्ठरोग, हाडजोर्नी तथा नशा रोग, बाल रोग तथा खोप सेवा, जनरल यूरो सर्जन र फिजियोथेरापीलगायतका सेवा दिँदै आइरहेको छ।

त्यस्तै कुष्ठरोगको जिवाणुसम्बन्धी अनुसन्धानमा विशेष दखल राख्ने विशेषज्ञहरूबाट अनुसन्धानका लागि प्रख्यात प्रयोगशालाबाट अस्पतालले प्रयोगशालासम्बन्धी सेवा पनि दिँदै आइरहेको छ।

कुष्ठरोग, हाडजोर्नी र छालालगायतका बिरामी देशभरमा यस अस्पतालमा स्वास्थ्य सेवा लिन आउने गरेको अस्पतालले जनाएको छ। अस्पतालमा हाल प्रसूति सेवा, आईसीयूलगायतका अत्याधुनिक सेवाको आवश्यकता परे पनि उपलब्ध नभएका कारण बिमारीहरूलाई पाटन पुऱ्याउनुपर्ने बाध्यता रहेको छ। यस अस्पतालमा अत्याधुनिक ट्रमा सेन्टर बने उपलब्ध हुने स्वास्थ्य सेवाबाट सेवाग्राही लावान्वित हुने अस्पतालले जनाएको छ।

## राजधानीमा पाकेटमारको बिगबिगी

### ६० पाकेटमार पक्राउ

काठमाडौं, (नेस)

राजधानीमा पाकेटमार्नेको ग्याङ फेरि सक्रिय हुन थालेको छ। प्रहरीले राजधानीमा सक्रिय पाकेटमारको समूहलाई ध्वस्त बनाएपछि छिन्न भिन्न भएको सो समूह पुनः सक्रिय हुन थालेको छ। प्रहरीले पाकेटमारीमा महिलाको पनि सहभागिता हुन थालेको फेला पारेको छ।

प्रहरीले राजधानीमा पाकेटमार्दै गरेको अवस्थामा भक्तपुरकी अस्मिता श्रेष्ठलाई नियन्त्रणमा लिएपछि उनले समूह नै बनाएर सक्रिय भएको प्रहरीलाई बयान दिएकी थिइन्।

प्रहरीले श्रेष्ठको ग्याङमा संलग्न रहेका सुशासन शाक्य र सुरज राईलाई पक्राउ गरेको छ। श्रेष्ठले पाकेट मारेर संकलन भएको पैसा बेलुकी बाँड्ने गरेको पनि प्रहरीलाई बयान दिएका छन्।

श्रेष्ठले पाकेटमारीमा आफूमात्र नभएर आफ्नो समूह नै सक्रिय रहेको बताएपछि ग्याङका अन्य युवालाई पनि नियन्त्रणमा लिएको महानगरीय प्रहरी वृत्त जनसेवाका प्रमुख प्रहरी नायव उपरीक्षक मोहन थापाले जानकारी दिनुभयो।

राजधानीमा पाकेटमारीको घटना हुन थालेपछि महानगरीय प्रहरी परिसर काठमाडौंले मातहतका सबै निकायलाई बढी भीडभाड हुने क्षेत्रमा निगरानी बढाउन निर्देशन दिएको छ। परिसरका प्रवक्ता रामदत्त जोशीले पाकेटमार्ने गिरोह अहिले पुनः सक्रिय हुन थालेको सूचना पाएपछि सबै प्रहरी युनिटलाई सक्रिय हुन र पाकेटमारको खोजी गर्न निर्देशन दिएको बताउनुभयो।

प्रहरीले चलाएको अपरेसनमा झण्डै ६० भन्दा बढी पाकेटमार पक्राउ परिसकेका छन्। उनीहरूलाई सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाइने पनि परिसरले जानकारी दिएको छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**डिभिजन कार्यालय,नुवाकोट**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७४।१०।२६

यस डिभिजन कार्यालयबाट मिति २०७४।०७।१५ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीको लागि बोलपत्र मूल्याङ्कन समितिबाट छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| खरिद नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम ठेगाना | कबोल अंक रु (VAT बाहेक) |
|---|---|---|---|
| DUDBC/Nuwakot/NCB/Works/01/2074/75 | Construction of Fish Research Centre Building, Trishuli.Bidur-9 (Silttanki),Nuwakot | Purna Chandra Nirman Sewa, (Bidur-1,Nuwakot) | 1,96,32,946.59 |

**डिभिजन प्रमुख**

**Pyuthan Municipality**
**Office of the Municipal Executive**
**Bijuwar , Pyuthan**

**INVITATION FOR SEALED BIDS/SEALED QUOTATION**

**First Date of Publication: 2074/10/26 B.S (9th Feb 2018 AD)**

1. Office of the municipal executive , Pyuthan (O M E Pyuthan) has received grant from **GON** for construction Bijuwar Mitramanichowk to Administrative Building of Pyuthan Municipality Premix carpeting pavement Road ,Jhimruk River Training Work ( Damti Area) , Improvement Of Land field site and Approach Road ,Supply Of CGI sheet & Supply Of Gabion Box and OME Pyuthan intends to apply the funds to cover eligible payments under the contract for construction of works and further MOE Pyuthan allocates fund . Bidding is open to all eligible Nepalese Bidders.
2. The OME Pyuthan invites sealed bids/quotation from registered eligible bidders for the construction of Bijuwar Mitramanichowk to Administrative Building of Pyuthan Municipality Premix carpeting pavement Road ,Jhimruk River Training Work ( Damti Area) , Improvement Of Land field site and Approach Road, Supply Of CGI sheet & Supply Of Gabion Box . .
3. The Bidder having valid firm registration, VAT/PAN registration certificates, tax clearance certificate up to FY 2073/074 are eligible for bidding.
4. Interested eligible Bidders may obtain further information and inspect the bidding documents at pyuthan municipality Office, Pyuthan Phone No. 086-460291 or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/EGP.
5. Bidding Documents may be purchased from the office of theO M E, Pyuthan by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as stated below for bid document within office hour of **2074/11/25** &**Incase of Contract No** 5 Bidding Documents may be purchased from the office of theO M E, Pyuthan by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as stated below for bid document within office hour of **2074/11/10** OR Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or from PPMO's Web Site www.bolpatra.gov.np/EGP. Bidders, submitting their bid electronically, should deposit the cost of Three thousand of bidding document in the M E Pyuthan's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Name of Bank: Nepal Bank Limited, Khalanga, Pyuthan**
   **Name of Office: Pyuthan Municipality**
   **Office of Municipal Executive , Bijuwar,Pyuthan**
   Revenue Account: **05203000000004001159** & Deposit Account: **05203000000003000024**
6. **Incase of Contract no 1-4** Bids must be submitted to the Office of the municipal executive Pyuthan on or before **12:00** hrs on **2074/11/27 &,Incase of contract no 5 Bid Must be summited** to the Office of the municipal executive Pyuthan on or before **12:00** hrs on **2074/11/11**, bidders may submit their bid electronically through E-Procurement section of PPMO's Web Site **http://www.bolpatra.gov.np/Egp** as specified in the Instruction to Bidders. Documents received after deadline will not be accepted.
7. The bids will be opened physically and electronically in the presence of Bidders' representatives who choose to attend at **13:00** hrs on **2074/11/27 .Incase of Contract no. 5 Bid should be opened at 13:00 Hrs On 2074/11/11** at OOME, Pyuthan Bijuwar. Bids must be valid for a period of 90 days after the deadline for bid submission date and must be accompanied by minimum bid security amount listed below, which shall be valid for 30 days beyond the bid validity period. In case of Contract no 5 Bid Must be valid For a Period of 75 days after the deadline for bid submission date & must be accompanied by minimum bid security amount listed below, which shall be valid for 30 days beyond the bid validity period
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. In the Case of contract no 01to 04 the Pre-bid Meeting shall be held at OOME, Pyuthan on **2074/11/12 at 13:00** hrs
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The name and identification of the contract are as follows:

| SNo | Contract ID No | Description of Work | Estimated Amount (Excluding VAT & Contingencies) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 01-Mun-2074-75/Road | Bijuwar Mitramanichowk To Administrative Building of Pyuthan municipality Premix carpeting Pavement Road | 11049630.62 | 325000 | 3000 | Sealed Bid |
| 2 | 02-mun-2074-75/RT | Jhimruk River Training work (Damti Area ) | 6616074.46 | 194500 | 3000 | Sealed Bid |
| 3 | 03-Mun-2073-74/LF | Improvement Of land Field site & Approach Road | 2211417.74 | 65000 | 3000 | Sealed Bid |
| 4 | 04-Mun-2073-74/CGIS | Supply Of Colour CGI sheet | 2566374 | 73000 | 3000 | Sealed Bid |
| 5 | 05-Mun-2073-74/GABS | Supply Of Machine Made Gabion Box | 1327665 | 39500 | 1000 | Sealed Quotation |

**Chief Administrative Officer**
**Pyuthan Municipality**
**Office of the Municipal Executive**

## 'राष्ट्रवाद : भ्रम कि यथार्थ' पुस्तक विमोचन



काठमाडौं, (नेस)

नागरिकता बचाऔं अभियानका अभियन्ता गोविन्द बेल्वासेद्वारा लिखित पुस्तक राष्ट्रवाद : भ्रम कि यथार्थ' को विमोचन गरिएको छ। आयोजित एक कार्यक्रमका बीच उक्त पुस्तकको विमोचन गरियो।

नागरिकता बचाऔं अभियानको आयोजनामा सम्पन्न विमोचन कार्यक्रमबीच कानुन प्रोफेसर कृष्ण बेल्वासे र पूर्वकानुन सचिव मोहन बन्जाडेले पुस्तकको गहिराई नापेर यसले समाजलाई ठूलो योगदान पुऱ्याउने ठोकुवा गरे।

कार्यक्रममा पूर्वसचिव डा. केशव कँडेल, सिँचाइ विशेषज्ञ तथा सहसचिव माधव बेल्वासे र कृष्ण बेल्वासे, वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा, दुरसञ्चार विशेषज्ञ भेषराज कँडेल, नेपाली प्रतिभा प्रतिष्ठान बेलायतका अध्यक्ष दयाकृष्ण राईलगायतको उपस्थिति रहेको थियो।

तीन भागमा विभाजित गरिएको पुस्तकमा नागरिकसँग राष्ट्रको सम्बन्ध, लेखकका नागरिकतासम्बन्धी अनुभव र अनुभूतिहरूका साथै कानुनी जटिलता र व्यावहारिक कठिनाइका विषयलाई सरल र मीठो भाषामा उल्लेख गरिएको छ।

दिन प्रतिदिन मध्यम वर्ग र श्रमजीवीहरू विदेश जाने क्रम जारी रहेको वर्तमान परिस्थितिमा हाम्रा परम्परागत सामाजिक मान्यता र संस्कृति समायोजन हुन जरुरी देखिएका छन्। थुप्रै नेपाली विदेशमा बस्न थालेका छन्।

विप्रेषण (रेमिट्यान्स) विना देश चल्नै नसक्ने अवस्थामा पुगेको छ। त्यसै परिप्रेक्षमा परम्परागत राष्ट्रवादको मान्यता वर्तमान सामाजिक स्वरुप, कानुन र न्यायका दृष्टिले पनि फरक देखिएको विषयलाई पुस्तकले समेटेको छ।

## बसको ठक्करबाट युवतीको मृत्यु

काठमाडौं, (नेस)। सिनामंगलमा बा२ख ५४२१ नम्बरको बसले बा८० प ३७८० नम्बरको मोटरसाइकललाई बिहीबार ठक्कर दिँदा गम्भीर घाइते भएकी मोटरसाइकलमा सवार सुनसरीको इटहरी बस्ने १९ वर्षीया रविना ओझाको केएमसी अस्पताल सिनामंगलमा उपचारका क्रममा मृत्यु भएको छ। बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**वृष** : धनलाभ, मान-सम्मान, इज्जत-प्रतिष्ठा बढ्ने, समस्या समाधान।
**मिथुन** : आर्थिक लाभ, प्रतिस्पर्धा एवम् परीक्षा प्रतियोगितामा सफलता।
**कर्कट** : बाथजन्य रोगको भय, कार्य असफल, शोकसन्ताप, तनाव।
**सिंह** : पेटको खराबी, पारिवारिक विवाद, निरर्थक घुमफिर, अस्तव्यस्तता।
**कन्या** : आर्थिक लाभ, मान-सम्मान, पढाइमा सफलता, मान वृद्धि।
**तुला** : धनहानि, व्यर्थको खर्च, मानसिक चञ्चलता, आँखामा समस्या।
**वृश्चिक** : पुरस्कार, उपहारादि वस्तु प्राप्ति, धनलाभ, कार्य सफल।
**धनु** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**मकर** : पैसा प्राप्ति, उत्तम भोजन, परिवार-सुख।
**कुम्भ** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**मीन** : राज्यको भय, इज्जत-प्रतिष्ठामा ह्रास, चिन्ता, तनाव बढ्नेछ।

# नेपाल

‘बिरामीलाई स्वास्थ्य चौकीमा उपचार भएन भने वनमा लैजान्छौं’, सुरक्षाकर्मीको कौतूहलता मेटाउँदै उनले भनिन्- ‘मरेपछि गाड्न।’ त्यहाँ उपचार नपाएपछि मर्नुको विकल्प नरहेको उनको भनाइले बुझाएको थियो।

## विप्लव माओवादीको जनसत्ता ब्युँताउने घोषणा

**मोतीराम तिमल्सिना, काभ्रे**

नेपाल कम्युनिस्ट पार्टी ‘विप्लप’ को ताम्सालिङ स्वायत्त प्रदेशले पत्रकार सम्मेलन गरी आगामी फागुन १ गतेदेखि जनसत्ता ब्युँताउने घोषणा गरेको छ। जनसत्ता ब्युँतिएसँगै सरकारी र गैरसरकारी निकायले जनसत्ताको अनुमति र सहमतिविना कुनै कार्यक्रम नगर्न चेतावनी दिएको छ।

ताम्सालिङ स्वायत्त प्रदेश जनपरिषद्का प्रमुख मणिक लामाले २२ बुँदे ध्यानाकर्षण पत्र सार्वजनिक गर्दै उक्त चेतावनी दिएका हुन्। ‘यतिखेर नयाँ संरचनाका नाममा ८ सय ८४ जना व्यक्तिलाई सत्ताको बागडोरमा पुऱ्याइँदैछ’, मणिकले भने- ‘यो मुलुकले यति ठूलो जनशक्ति धान्न सक्दैन। त्यसैले यसको भंग र जनताका आधारभूत आवश्यकताका मागहरू पूरा गर्न ध्यानाकर्षण गराउँछौं।’ माओवादीले सञ्चालन गरेको युद्धमा जस्तै ताम्सालिङ स्वायत्त प्रदेश जनसत्ताको एउटा रुप भएको मणिकले बताए। ताम्सालिङ प्रदेशमा १० वटा जिल्ला रहेको पत्रकार सम्मेलनमा जानकारी दिए। यस प्रदेशमा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर, काठमाडौं, नुवाकोट, धादिङ, रसुवा, चितवन, मकवानपुर जिल्ला पर्दछन्।

ध्यानाकर्षण पत्रको २२ नम्बर बुँदामा जनसत्ताको अनुमति र सहमतिविना कुनै पनि कार्यक्रमहरू गर्न गराउन निषेध गरिने उल्लेख गरिएको छ। त्यस्तै स्थानीय गाउँ तथा नगरपालिकाबाट विभिन्न सिफारिसको नाममा लिने दस्तुर, कर खारेजीको माग गरेको छ। नगर र गाउँपालिकाबाट गाडी खरिदलगायतमा भइरहेको भ्रष्टाचार तुरुन्त छानविनको दायरामा ल्याउनुका साथै उपभोक्ता समितिको नामबाट भइरहेको व्यापक भ्रष्टाचार र अनियमिततालाई रोक्न माग गरिएको छ।

मालपोत/नापीबाट भइरहेको अनियमिता, ढिलासुस्ती र भ्रष्टाचार रोकी सर्वसुलभ सेवा प्रदान गर्न, भारतीय साम्राज्यवादबाट गरिएका सीमा अतिक्रमण तुरुन्त बन्द गर्न, गुण्डागर्दी नियन्त्रण गर्न, जग्गा खण्डीकरण र प्लटिङ कार्यमा रोक्न माग गरेका छन्। भूकम्पपीडितहरूको पक्षमा तत्काल ध्यान दिन माग गर्दै जनसत्ताले गरेका निर्णयलाई कार्यान्वयनमा ल्याउन माग गरिएको छ। तत्काल यस्ता गतिविधिहरूलाई नियन्त्रण गर्न सरकारसँग माग गरिएको छ। जनसत्ताका निर्णयहरू पूरा नभए पहिलो चरणमा सचेत गराउने, दोस्रो चरणमा कालोमोसो दल्ने र तस्रो चरणमा जनकारवाही गर्ने घोषणा गरेका छन्।

धुलिखेल अस्पताललगायतका केही स्वास्थ्य र शिक्षण संस्थामा चरम अनियमितता भएको भन्दै तत्काल रोक्न उनीहरूले माग गरेका छन्। पत्रकार सम्मेलनमा पार्टीका जिल्ला सेक्रेटरी अग्रिम, कान्छा तामाङ, ब्युरो सदस्य अर्थमान लामालगायतले जनसत्ताले गरेका निर्णयहरू कार्यान्वयन गर्न चेतावनी दिएका छन्।

## गाउँका स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर नहुँदा समस्या

**धनवीर दाहाल, रुकुम**

सरकारले सबै स्वास्थ्य चौकीमा सुरक्षित सुत्केरी बनाउन सकिने बर्थिङ सेन्टरको व्यवस्था गरिने घोषणा गरे पनि रुकुमका विकट ठाउँमा बर्थिङ सेन्टर नहुँदा समस्या भएको छ।

स्वास्थ्य चौकीमा दरबन्दी पूरा भए पनि भनेअनुसारको भौतिक पूर्वाधार र आवश्यक सामग्री नहुँदा सुरक्षित सुत्केरी बनाउनका लागि सदरमुकाम मुसिकोट पुऱ्याउनुपर्ने बाध्यता भएको स्थानीयको दुखेसो छ। त्रिवेणी गाउँपालिका-८ मा रहेको पेउघा स्वास्थ्य चौकीमा सुरक्षित सुत्केरी बनाउनका लागि प्रसूति गृह नभएपछि सदरमुकाम पुऱ्याउन बाध्य भएको स्थानीय वीरबहादुर खड्काले बताउनुभयो। कच्ची सडक भएकाले भनेको समयमा गाडी पनि नपाइने र डोकोमा बोकेर सुरिक्षत सुत्केरी बनाउन सदरमुकाम धाउनुपर्ने वर्षौंको पीडा अहिले पनि उस्तै भएको उहाँले बताउनुभयो।

प्रसूति गृह बनाउनका लागि आफूहरूले प्रयास गरे पनि विविध कारणले प्रयास सफल नभएको भए पनि जिल्ला स्वास्थ्य कार्यालयसँग र स्थानीय तहसँग समन्वय गरेर प्रसूति गृह बनाउन पहल गरिने पेउघा स्वास्थ्य चौकीका इन्चार्ज नरसिंह पुनले बताउनुभयो। यस्तो अवस्थासम्म जिल्ला स्वास्थ्य कार्यालयले वास्ता नगरेको उहाँको गुनासो छ। सरकारले सबै स्वास्थ्य चौकीमा ४५ प्रकारका औषधि उपलब्ध गराउने भने पनि गाउँस्तरका स्वास्थ्य चौकीमा ३८ प्रकारकामात्र औषधि उपलब्ध भएको स्वास्थ्यकर्मीले समेत बताएका छन्। नि:शुल्करूपमा पाइने औषधि पनि सहजरूपमा आफूहरूले नपाएको दु:खेसो पनि स्थानीयको उत्तिकै छ।

यता जिल्ला अस्पताल रुकुमलाई आधुनिकीकरण र १५ शैय्याबाट ५० शैय्याको अस्पताल बनाउन पहल थालिएको बताएको भनिए पनि हालसम्म त्यसको प्रगति के कति भयो भन्ने विषयमा सरोकारवाला कसैले कुनै पनि कुरा सार्वजनिक गरेका छैनन्। सरकारले हरेक स्थानीय तहमा ५० शैय्याको अस्पताल बनाउने घोषणा गरेको भए पनि २०४५ सालमा बनेको जिल्ला अस्पताल १५ शैय्याबाट अझै पनि बढ्न सकेको छैन। तर जिल्ला अस्पताल विकास समितिले यथाशीघ्र ५० शैय्याको बनाउन पहल गरिरहेको जिल्ला अस्पताल रुकुमका अध्यक्ष शिवलाल आचार्यले जानकारी दिनुभयो।

यस्तै सरकारले स्वास्थ्य संस्थाको क्षमता वृद्धि सँगै दुर्गमका जनताहरूलाई जतिसक्दो बढी सेवा दिने उद्देश्यले केही नयाँ नीति तथा कार्यक्रमहरू सार्वजनिक गरेको भए पनि रुकुममा भने पूर्णरूपमा कार्यान्यवयन भएको देखिँदैन। जिल्ला अस्पतालमा सरकारले सञ्चालन गरेको सशुल्क फार्मेसी सेवा तथा सरकारको स्वास्थ्यसम्बन्धीको नीति तथा कार्यक्रमबारे रुकुमका स्थानीयलाई भने केही जानकारी छैन।

## शिक्षाका कर्मचारी खै ?

बैतडी (नेस) । बैतडीका ७ वटा स्थानीय तहमा शिक्षाका कर्मचारी अझै खटाइएका छैनन्। अधिकृतस्तरको शिक्षाका कर्मचारी स्थानीय तहमा खटाउनुपर्ने व्यवस्था भए पनि अहिले शिक्षाका कर्मचारी खटाउन नसकिएको जिल्ला शिक्षा कार्यालय बैतडीका विद्यालय निरीक्षक शंकरदत्त जोशीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- ‘स्थानीय तहमा शिक्षा मन्त्रालय आफैंले कर्मचारी खटाउने भए पनि बैतडीमा भने कर्मचारीको अभाव रहेको छ।’ दशरथचन्द नगरपालिका, पाटन नगरपालिका र दोगडाकेदार गाउँपालिकाबाहेकका स्थानीय तहमा शिक्षाका अधिकृतस्तरको कर्मचारी छैनन्।

खटाएका कर्मचारीहरूले पनि जिल्ला शिक्षा कार्यालयबाटै काम गरिरहेका छन्। गाउँपालिकाका शिक्षाको अधिकृतस्तरका कर्मचारी नहुँदा शिक्षा नीति नियम बनाउन र कार्यक्रम अघि बढाउन गाह्रो भएको पञ्चेश्वर गाउँपालिकाका अध्यक्ष गोरखबहादुर चन्दले बताउनुभयो। उहाँले भन्नुभयो- ‘शिक्षकहरूलाई तलब खुवाउनबाहेक शिक्षाको क्षेत्रमा अरु काम गर्न सकिएको छैन।’

## पूर्ण सरसफाईउन्मूख घोषणा

इलाम, (नेस)

सरकारले नेपाललाई सन् २०३० सम्म पूर्ण सरसफाईयुक्त देश बनाउने लक्ष्यका साथ काम गरिरहेको छ। इलाममा पनि पूर्ण सरसफाई सम्बन्धिका कार्यक्रमहरू गाउँ-गाउँमा सञ्चालित छ। जिल्लालाई सन् २०२५ सम्म पूर्ण सरसफाईउन्मूख जिल्ला घोषणा गर्ने लक्ष्य रहेको छ।

इलाममा ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (फनबोर्ड) को आर्थिक सहयोगमा हालसम्म जिल्लाका साविकका छ वटा गाविसलाई पूर्ण सरसफाईउन्मूख गाविस घोषणा गरिसकिएको छ। फनबोर्डले सरसफाईसम्बन्धी काम गर्दै आएका साविकका आठ वटा गाविसमध्ये छ वटामा घोषणा गरिसकेको हो। सरसफाईसम्बन्धी सहजीकरण गर्दै आएको सुनगाभा विकास संस्थाको अगुवाईमा हालसम्म प्याङ, साक्फारा, इभाङ, नयाँबजार, इरौंटार र जीतपुर गाविसलाई सरसफाईउन्मूख गाविस घोषणा गरिसकिएको छ। अब यही महिनाभित्रमा बाँकी रहेका साविकका दुई वटा चमैता र इभाङ गाविसलाई घोषणा गरिने संस्थाका सरसफाई अधिकृत सरोज फागोले बताउनुभयो। आठ गाविसमा अठार महिनासम्म सञ्चालन भएको पूर्ण सरसफाई कार्यक्रम २०७३ साल साउन महिनाबाट शुरू भएको हो।

पूर्ण सरसफाई गाविस हुनका लागि पाँच प्लस एक सूचकहरू पूरा हुनुपर्छ। जसअनुसार ८० प्रतिशत सूचकहरू पूरा भइसकेपछि पूर्ण सरसफाईउन्मूख गाविस घोषणा गरिँदै आएको फागोको भनाइ छ। सरसफाईका सूचकहरू पूरा भए नभएको भन्ने बारेमा जिल्लास्तरमा गठित जिल्ला खानेपानी तथा स्वचछता समन्वय समितिको कार्यदलका प्रतिनिधिले अनुगमन गरेको थियो। पूर्ण सरसफाई कार्यक्रममा फनबोर्डले प्रति गाविस डेढ लाख र सम्बन्धित गाविसले डेढ लाख रुपियाँ गरी जम्मा तीन लाख रुपियाँका दरले प्रति गाविसमा पूर्ण सरसफाईको कार्यक्रम भएको छ।

## उपचार नपाएपछि वनमा

**रोशन पराजुली, हेटौंडा**

मकवानपुरको अतिविकट कैलाश गाउँपालिकाको राक्सिराङमा एक महिलाले सुरक्षाकर्मीको गाडीलाई हात हल्लाउँदै राक्ने प्रयास गरिन्। करिब १० महिने शिशु च्याप्दै गाडी रोक्न अनुरोध गरेकी उनले भनिन्- ‘छोरा बिरामी छ। उसलाई कालीकाटार स्वास्थ्य चौकीसम्म लगिदिनुस् न।’ उनी थिइन् हीरामाया प्रजा।



त्यो समय उनका लागि बलवान् बनिदियो, किनकि बिरामीलाई ३ घण्टा बोकेर लैजानुपर्नेमा गाडी भेटेपछि छोरा बाँच्छन् कि भन्ने केही आश उनमा पलाएको थियो। सुरक्षाकर्मी टोलीले उनका बिरामी छोरासहित ३ छोरा र एक छोरीलाई गाडीमा राखेर स्वास्थ्य चौकीसम्म लगिदियो।

करिब ४० वर्षीया प्रजाको गाडी चढिसकेपछि आँखाभरि आँसु टल्पलाएको थियो। जति प्रयास गरे पनि आँसु रोक्न नसकेकी उनी हिम्मत गर्दै मुस्कुराइन्। भनिन्- ‘बिरामी पर्दा जहिले हिँडेर जानुपर्छ, आज गाडी त भगवान्ले जुराए।’ १३ वर्षीय साईंला छोरालाई जँचाउन हिँडेकी उनी सुरक्षाकर्मीसँग आफ्नो दु:खेसो पोख्दै भन्छिन्- ‘स्वास्थ्य चौकीसम्म बिरामीलाई हिँडाउँदा बिरामी त झन् सिकिस्तै हुन्छन्। बिरामी लिएर जाने पनि बिरामी भएर जचाउनुपर्ने बाध्यता सधैं भोग्नुपर्छ।’

हेटौंडा बजार दुई पटक आएकी उनी उपचारका लागि कालीकाटर नै धाउँछिन्। ‘बिरामीलाई स्वास्थ्य चौकीमा उपचार भएन भने वनमा लैजान्छौं’, सुरक्षाकर्मीको कौतूहलता मेटाउँदै उनले भनिन्- ‘मरेपछि गाड्न।’ त्यहाँ उपचार नपाएपछि मर्नुको विकल्प नरहेको उनको भनाइले बुझाएको थियो।

गाउँबाट उपचारका लागि स्वास्थ्य चौकीसम्म लैजाँदा कतिको त बाटोमै मृत्यु हुने गरेको अनि कति उपचारका लागि ढिला हुने भएका कारण घरमा नै ज्यान गुमाउने छन्। उनका अनुसार बूढापाका र बच्चाहरूको यसरी ज्यान जाने गरेको छ।

अरुको जस्तै नेताहरूप्रति उनको पनि गुनासो रहेछ। ‘गाउँमा आउँछन्, गर्छु-गर्छु भन्छन्। तर, कसैले गर्दैनन्’ -उनले भनिन्। चुनाव भइरहन्छ, तर उनीहरूको दु:ख कसैले हेर्दैनन्।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसंगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

NEPAL SAMACHARPATRA

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४१३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३,४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४१३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, माघ
शुक्रबार
२६

मुख्य मन्त्रीको आवास अख्तियार दुरुपयोग अनुसन्धान आयोग भवनमा रहनेछ। अख्तियार भने आफ्नै नयाँ भवनमा सरेपछि भवन खाली छ। सभामुख र उपसभामुख सडक डिभिजन कार्यालयको कम्प्लेक्समा रहने व्यवस्था मिलाइएको छ।

# नेपाल

# सांसदलाई क्वार्टरको व्यवस्था मिलाउँदै उपमहानगर

रोशन पराजुली, हेटौंडा

तीन नम्बर प्रदेशको अस्थायी राजधानी हेटौंडा तोकिएको छ। यसलाई स्थायी बनाउन प्रदेश सांसदहरूको मत आवश्यक पर्ने भएकाले उहाँहरूलाई हेटौंडातर्फ आकर्षित गर्न स्थानीय निकायले उपाय अपनाउँदैछ।

हेटौंडा आउने सांसदहरूलाई भाडाको घरमा बस्नु नपर्ने गरी हेटौंडा उपमहानगरपालिकाले व्यवस्था मिलाउँदै गरेको हो। अन्य ६ प्रदेश सदस्यलाई घर/कोठा भाडामा लिएर बस्नुपर्ने बाध्यता भइरहेको समयमा हेटौंडामा भने प्रदेशका सबै सांसदलाई सरकारी क्वार्टर व्यवस्था गर्ने गरी काम थालनी गरिएको हो।

प्रतिनिधिसभा सांसद र अन्य ६ प्रदेशका सांसदहरू राजधानीहरूमा कोठा खाजेर भौतारिँदै छन्। तर, हेटौंडामा भने सरकारी संरचना धेरै भएकाले सबै सांसदलाई सरकारी घरमा राख्न सजिलो हुने भएको हो।

हेटौंडामा रहेका करिब एक दर्जन बढी सरकारी संरचनामा प्रदेश सांसदहरूलाई बस्ने गरी व्यवस्था गर्न लागिएको हेटौंडा उपमहानगरका मेयर हरिबहादुर महतले बताउनुभयो। ३ नम्बर प्रदेशका मन्त्री र सचिवहरूलाई राख्न यहाँका विभिन्न सरकारी संरचनाको क्वार्टर व्यवस्था गरिएको छ। अन्य सरकारी संरचनामा प्रदेश सांसदहरूलाई आवास व्यवस्था गर्ने तयारी थालिएको मेयर महतले बताउनुभयो।

यहाँका सरकारी संरचनामा सांसदहरू अट्ने व्यवस्था गर्न सकिने बताउँदै मेयर महतले भन्नुभयो- '३ नम्बर प्रदेशका १ सय १० सांसदमध्ये १० जना मन्त्री बन्छन्। ४ जना मकवानपुरका छन्, जिल्लासँग सीमाना जोडिएको चितवनका ६ सांसद् छन्। उहाँहरूबाहेक ९० सांसदलाई सरकारी भवनमा राख्न सकिने गरी व्यवस्था गर्न लागिपरेका छौं।'

प्रदेश सांसदलाई हेटौंडा सिमेन्ट उद्योगको लामसुरेमा रहेको मन्त्री आवासबाहेक क्वार्टर, सिमेन्ट उद्योगको भैंसे क्वार्टर, बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योगको खाली भवन, हेटौंडाको टीसीएनमा रहेको क्वार्टर, डिभिजन सडक कार्यालय, हेबी इक्युप्मेन्टमा मन्त्री आवासबाहेक क्वार्टर, औद्योगिक क्षेत्रमा बन्द अवस्थामा रहेका उद्योगका रित्ता क्वार्टरलगायत क्वार्टरमा सांसदहरूलाई राख्न सकिने मेयर महतले बताउनुभयो।

प्रदेश सांसदहरूलाई बस्न उपमहानगरपालिकाले भवन उपलब्ध गराउने तर सामान्य मर्मत, सफाई गर्न प्रदेश सरकारले खर्च गरे यहाँ बस्न कुनै समस्या नहुने बताउँदै मेयर महतले भन्नुभयो- 'हाल स्थानीय तहमा धेरै सरकारी कार्यालय आउने भएपछि ती संरचना उपमहानगर मातहत आइरहेका छन्। ती सरकारी भवनमा पनि क्वार्टर बनाएर बस्न सकिनेछ।'

मुख्य मन्त्रीको आवास अख्तियार दुरुपयोग अनुसन्धान आयोग भवनमा रहनेछ। अख्तियार भने आफ्नै नयाँ भवनमा सरेपछि भवन खाली छ। सभामुख र उपसभामुख सडक डिभिजन कार्यालयको कम्प्लेक्समा रहने व्यवस्था मिलाइएको छ।

प्रदेशका सबै मन्त्रीको सामूहिक आवास भने हेटौंडा सिमेन्ट उद्योगको क्वार्टरमा रहनेछ। मुख्य सचिवको आवास क्षेत्रीय वन कार्यालयको आवासमा हुने गरी व्यवस्था मिलाइएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाले बताउनुभयो।

## प्रदेशसभा बैठकका लागि वासुदेव सभागृह

प्रदेशको संसद् सचिवालयको संसद् बैठक भवन साँघुरो भएपछि स्थायीरूपमा वासुदेव सभागृहलाई प्रयोग गरिनेछ। क्षेत्रीय शिक्षा निर्देशनालय भवनमा प्रदेशसभा बैठक बस्न सांसदहरू, केही सञ्चारकर्मी र केही आगन्तुकमात्र अटाउने भएकाले स्थायीरूपमा प्रदेशसभा राख्न हेटौंडा-४, हुप्रचौरको सभागृहलाई तयारी गरिने भएको हो।

सभागृहको भवन तयार छ। तर, त्यसमा संसद् सचिवालय भवनको डिजाइनमा संरचना बनाएर प्रदेशसभा भवनका रूपमा विकास गर्न उक्त भवन उपलब्ध गराउन उपमहानगरपालिका तयार रहेको मेयर महतले बताउनुभयो।

उपमहानगरपालिकाले उक्त भवनलाई खर्च गरेर कुनै सभा/सम्मेलन गर्न बजेट छुट्याएर काम शुरू गरे पनि प्रदेशसभा बस्न दिन सकिने उहाँले स्पष्ट पार्नुभयो। सभा/सम्मेलनका लागि तयारी थालिएको भवनको कामै रोकेर संसद् सचिवालयलाई उपलब्ध गराउन लागिएको छ।

सभागृहमा प्रदेशसभा राख्न मेयर महत र मकवानपुरका प्रमुख जिल्ला अधिकारी बुढाले अवलोकन गर्नुभएको छ। उक्त भवन ठूलो र विभिन्न संरचना तयार गरेर थोरै समयमा केन्द्रीय सरकारको संसद् भवनजस्तै तयारी गर्न सकिनेछ।

प्रदेशसभाका लागि आवश्यक भवनभित्र जग्गा प्रशस्त छ। सभागृहपछाडि अन्य संरचना निर्माण गर्न जग्गा पर्याप्त भएकाले दिने तयारी गरिएको मेयर महतले बताउनुभयो।

# अझै बनेन न्यायिक समिति

विनोदसिंह विष्ट, बैतडी

बैतडीका २ वटा स्थानीय तहमा अझै पनि न्यायिक समिति गठन हुन सकेका छैनन्। स्थानीय तहका उपप्रमुखको संयोजकत्वमा गठन हुने सो समिति पाटन नगरपालिका र पञ्चेश्वर गाउँपालिका न्यायिक समिति गठन नभएको हो। विभिन्न कारणले न्यायिक समिति गठन हुन नसकेको पाटन नगरपालिकाकी उपप्रमुख सरस्वती कोलीले बताउनुभयो। उहाँले भन्नुभयो- 'न्यायिक समिति गठन नभए पनि इलाका प्रहरी कार्यालयमा आउने मुद्दाको छलफलमा भने जाने गरेको छ।'

पञ्चेश्वर गाउँपालिकामा पनि अझै न्यायिक समिति गठन हुन नसकेको गाउँपालिकाका उपाध्यक्ष बिना भट्टले जानकारी दिनुभयो। संविधानको धारा २१७ मा आफ्नो अधिकार क्षेत्र विवाद निरुपण गर्न स्थानीय तहका उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति गठन गर्ने व्यवस्था छ। संविधानमा न्यायिक समितिको गठनको व्यवस्था भए पनि कानुनी सल्लाहकारको अभावमा समितिले काम अघि बढाउन कठिन भएको दशरथचन्द नगरपालिकाका उपप्रमुख मीना चन्दले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'विवादका विषयमा कानुनी उपचार गर्नुपरेमा त्यो विषयमा जानकारी नहुँदासम्म अलमल भइरहने हुन्छ।'

न्यायिक समिति गठन भए पनि त्यसले प्रभावकारीरूपमा काम गर्नका लागि स्पष्ट नीति निर्देशन नभएको पुरचौंडी नगरपालिकाकी उपप्रमुख जयन्ती बमले बताउनुभयो। नगरपालिकामा न्यायिक समिति गठन भएको भए पनि आवश्यक कानुनी क्षमताको अभावमा समिति सक्रिय हुन नसकेको मेलौली नगरपालिकाका प्रमुख कृष्णसिंह नायकले बताउनुभयो। न्यायिक समितिका संयोजकहरूको क्षमता अभिवृद्धिका कार्यक्रम अघि ल्याउन सके मात्रै न्यायिक समितिले प्रभावकारीरूपमा काम गर्न सक्ने उहाँले बताउनुभयो। न्यायिक समितिका विषयमा नागरिकमा समेत अनभिज्ञता रहेको हुन सक्ने न्यायिक समितिका संयोजकहरूले बताएका छन्। विभिन्न विवादका कुरा हुने गरेको भए पनि न्यायिक समिति पुग्न नसकेको दशरथचन्द नगरपालिकाकी उपमेयर मीना चन्दले जानकारी दिनुभयो।

## सुकिलुम्बा विमानथलबाट परीक्षण उडानको तयारी

इलाम, (नेस)। निर्माण शुरू भएको निकै लामो समयपछि बल्ल अब इलाममा निर्माणाधीन सुकिलुम्बा विमानथलबाट परीक्षण उडानको तयारी थालिएको छ। नेपाल नागरिक उडड्यन प्राधिकरणका अनुसार आउँदो चैत महिनाभित्र परीक्षण उडान गरिन लागेको हो। इलाम नगरपालिका-९ भञ्ज्याङमा निर्माणाधीन विमानस्थलमा जहाज अवतरण गरी धावनमार्गको प्राविधिक परीक्षण गरिने भएको हो।


**चुलाचुली गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**चुलाचुली, ईलाम**
**१ नं. प्रदेश, नेपाल**

**सवारी साधन आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : (२०७४/१०/२६ गते)

१. यस गाउँपालिकालाई आवश्यक पर्ने सवारी साधन सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।
२. यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसारको वोलपत्र दस्तुर रू. ३०००/– (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।
३. खरिद गरिएका बोलपत्र फारमहरूको महलहरू स्पष्ट रूपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ।
४. बोलपत्र फारम साथ जमानत वापतको रकम यस गाउँपालिका कार्यालयको नाममा नेपाल बैंक लि. इलाम/दमक मा रहेको धरौटी खाता नं. ०४००३०००००००००३०००००४६ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।
५. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू यस कार्यालयमा बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा ३१औं दिनको २:०० बजे खोलिने छ तर निजहरूको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
७. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।
८. अन्य कार्यविधिहरू स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।
९. बोलपत्र सम्बन्धी थप जानकारीका लागी गाउँपालिका कार्यालय तथा फोन नं. ९८५१०००८५४ मा सम्पर्क गर्न सकिने छ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रू. | जमानत रकम |
|---|---|---|---|---|
| ०३/२०७४/०७५ | व्याकहो लोडर (स्फेसिफिकेशन बमोजिमको) | थान १ (एक) | ३,०००/– | कबोल अंकको ३% |
| ०४/२०७४/०७५ | हैड्रोलिकटिपर (स्फेसिफिकेशन बमोजिमको) | थान २ (दुई) | ३,०००/– | कबोल अंकको ३% |



**हार्दिक श्रद्धाञ्जली**



जन्मः १९९०/११/१०

**तुलमाँया श्रेष्ठ**

स्वर्गारोहण : २०७४/१०/१४

यस श्रृजनसिल सेवा समाज ज्यामिरे, ओखलढुंगाका सदस्य श्री यादव कुमार श्रेष्ठको ममतामयी आमा **तुलमाँया श्रेष्ठ**को अल्पायुमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज १३औं दिनको पूण्य तिथीमा दिवंगत आत्मा प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा ह्ार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्रृजनसिल सेवा समाज ज्यामिरे**
सिद्धिचरण नगरपालिका, वडा नं. ९
ओखलढुंगा।



**गोदावरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बज्रबाराही, ललितपुर**

**सिलबन्दी दरभाउपत्र स्विकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : (२०७४/१०/२६)**

यस कार्यालयबाट मिति २०७४/०९/३० गते सौर्य दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र सूचनानुसार मिति २०७४/१०/१५ गते दिनको १२:०० बजेसम्म दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरूमध्ये तपसिलमा उल्लेखित भएका सिलबन्दी बोलपत्र न्यूनतम मुल्यांकित सरभूतरुपमा प्रभावग्राही भई स्विकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा २७ को उप दफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदतालाई जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

**तपसिल**

| सि. न. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.कर.समेत) रू. |
|---|---|---|---|
| १. | Road Improvement of Gaglethok – Thaiba Road,Jharuwarashi, Ward No. -13 (Godawari Munic./Bajrabarahi, Lalitpur/ W/SQ/01/074/75) | M/S A.and D.B. Construction Pvt. Ltd., Namobuddh Municipality-08 | 9,21,604.50 |
| २. | Road Improvement of Healthpost Aarubot Road, Jharuwarashi, Ward No. -13 . Contract Identification No:- Godawari Munic./Bajrabarahi, Lalitpur/ W/SQ/02/074/75 | M/S A. and D.B. Construction Pvt. Ltd., Namobuddh Municipality-08 | 4,34,492.68 |
| ३. | Construction of Ward Building on Godawari Municipality-14 (Thaiba). Contract Identification No:- Godawari Munic./ Bajrabarahi, Lalitpur/ W/SQ/03/074/75 | M/S A.and D.B. Construction Pvt. Ltd., Namobuddh Municipality-08 | 13,05,311.51 |

**प्रमुख प्रशासकीय अधिकृत**



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Central Regional Roads Directorate
**Division Roads Office, Bharatpur**

**Invitation for Bids**

**Notice No 08-074/75 (1,2,3&4)**
**Date of publication: 2074/10/26 (2018/02/09)**

1. Division Road Office Bharatpur, Chitwan invites bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description and location of work | Bid Validity Period | Average Annual Turnover (NRs.) | Credit Facilities (NRs.) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | DROBHT/3371 57-4/074/75-26 | Construction of Simply Supported, 35m Span, Multi-Span, Cast-in-Situ, Prestressed Concrete Bridge over Dhungre Khola, Jhawanighat Bridge, Kumaroj-Bachhauli, Chitwan | 120 days | 57.90 Million | 13.00 Million | 20,80,000/- | 5,000/- |
| 2 | DROBHT/3371 57-4/074/75-27 | Construction of Simply Supported, 40m Span, Multi-Span, Cast-in-Situ, Prestressed Concrete Bridge over Dhungre Khola, Kumroj-3, Gauwaghat, Chitwan | 120 days | 70.60 Million | 17.00 Million | 25,40,000/- | 5,000/- |
| 3 | DROBHT/3371 08-4/074/75-28 | Road construction & Improvement Woarkon United Cement Factory Approach Road, Dhunibesi Na. Pa., Dhading | 120 days | 64.50 Million | 20.00 Million | 5,80,000/- | 5,000/- |
| 4 | DROBHT/3373 56-4/074/75-29 | Back cutting and Pavement works on Piplamod-Naubise Sector, Tribhuwan Rajpath | 120 days | 64.50 Million | 20.00 Million | 5,80,000/- | 5,000/- |

2. Purchase, Submission and Opening:

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 2074/11/27 (2018/03/11) | 17:00 | 2074/11/28 (2018/03/12) | 12:00 | 2074/11/28 (2018/03/12) | 13:00 | Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website : www.bolpatra.gov.np/egp. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |

3. Revenue Details :

| Account holder's Name: | Bank Name | Bank Address | Account No. | Revenue Heading No. |
|---|---|---|---|---|
| District Treasury Controller Office, Chitwan (Office Code No. 35-337-02) | Rastriya Banijya Bank | Bharatpur, Chitwan | 1-1-001 | 14227 |

4. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website : www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Division Road Office Bharatpur, Chitwan.
5. BOQ item under provisional sum is not applicable for these contracts.

**Division Chief**



# विश्व

## स्मार्ट चस्मा

संदिग्ध अपराधी पहिचान गर्ने सनग्लास लगाएकी एक चिनियाँ महिला सुरक्षाकर्मी। चीनले भगुवा अपराधीलाई पहिचान गर्न अनुहार चिन्ने प्रविधियुक्त स्मार्ट सनग्लासको प्रयोग शुरू गरेको छ।



## परेड

कोरियन पिपुल्स आर्मी स्थापना भएको ७०औं वार्षिकोत्सवको अवसरमा उत्तर कोरियाको राजधानी प्योङयाङमा आयोजित सैनिक परेड। उत्त परेडमा असंख्य क्षेप्यास्त्र तथा परमाणु हतियार प्रदर्शन गर्ने अनुमान गरिएको भए पनि पहिलेको भन्दा कम मात्र प्रदर्शन गरिएको बताइएको छ।





विश्व २ मिनेट

### रूस

## कामदार फर्काउने

मस्को, (एजेन्सी)

रुसले उसको सुदूरपूर्व क्षेत्रबाट उत्तर कोरियाली आप्रवासी कामदारलाई निष्कासन गर्ने प्रक्रिया थालेको छ। उक्त कदम गत डिसेम्बरमा संयुक्त राष्ट्र सुरक्षा परिषद्ले पारीत गरेको प्रस्ताव कार्यान्वयन गर्ने क्रममा चालिएको हो। उत्तर कोरियाले गत नोभेम्बरमा ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण गरेपछि पारित गरिएको उक्त प्रस्तावमा सबै देशले उत्तर कोरियाका आप्रवासी कामदारलाई २४ महिनाभित्र फर्काउनुपर्ने उल्लखे गरिएको छ। उक्त प्रस्तावको उद्देश्य प्योङयाङलाई उसको परमाणु कार्यक्रम विकास जारी राख्न आवश्यक स्रोतबाट वञ्चित गर्नु हो। मस्कोले ९० प्रतिशत कामदारलाई बलजफती प्योङयाङ फर्काउन लागेको बताइएको छ।

### भारत

## प्याड्समा जीएसटी विवाद

नयाँदिल्ली, (एजेन्सी)

भारतका चर्चित अभिनेता अक्षय कुमारको फिल्म 'प्याडमेन' रिलिज हुनुअगाडि सेनिटरी प्याड्समाथि लगाइएको १२ प्रतिशत जीएसटी कर हटाउनु वा कम गर्नु पर्ने माग उठेको छ। यस मामिलामा दिल्ली उच्च अदालतमा मुद्दा चलिरहेको छ। जेएनयूकी जरमिना इसरार खानले सेनिटरी नेप्किनमाथि १२ प्रतिशत जीएसटी लगाउने फैसलालाई चुनौती दिँदै जनहित याचिका दायर गरेकी छिन्। तर वित्त मन्त्री अरूण जेटलीले प्याड्समा जीएटी कम गर्ने माग कस्को हो भन्ने विषयमा बुझ्न आवश्यक भएको बताए। उनले यस आन्दोलनको पछाडि केही चिनियाँ कम्पनीको हात रहेको उनले आंशका व्यक्त गरे।

### अमेरिका

## बजेट पारित

वासिङ्टन, (एजेन्सी)

अमेरिकी सिनेटले आगामी दुई वर्षका लागि रक्षा तथा अन्य आन्तरिक योजनाका लागि ४ खर्ब डलरको बजेट पारीत गरेको छ। डेमोक्र्याट तथा रिपब्लिकन सांसदबीचको वार्तामा उक्त खर्चलाई लिएर स्वीकृति दिन सहमति भएको हो। रिपब्लिकन सांसद मिच म्याक्कानेल र डेमोक्र्याट सांसद चक सुमरले उक्त मामिलामा मध्यस्थता गरेका थिए। उक्त विधेयक सिनेट र प्रतिनिधिसभामा पारित हुनु आवश्यक छ। तर ती दुवै सदनमा उक्त विधेयकको विरोध हुने अनुमान गरिएको थियो। सरकारसँग बिहीबार रातिसम्मका लागि मात्र बजेट रहेकाले उक्त विधेयक अनुमोदन हुनु आवश्यक थियो।

### पाकिस्तान

## सिनेटमा हिन्दू महिला

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको सिनेट सदस्यमा अल्पसंख्यक हिन्दू सम्प्रदायका तर्फबाट कृष्णा कोहलीले उम्मेदवारी दिएकी छिन्। पाकिस्तानको थरपारकरकी कोहले बुधबार सिनेटको चुनावका लागि चुनाव आयोगमा आफ्नो उम्मेदवारीका लागि मनोनयन पत्र भरेकी थिइन्। पाकिस्तान पिपुल्स पार्टीले कृष्णा कोहलीलाई सिन्ध प्रान्तबाट सामान्य श्रेणीमा उम्मेदवारमा चयन गरेको हो। कोहली आफू पाकिस्तानको इतिहासमा संसद्मा पुग्ने अवसर पाएकी थरपारकर इलाकाकी पहिलो महिला भएको बताइन्। उनले यसका लागि पीपीपीका नेता बिलावल भुट्टोलाई धन्यवाद दिएकी छिन्।

**नेपाल प्रहरी उच्च माध्यमिक आवासीय विद्यालय**
साँगा, काभ्रेपलाञ्चोक

**राशन खरिद बन्दोवस्त सम्बन्धी सिलबन्दी बोलपत्र आव्हान**

सूचना नं. १/२०७४/०७५
प्रथम पटक प्रकाशित मिति २०७४/१०/२६ गते शुक्रबार

नेपाल प्रहरी निजी शैक्षिक गुठीद्वारा सञ्चालित **नेपाल प्रहरी उच्च माध्यमिक आवासीय विद्यालय साँगा,** क्षेत्रीय प्रहरी विद्यालयहरू (धरान सुनसरी, गरूडा रौतहट, बेलचौतारा तनहुँ, गुलरिया दाङ र धनगढी कैलाली) मा आवासीय रूपमा अध्ययनरत विद्यार्थीहरू, आवासीय तथा गैह्र आवासीय शिक्षक, आया र सिस्टरहरूका निमित्त आगामी शैक्षिक बर्ष २०७५ (२०७५ बैशाख १ गतेदेखि ऐ.चैत्र मसान्त सम्म) को लागि जिन्सी राशनको बोलपत्र आव्हान गरी सम्पूर्ण प्रहरी विद्यालयहरूमा एकै पटक जिन्सी राशन खरिद वन्दोवस्त गर्नु पर्ने भएकोले नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ ।

योग्यता पुगेका बोलपत्र लिन इच्छुक राशन आपूर्तिकर्ता (व्यक्ति, फर्म, संस्था वा कम्पनी) हरूले सम्बन्धित विद्यालयबाट प्रकाशित हुने बोलपत्र फाराममा उल्लेखित संख्या अनुसार जिन्सी राशन आपुर्ति गर्नका लागि बोलपत्र सम्बन्धी कागजात खरिद गरी निम्न शर्तहरूको अधिनमा रहि तोकिए बमोजिम नेपाल प्रहरी उच्च माध्यमिक आवासीय विद्यालय साँगाको लागि बिद्युतीय बोलपत्र (e–bidding) मात्र र अन्य विद्यालयको हकमा सम्बन्धित विद्यालयबाट प्रकाशित सूचना बमोजिम बोलपत्र पेश गर्न यो राशन खरिद सम्बन्धी बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:-**

१. खरिद बन्दोवस्त गरिने जिन्सी राशनको किसिम, परिमाण तथा प्राबिधिक विवरण (स्पेसिफिकेशन), संख्या (विद्यार्थी, शिक्षक, आया र सिस्टर), बोलपत्र जमानत र बोलपत्र दस्तुर सम्बन्धी बिवरण सम्बन्धित विद्यालयबाट तयार गरिएको बोलपत्र कागजातमा उल्लेख गरिए बमोजिम हुनेछ ।
२. बोलपत्र सम्बन्धी कागजात खरिद गर्न इच्छुक नेपाली आपूर्तिकर्ताले सम्बन्धित विद्यालयको सूचनामा उल्लेख भए बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) बिद्यालयमै जम्मा गरी वा बिद्यालयले उपलब्ध गराएको बैंक खातामा नगद जम्मा गरेको सक्कल भौचर र अन्य आवश्यक कागजातहरू: नेपाली नागरिकताको प्रमाण-पत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण-पत्र, ब्यवसाय दर्ता प्रमाण-पत्र, आयकर दर्ता प्रमाण-पत्र, मूल्य अभिबृद्दि कर दर्ता प्रमाण-पत्र, चालु आ.व.को लागि फर्म नविकरण भएको इजाजत-पत्र, आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाण-पत्र लगायत तोकिएका अन्य कागजातहरू नोटरी पब्लिक वा आफैले प्रमाणित गरी लिखित आवेदन दिई सूचना प्रकाशित मिति देखि २०७४/११/२७ गते कार्यालय समय भित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र राशन व्यवस्था गर्नुपर्ने सम्बन्धित प्रहरी विद्यालयहरूबाट खरिद गर्न सकिने छ ।
३. बोलपत्र पेश गर्दा बोलपत्र जमानत बापत सम्बन्धित बिद्यालयहरूले सूचनामा तोके बमोजिमको रकममा नघटाई सम्बन्धित विद्यालयको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट सम्बन्धित विद्यालयले नियम अनुसार तोकेको बोलपत्र जमानतको मान्य अवधि भन्दा ३० दिन बढि अवधिको बोलपत्र जमानत नेपाल राष्ट्र बैंकद्वारा मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट सम्बन्धित विद्यालयको नाममा जारी भएको हुनु पर्नेछ ।
४. बोलपत्रको मान्य हुने अवधि नियमानुसार सम्बन्धित प्रहरी विद्यालयले तोके बमोजिम हुनेछ ।
५. सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिदेखि २०७४/११/२८ गते दिनको १२:०० बजेभित्र राशन खरिद बन्दोवस्त गर्ने सम्बन्धित प्रहरी विद्यालयहरूमा दर्ता गराई सक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू सोही दिनको १३:०० बजे सम्बन्धित प्रहरी विद्यालयहरूमा उपस्थित भएका बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पुग्ने छैन । पूर्व निर्धारित मितिमा कारणवश बोलपत्र नखोलिने अवस्था भएमा पनि बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिनेछ ।
६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोलिने अन्तिम दिन कारणबश कुनै सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन उल्लेखित स्थान र समयभित्र बोलपत्र दर्ताका साथै खोलिने कार्य गरिनेछ ।
७. बोलपत्र सम्बन्धी कागजातको विवरण सहितको मूल्य सूचि भर्दा मूल्य अभिबृद्धि कर बाहेकको प्रति दिन प्रति विद्यार्थी, आवासीय तथा गैह्र आवासीय शिक्षक, आया र सिस्टरको आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
८. बोलपत्रदाताले सम्बन्धित बिद्यालयमा पेश गरेको बोलपत्र संशोधन वा सो फिर्ता लिन चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनु भन्दा २४ घण्टा अगावै लिखित सिलबन्दी निवेदन दिनसक्ने छ । बोलपत्रदाताले दिएको यस्तो निवेदनमा बोलपत्रको बिषय, बोलपत्र पेश गरेको कार्यालय वा अधिकारीको नाम र ठेगाना, बोलपत्र संशोधन गरेको वा फिर्ता माग गरेको साथै बोलपत्र खोल्ने दिन र समयमा मात्र खोल्नु पर्ने लगायतका व्यहोराहरू उक्त सिलबन्दी खाम बाहिर उल्लेख गरेको हुनुपर्ने छ ।
९. सम्बन्धित कार्यालयहरूबाट बिक्री वितरण भएको बोलपत्र कागजात मात्र मान्य हुने र एक व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा पेश गर्न पाइने छैन ।
१०. म्याद नाघी प्राप्त भएका बोलपत्र र रीत नपुगेका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
११. राशन खरिद सम्झौता अवधिभर कुनै पनि वस्तुको मूल्य बृद्दि भएको अवस्थामा समेत मूल्य बृद्दि दिइने छैन ।
१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित प्रहरी विद्यालयमा सुरक्षित रहने छ ।
१३. राशनको नमूना सम्बन्धमा सम्बन्धित विद्यालयमा राखिएको (सडी गली जाने बाहेक) नमूना राशन सामाग्री तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको प्राविधिक विवरण (स्फेसिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको राशन सामाग्री आपूर्ति गर्नु पर्नेछ ।
१४. ढुवानी खर्च राशन आपूर्तिकर्ता स्वयंले बेहोर्नु पर्नेछ ।
१५. राशन आपूर्ति सम्बन्धी काम गरेको अनुभवको सम्बन्धमा बोलपत्रदाताहरूले विगत तीन आ.व.हरू (२०७१/०७२, २०७२/०७३ र २०७३/०७४) मध्ये एक आ.व. मा कुनै सुरक्षा निकाय वा सुरक्षा निकायले सञ्चालन गरेको विद्यालयमा सन्तोषजनक रूपमा तोकिएको रकम बराबरको राशन आपूर्ति गरेको वा गरिरहेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।
१६. बोलपत्र दाताहरूसँगको बैठक मिति २०७४/११/१६ गते दिनको १३:०० बजे सम्बन्धित प्रहरी विद्यालयहरूमा राखिने भएको हुँदा उक्त दिन उपस्थित हुन बोलपत्र दाताहरूलाई जानकारी गराइन्छ ।
१७. बिद्युतीय बोलपत्र (e–bidding) सम्बन्धी थप जानकारी:-
    - १७.१ बिद्युतीय बोलपत्र (e–bidding) पेश गर्ने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रयोगमा ल्याएको अनलाइन पोर्टल www.bolpatra.gov.np/egp मा Login गरी प्राप्त निर्देशन अनुसार सहभागी हुन सक्नेछन् ।
    - १७.२ बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरू विद्यालयले तोकेको बैंक खातामा जम्मा गरेको बोलपत्र दस्तुरको भौचर सहित scan गरी, PDF File बनाई उल्लेखित Portal मा सिलबन्दी बोलपत्र दर्ता गर्ने समय भित्र (e–bidding) दर्ताको लागि upload गरिसक्नु पर्नेछ ।
    - १७.३ e–submission गर्ने बोलपत्रदाताहरूले बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमका प्रमाणित प्रतिलिपिहरू पूरै upload नगरी आंशिक मात्रै Submit गरेको पाइएमा उक्त बोलपत्र अयोग्य भएको मानिनेछ । साथै विद्युतीय बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको बोलपत्र upload भएको नदेखिएमा, upload भएको कागजात स्पष्टसँग नबुझिएमा, download हुन नसकेमा वा नभएमा, download भएको कागजात नखुलेमा विद्यालय जवाफदेही हुने छैन ।
    - १७.४ एउटा खरिद बन्दोबस्तमा एकै बोलपत्रदाताले सिलबन्दी बोलपत्र वा बिद्युतीय बोलपत्र (e–bidding) मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछन् । दुबै प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेमा दुवै बोलपत्र स्वत: रद्द हुनेछ ।
१८. सूचनामा उल्लेख नभएको कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।
१९. बोलपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा सम्बन्धित प्रहरी विद्यालयहरूमा कार्यालय समयभित्र सम्पर्क राख्न र website हरू www.bolpatra.gov.np/egp, र www.nps.edu.np मा समेत बोलपत्र सम्बन्धी सूचना हेर्न सकिनेछ ।

# बंगलादेशकी प्रथम महिला प्रधानमन्त्री खालिदा जियालाई जेल सजाय

ढाका, (एजेन्सी)



बंगलादेशकी पूर्वप्रधानमन्त्री तथा प्रमुख प्रतिपक्षी दलका नेता खालिदा जियालाई भ्रष्टाचारको आरोपमा दोषी ठहऱ्याउँदै पाँच वर्षको जेल सजाय सुनाइएको छ।

७२ वर्षीया खालिदामाथि अनाथ बच्चाका लागि विश्वभरिबाट संकलन गरिएको करिब २ लाख ५० हजार डलर दुरूपयोग गरेको मामिलामा मुद्दा चलिरहेको थियो। उक्त मामिलामा अदालतले उनलाई दोषी ठहऱ्याएको हो।

बीडीन्युज २४ का अनुसार सेतो सारीमा अदालतमा उपस्थित भएकी खालिदालाई फैसलालगत्तै जेल पठाइएको थियो। जेल जाने समयमा खालिदाले रुँदै गरेका आफ्ना नातेदारलाई 'चिन्ता नगर, बलियो बन्नु, म फर्केर आउँछु' भनेको डेली स्टारले जनाएको छ।

राजधानी ढाकाको एक अदालतले फैसला सुनाउँदै जजले भने- 'अदालतमा उनीविरुद्ध लागेको आरोप सही साबित भएको छ र उनको सामाजिक तथा शारीरिक स्थितिलाई ध्यानमा राखी उनलाई पाँच वर्षको सजाय सुनाइएको छ।' फैसला सुनाउनुअगाडि अदालतबाहिर खालिदाका हजारौं समर्थक उपस्थित रहेका थिए। समर्थक भिडलाई तितर-बितर गर्न प्रहरीले अश्रु ग्यासको प्रयोग गरेका थिए।

उक्त भ्रष्टाचारको मामिलामा खालिदा जियाका छोरा तारिक रहमानलाई उनको अनुपस्थितिमा १० वर्षको जेल सजाय सुनाइएको थियो। रहमान हाल लन्डनमा बस्दै आइरहेका छन्।

### चार सहयोगीलाई १० वर्षको जेल

जियाका ४ सहयोगीलाई पनि १० वर्षको जेल सजाय सुनाइएको छ। खालिदाले फैसलालाई लिएर प्रतिक्रिया दिँदै आफूमाथि लगाइएका आरोप राजनीतिबाट प्रेरित रहेको बताइन्।

वर्तमान प्रधानमन्त्री शेख हसिनाकी पुरानो प्रतिद्वन्द्वी खालिदा जियामाथि यसबाहेक पनि अन्य कयौं आरोपमा मुद्दा चलिरहेको छ। यो फैसलापछि अब खालिदा जियाले देशमा यसै वर्ष हुन गइरहेको संसदीय चुनावमा भाग लिन नपाउने भएकी छिन्।

जिया बंगलादेशकी प्रथम महिला प्रधानमन्त्री हुन्। उनी सन् १९९१ मा २० वर्षपछि भएको पहिलो लोकतान्त्रिक चुनावमा जित हासिल गर्दै सत्तामा पुगेकी थिइन्। त्यसपछि उनी सन् २००१ मा दोस्रो पटक प्रधानमन्त्रीको कुर्सीमा पुगेकी थिइन्। जिया बंगलादेशका पूर्वराष्ट्रपति जियाउर रहमानकी पत्नी हुन्।

### फैसलापूर्व पत्रकार सम्मेलन

अदालतको फैसला आउनु एक दिनअगाडि जियाले प्रेस सम्मेलन बोलाएकी थिइन्। प्रेस सम्मेलनमा उनले भनिन्- 'म कुनै पनि स्थितिको सामना गर्न तयार छु। मलाई जेलको डर देखाएर धम्क्याउनु बेकार हो। म झुक्ने पक्षमा छैन।'

सरकारले आफूलाई राजनीति र चुनावबाट पर राख्नका लागि अदालतको प्रयोग गरेको जियाले बताइन्। तर ऊ एउटै मात्र पार्टीको सत्ता स्थापित गर्न सफल हुनेछ भन्ने आफूलाई नलागेको उनले बताइन्।

आफूले अराजकता नभएर शान्ति चाहेको र अझै पनि आफूलाई अवामी लिग (सत्तारूढ पार्टी)का नेताहरूलाई बुद्धि आउने उनले बताइन्। यही अपेक्षाका साथ आफूले सरकारसँग शान्तिको मार्गमा आउन र निष्पक्ष चुनाव गर्न अपिल गरेको उनले बताइन्।

सजाय सुनाएपछि बीएनपीका महासचिव मिर्जा फखु इस्लामले अदालतको फैसलालाई राजनीतिक बदलाको संज्ञा दिए। तर कानुन मन्त्री अनिसुल हकले अदालतको फैसलाले कोही पनि कानुनभन्दा माथि नभएको प्रमाणित गरेको बताए।

अदालतको फैसला आउनुअगाडि राजधानी ढाका र अन्य शहरमा सुरक्षाको कडा व्यवस्था गरिएको सञ्चार माध्यमहरूले जनाएका थिए। खालिदा जियाको गाडी अदालतको परिसरमा प्रवेश गरिरहँदा उनका समर्थक र सुरक्षा बलबीच झडप भएको थियो। अदालतबाट केही दूरीमा भएको उक्त झडपमा केही जवान घाइते भएका थिए। जियाको बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी)ले फैसला सुनाउनुअगाडि आफ्ना सयौं समर्थकलाई हिरासतमा लिएको बताएको छ।

# भारतमा एचआईभी सार्ने नक्कली डाक्टर

नयाँदिल्ली, एजेन्सी




भारतीय अधिकारीहरूले उत्तरी राज्य उत्तर प्रदेशमा एकजना नक्कली डाक्टरले कम्तीमा ३३ जनालाई प्रयोग भइसकेको सिरिन्जबाट एचआईभी संक्रमित गरेको दाबीमाथि छानविन गरिरहेका छन्। ती अयोग्य डाक्टरले रुघाखोकी र ज्वरो आएका बिरामीहरूलाई एउटै अर्थात् पुरानो सिरिन्ज प्रयोग गर्ने गरेको बताइएको छ।

संघीय स्वास्थ्य अधिकारीहरू सो घटना घटेको बताइएको स्थान युन्नाओ जिल्लामा गएर अनुसन्धान गर्न लागेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ। ती आशंकित व्यक्तिले एउटा सुई दिन १० रुपियाँ लिने गरेको बुझिएको छ।

उनको दूषित सिरिन्जका कारण कुल कति जनामा एचआईभी सरेको छ भन्ने आधिकारिक पुष्टि हुन सकेको छैन। उक्त अनुसन्धान टोलीका सदस्य डाक्टर तन्मय कक्कदले दि इन्डियन एक्सप्रेस अखबारलाई भनेका छन्- 'मेडिकल रिसर्चले एचआईभी भाइरस खुला हावामा बाँच्न नसक्ने भएकाले संक्रमित सिरिन्जको कारण एचआईभी सर्ने सम्भावना शून्य दशमलव तीन प्रतिशत मात्र रहन्छ।'

स्वास्थ्य अधिकारीहरूले सरकारद्वारा आयोजित स्क्रिनिङ क्याम्पमा गरिएको परीक्षणबाट ५ सय ६६ जना व्यक्तिमध्ये ३३ जनालाई निश्चितरूपमा एचआईभी लागेको पुष्टि भएको छ।

सो क्याम्पमा ती बिरामीहरूले सोही डाक्टरकहाँ उपचार गराउँदा सुई लगाएको बयान दिएका छन्। सो राज्यका स्वास्थ्य मन्त्री सिद्धार्थनाथ सिंहले सो क्षेत्रमा थुप्रै ट्रक ड्राइभरहरू ओहरदोहोर गर्ने हुनाले एचआईभी संक्रमणको अन्य कारण पनि हुन सक्ने बताएका छन्।

अहिले लुकिछिपी बस्ने गरेको बताइएका ती डाक्टरको खोजीकार्यमा प्रहरी पनि परिचालित भएको बताइएको छ। स्वास्थ्य अधिकारीहरूले यसरी दूषित सिरिन्ज प्रयोग गरेर सुई दिने जोसुकैलाई कडा कारबाही गरिने बताएका छन्।

विगत एक दशकयता भारतमा एचआईभी लाग्नेको संख्यामा ५० प्रतिशतले कमी आएको संयुक्त राष्ट्र संघको प्रतिवेदनमा जनाइएको छ। इन्डियन मेडिकल एसोसियसनले करिब ४५ प्रतिशत डाक्टरहरू औपचारिक तालिम प्राप्त नरहेको जनाएको छ।

**टिमियोनको स्ट्रचर्क्स प्रा.लि खारेजीमा गएको लिक्वीडेटरको सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको प्रा.लि नं. २३,३९१/०५९/६० को टिमियोनको स्ट्रचर्क्स प्रा.लि को मिति २०७४।०५।०४ मा बसेको बार्षिक साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरि कम्पनी खारेजी गर्नको लागि अधिवक्ता श्री कुमार राज जोशीलाई लिक्विडेटर नियुक्ति गर्ने समेत निर्णय गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफै वा प्रतिनिधी मार्फत हकदावी गर्ने निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

**लिक्वीडेटर**
अधिवक्ता कुमार राज जोशी
दामासाही व्यवसायी
ईजाजत नं २१४
थापाथली मार्ग घर नं ५५७, माईतीघर, काठमाण्डौ
फोन नं ०१(४२४२६५५, मोवाईल नं. ९८५१०१८२८२
**Email:- joshikumar@gmail.com**

> सो कार्यक्रममा वर्तमान सुरक्षा स्थितिको विश्लेषण, नेपाली सेनाबाट भइरहेका गतिविधि तथा कल्याणकारी गतिविधि बारे सम्बन्धित निर्देशनालयहरूबाट जानकारी गराइएको थियो।

# दरबारमार्ग प्रहरी प्रमुखमाथि मुद्दा चलाउन सिफारिस

**नेपाल समाचारपत्र**

काठमाडौं

दरबारमार्गमा रहेको होटल ल्यान्डमार्कमा भएको सामूहिक बलत्कार काण्डमा ४ जना युवाको संलग्नता रहेकाले उनीहरूलाई पक्राउ गरी कारबाही गरिने महानगरीय प्रहरी पसिर काठमाडौंले जनाएको छ।

पसिरका प्रवक्ता प्रहरी उपरीक्षक रामदत्त जोशीका अनुसार उक्त घटनाको अनुसन्धान गर्न गठित समितिले तयार पारेको प्रतिवेदन बिहीबार सार्वजनिक गरेको छ। समितिले उक्त घटनामा संलग्न रहेका विकास गौतम, शैलेश कार्की, दीपक श्रेष्ठ र रवि पौडेललाई पक्राउ गर्न पनि निर्देशन दिएको छ। उनीहरूमाथि जबरजस्ती करणी मुद्दामा कारबाही चलाउन निर्देशन दिएको एसपी जोशीले जानकारी दिनुभयो।

समितिले सामूहिक बलत्कारजस्तो मुद्दालाई कानुनअनुसार कारबाही अगाडि बढाउनुकोसट्टा पीडित पक्षलाई आर्थिक प्रलोभनमा पारेर मिलापत्र गराउनु पक्कै पनि उचित नभएकाले उक्त कार्यमा संलग्नलाई पहिचान गरी कारबाही अगाडि बढाउनसमेत आग्रह गरेको छ।

समितिले उक्त घटनामा दोषी देखिएका प्रहरी कर्मचारीहरू महानगरीय प्रहरी वृत्त दरबारमार्गका प्रमुख डीएसपी तिलक भारतीलाई तत्काल त्यहाँबाट हटाउने र प्रहरी निरीक्षक लक्ष्मणसिंह ठकुरी र प्रहरी नायब निरीक्षक चन्द्रबहादुर भण्डारीलाई निलम्बन गरी हदैसम्मको कारबाही गर्न पनि सिफारिस गरेको छ। उनीहरूलाई फौजदारी कानुनअनुसार मुद्दा चलाउनसमेत समितिले सिफारिस गरेको छ।

# सेनाले तय गऱ्यो सुरक्षा रणनीति

काठमाडौं, (नेस)

नेपाली सेनाले मुलुकको पछिल्लो सुरक्षा अवस्था र सेनाको रणनीति तय गर्न बिहीबार सैनिक मुख्यालयमा सम्पन्न भएको छ। बैठकमा ८ वटै पृतनाका पृतनापतिहरूले मुलुकको पछिल्लो सुरक्षा अवस्थाको बारेमा नेतृत्वलाई जानकारी गराएका छन्।

सम्मेलनको शुभारम्भमा बलाधिकृत रथी पूर्णचन्द्र थापाले स्वागत गर्दै मुलुकको सुरक्षा अवस्थाका बारेमा जानकारी गराउन पृतनापतिहरूलाई आग्रह गर्नुभएको थियो। सम्मेलनमा पृतनापति तथा मुख्यालयको विभिन्न विभागका प्रमुखहरूले मुलुकको अहिलेको स्थितिको वस्तुस्थितिको विश्लेषण तथा समीक्षा प्रस्तुत भएको थियो भने सबै पृतनापतिहरूले भौगोलिक बनावट, सुरक्षा अवस्था, मुलुक संघीयतामा गएपछि त्यसले पार्ने प्रभावका बारेमा धाराणा राखेका थिए।

सम्मेलनमा प्रधानसेनापति राजेन्द्र क्षत्रीले पेशागत दक्षतालाई थप अभिवृद्धि गर्न तालिम तथा बन्दोबस्तीमा विशेष ध्यान केन्द्रित गर्न निर्देशन दिनुभएको थियो।

उक्त समन्वयात्मक बैठकमा रक्षा सचिव विनोद केसी, बलाध्यक्ष रथी, सबै पृतनापतिहरूलगायत जंगीअड्डाका कार्यालय, विभाग, महानिर्देशनालय र निर्देशनालयका प्रमुख तथा उपत्यकाभित्र रहेका बाहिनी अड्डाका बाहिनीपतिहरूको समेत उपस्थिति रहेको थियो।

नियमित रूपमा सञ्चालन हुने यस किसिमको समन्वयात्मक बैठक र आपसी अन्तरक्रियाको माध्यमबाट आउने रचनात्मक सुझावहरूले नेपाली सेनाको नीति निर्माणमा ठोस योगदान पुऱ्याउन थप सहयोग पुगेको विश्वास नेपाली सेनाले लिएको छ।

# एमाले–माओवादी एकतामा झन् अन्योल

काठमाडौं, (नेस)

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच हुने भनिएको एकता झन् लम्बिएको छ। एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच अध्यक्ष पदमा कुरा नमिल्दा दर्जनभन्दा बढी वार्ता र छलफलबाट पनि निकास निस्कन सकेको छैन। दुवै पार्टी मिलेपछि ओलीले सरकार र प्रचण्डले पार्टीको नेतृत्व गर्नुपर्ने माओवादी केन्द्र र सरकार एवम् पार्टीको नेतृत्व ओलीले नै गर्नुपर्ने एमालेको संस्थापन पक्षको अडान छ। यसले गर्दा एकता प्रक्रिया लम्बिँदै गएको बताइएको छ।

एकताप्रति आशंका र अविश्वास बढेपछि अध्यक्षद्वय ओली र अध्यक्ष प्रचण्डबीच बिहीबार पनि वान टु वान छलफल भएको थियो। तर उक्त छलफलबाट पनि एकताबारे कुनै निष्कर्ष ननिस्केको स्रोतको भनाइ छ। 'बरु एकताबारे छलफल गर्न भएको दुई अध्यक्षको भेटमा राष्ट्रियसभा निर्वाचनको परिणाम र प्रदेशसभाबारे कुरा भएछ।' -स्रोतले दाबी गऱ्यो। यद्यपि स्रोतका अनुसार दुई अध्यक्षबीच शुक्रबार पार्टी एकता संयोजन समितिको बैठकमार्फत एकता प्रक्रिया अगाडि अघि बढाउने विषयमा पनि सामान्य छलफल भएको थियो।

एमालेले अब नयाँ सरकार गठनका लागि गृहकार्य अगाडि बढाउनुपर्ने बताएको छ भने माओवादीले नयाँ सरकार गठनअघि नै पार्टी एकता गरेर अगाडि जानुपर्ने अडान राखेको छ। माओवादी केन्द्रका नेता हरिबोल गजुरेलले पार्टी एकताको विषयमा आशंका र विश्वास दुवै विषय एकसाथ अगाडि बढेको बताउनुभयो। उहाँले भन्नुभयो- 'दुई अध्यक्षका बीचमा हुने कुराकानीले पार्टी एकताको समग्र प्रक्रियाको टुंगो लाग्छ।' सरकार गठनअघि नै पार्टी एकता नभएको अवस्थामा माओवादीले बाहिरै रहेर ओलीलाई समर्थन गर्ने गृहकार्य पनि भइरहेको बताइएको छ। माओवादीले यही अडान राखेको अवस्थामा नयाँ सरकार गठन र एकता प्रक्रिया एकसाथ अगाडि बढनेछ।

# पूर्वप्रधानसेनापतिहरू सैनिक मुख्यालयमा

काठमाडौं, (नेस)

प्रधानसेनापति राजेन्द्र क्षत्रीले नेपाली सेनाका पूर्वप्रधानसेनापतिहरू एवं पूर्वरथीवृन्दसँग भेटघाट तथा अन्तरक्रिया गर्नुभएको छ। नेपाली सेनासम्बन्धी विभिन्न गतिविधि तथा राष्ट्रिय सुरक्षासँग संवद्ध समसामयिक विषयहरूमा नियमित रूपमा सेनाका निवर्तमान वरिष्ठ रथीवृन्दबीच हुने भेटघाट तथा अन्तरक्रियाको क्रममा जंगी अड्डामा उक्त कार्यक्रम भएको हो।

सो कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानसेनापति क्षत्रीले नेपाली सेनाको समयसापेक्ष सुदृढीकरण तथा क्षमता विकासका लागि हाल भइरहेका गतिविधिहरू बारे संक्षिप्त जानकारी गराउनुभएको थियो। सो कार्यक्रममा वर्तमान सुरक्षा स्थितिको विश्लेषण, नेपाली सेनाबाट भइरहेका गतिविधि तथा कल्याणकारी गतिविधि बारे सम्बन्धित निर्देशनालयहरूबाट जानकारी गराइएको थियो।

उक्त अवसरमा पूर्वप्रधानसेनापति र रथीबृन्दहरूले राष्ट्रिय सुरक्षा तथा समसामयिक विषयमा धारणा राख्नुभएको थियो। बलाधिकृत रथी पूर्णचन्द्र थापाले उक्त कार्यक्रमको समापनका क्रममा प्रधानसेनापतिज्यू लगायत पूर्वप्रधानसेनापतिहरू एवं पूर्वरथीवृन्दको उपस्थिति तथा सह्रानीय राय सुझावका लागि धन्यवाद व्यक्त गर्नुभएको थियो। सो कार्यक्रममा पूर्वप्रधानसेनापतिहरू तथा बहालवाला एवं पूर्ववरिष्ठ रथीवृन्दको उपस्थिति रहेको थियो।

## रणमुक्तेश्वर महादेवमा विशेष पूजा गरिने

काठमाडौं, (नेस)

महाशिवरात्रिको अवसरमा (बिहीबार) काठमाडौंको खिचापोखरीमा रहेको रणमुक्तेश्वर महादेव मन्दिरमा विशेष पूजाआजा गरिने भएको छ।

त्वा: छैं परिवारको आयोजनामा महाशिवरात्रिमा विशेष पूजाआजाका साथै भजनकिर्तन हुने जनाइएको छ। परिवारका अध्यक्ष बिन्देश्वर श्रेष्ठले रणमुक्तेश्वर महादेवका बारेमा जानकारी गराउन र यसको वास्तविकता झल्काउनका लागि पनि कार्यक्रम आयोजना गरिएको जानकारी दिए। मन्दिरमा रहेका ४ वटा ढोका शिवरात्रिका दिन खुल्नेछन्, अहिले बिहानबेलुका मात्र दर्शन र पूजाआजा गरिन्छ। रणबहादुर शाहले संघर्ष गरेर देशको हितमा काम गरेको र त्यसपछि संघर्षबाट मुक्ति पाएको भन्दै रणमुक्तेश्वर नाम राखिएको इतिहास छ।

कार्यक्रममा भाग लिन भारतबाट आयुर्वेद (राजहंश) हठयोगी बाबा सहिलनाथ आउनेछन्। 'हरेक वर्ष महाशिवरात्रिमा कार्यक्रम गर्छौं तर यसपालि विशेष हुन्छ' आयोजक संस्थाका अध्यक्ष श्रेष्ठले भने- 'हाम्रो प्रमुख उद्देश्य सम्पूर्ण मानवका लागि शान्तिको कामना गर्नु पनि हो, एकआपसमा भ्रातृत्वको भावना जगाउँदै आएका छौं।' मन्दिरमा दैनिक साँझ भजन हुने गरेको भजन संयोजक धनप्रसाद गौतमले बताए। महाशिवरात्रिमा भण्डारा (भोजन) समेत गराउने कार्यक्रम रहेको छ। परिवारले रक्तदान, स्वास्थ्य शिविरसँगै सामाजिक चेतना फैलाउने कामसमेत गर्दै आएको छ।

# स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिन संघको आह्वान

काठमाडौं, (नेस)

विश्वका जुनसुकै विकसित तथा अल्पविकसित राष्ट्रहरूको प्रथम प्राथमिकताको विषय नै स्वास्थ्य क्षेत्र हुने गरेको छ। तर नेपालमा चिकित्सा शिक्षा तथा स्वास्थ्य क्षेत्रले हाँसिल गरेको उपलब्धी, यी क्षेत्रबाट नेपाली नागरिकहरूलाई पुऱ्याउँदै आएको सेवा र सुविधालाई अझ बढी व्यापकता र पारदर्शी बनाउनुको सट्टा सरकारबाट प्रदेशसभामा स्वास्थ्य मन्त्रालयको व्यवस्था नै नगरिनुले राज्यको प्राथमिकतामा स्वास्थ्य क्षेत्र नपरेको नेपाल चिकित्सक संघले जनाएको छ।

राज्यको आधाभन्दा बढी जनशक्ति भएको स्वास्थ्य सेवामा सम्पूर्ण नागरिकहरूको सहज पहुँचका लागि स्वास्थ्य क्षेत्रलाई विकेन्द्रीकृत गर्दै प्रत्येक प्रदेशमा उच्च स्तरीय, चिकित्सा शिक्षा तथा स्वास्थ्य सेवाका सम्पूर्ण पूर्वाधार निर्माण गरिनुपर्ने, एवं विशेषज्ञ सेवामा सम्पूर्ण नागरिकहरूको सहज पहुँच पुऱ्याउने गरी विद्यमान जनशक्तिको उचित व्यवस्थापन गर्दै संघीय संरचनामा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने संघले जनाएको छ।

# कलाकार खड्गी पक्राउ

काठमाडौं, (नेस)



कलाकार राजेन्द्र खड्गी मानव ओसारपसारको आरोपमा बिहीबार पक्राउ परेका छन्।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले उनलाई दक्षिण कोरियामा विभिन्न ड्रामा, डकुमेन्ट्री, फिल्म बनाउने भनी कलाकारको नाममा विभिन्न व्यक्तिलाई पठाई मानव ओसारपसार गरेको आरोपमा पक्राउ गरिएको जनाएको छ।

काठमाडौं जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पाँच दिन म्याद थपी चलचित्र द्वन्द्व निर्देशकका रूपमा समेत चिनिँदै आएका खड्गीमाथि आवश्यक अनुसन्धान भइरहेको सीआईबीद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

# एमाले प्रदेश संसदीय दलको नेता कँडेल चयन

कालिकोट, (नेस)

नेकपा एमाले प्रदेश ६ संसदीय दलको नेतामा पोलिटब्युरो सदस्य एवम् प्रदेश सह-संयोजक यामलाल कँडेल चयन भएका छन्।

प्रदेशको अस्थायी राजधानी विरेन्द्रनगर सुर्खेतमा बिहीबार बसेको प्रदेश ६ प्रदेशसभा दलको बैठकले कँडेललाई दलको नेतामा सर्वसम्मत चयन गरेको प्रदेश सांसद कुर्मराज शाहीले जानकारी दिएका छन्।

सुर्खेत जिल्ला क्षेत्र नम्बर २ प्रदेश क्षेत्र 'क' बाट निर्वाचित संसद कँडेल सर्वसम्मत रूपमा दलको नेतामा चयन भएका हुन्। दलको नेतामा दाबी गर्दै आएका सल्यानबाट निर्वाचित प्रदेश सांसद प्रकाश ज्वालाले कँडेललाई दलको नेतामा प्रस्ताव गरेका हुन्। प्रदेश सांसद ज्वालाले संसदीय दलको नेतामा दाबी गरे पनि अन्ततः उनकै प्रस्तावमा कँडेल दलको नेता चुनिएको बताइएको छ।

# विभिन्न मुलुकका दूतले बुझाए प्रमाणपत्र

काठमाडौं, (नेस)

नेपालका लागि स्विजरल्यान्डका राजदूत र अन्य विभिन्न ३ मुलुकमा गैरआवासीय राजदूतहरूले राष्ट्रपति विद्यादेवी भण्डारीलाई आफ्नो ओहोदाको प्रमाणपत्र बुझाएका छन्।

राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित एक कार्यक्रमका बीच स्विजरल्यान्डकी आवासीय राजदूत एलिसावेथ भोन क्यापेलेरले आफ्नो ओहोदाको प्रमाणपत्र बुझाउनुभयो। क्यापेलेर विगतमा स्वीस सहयोग नियोगमा कार्यरत रहँदा नेपाल आइसक्नुभएको छ।

राष्ट्रपति कार्यालयका अनुसार बिहीबार पनामाका लागि नेपाली गैरआवासीय दूत डा. जिलबेट्रो लेरिना गार्सिया, सुडानका सिराजुद्दिन हमिद युसुफ र जाम्बियाका जुडिथ के के कांगोमा कापिजीमाप्गानाले पनि आ-आफ्नो प्रमाणपत्र बुझाउनुभएको छ। यस क्रममा राष्ट्रपति भण्डारीले ती मुलुकका दूतहरूसँग भइरहेका द्विपक्षीय सहयोग आदान-प्रदान कार्यक्रमसँगै भविष्यका अन्य संभावनाहरूबारे छलफल गर्नुभएको बताइएको छ।

# 'छिमेक पहिलो' चीन–भारतकै नक्कल

**नेपाल समाचारपत्र**

काठमाडौं

छिमेकी मुलुक चीन र भारतले छिमेक पहिलो नीति अघि सारिरहेका बेला नेपालले पनि सोहीअनुसारको नीति अघि सार्न विज्ञहरूले सुझाव दिएका छन्। उच्च स्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलले यस्तो सुझाव दिएको हो।

राष्ट्रिय स्वार्थमा केन्द्रित रहेर नेपालले अन्तर्राष्ट्रिय सम्बन्ध र सम्पर्क अघि बढाउनुपर्ने, विभिन्न मुलुकमा रहेका दूतावास र नियोगहरूलाई स्रोत साधन सम्पन्न र सबल बनाउनुपर्ने आवश्यता औल्याउँदै कार्यदलले सरकारको ध्यानाकर्षण गराएको छ। परराष्ट्रमन्त्रीसमेत रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवालाई कार्यदल टोलीले बिहीबार मस्यौदा बुझाएको हो।

कार्यदल सदस्यहरूका तर्फबाट प्राडा. श्रीधर खत्रीले प्रधानमन्त्री देउवालाई मस्यौदा हस्तान्तरण गर्नुभएको हो। समयसापेक्ष परराष्ट्र नीति बनाउन सरकारले गत वर्षको वैशाखमा परराष्ट्र मन्त्री संयोजक रहने गरी विभिन्न क्षेत्रका विज्ञ संलग्न १६ सदस्यीय उच्च स्तरीय कार्यदल गठन गरेको थियो। सो टोलीले सरकारका विभिन्न निकाय, अन्य सरोकारवाला निकाय र विषय विज्ञसमेतको सुझाव समेटेर मस्यौदा तयार गरेको हो।

कार्यदलका सदस्य एवं पूर्वराजदूत शम्भुराम सिंखडाका अनुसार मस्यौदाले आर्थिक कूटनीतिसहित समग्र पक्षलाई समेट्ने प्रयास गरेको छ।

मित्रराष्ट्रहरूसँगको सम्बन्धका प्राथमिकताका आधारमा दूतावास र नियोगहरूलाई ३ तहमा वर्गिकरण गर्न सुझाव दिइएको उहाँले जानकारी दिनुभयो। छिमेकी मुलुक भारत र चीनसहित संयुक्त राष्ट्रसंघ, अमेरिका, बेलायतजस्ता मुलुकसँग पहिलो तहको, जापानसहित अन्य मुख्य दातृ मुलुकहरूलाई दोस्रो र अन्य मुलुकसँग कार्यदेशका आधारमा समन्वय र सम्पर्क अघि बढाउन सुझाइएको सिंखडाले बताउनुभयो।

चीन र भारतकै शैलीको छिमेक नीतिबारेको कार्यदलको सुझाव ती मुलुकहरूको नक्कल नभएर वर्षौंअघिदेखिको नेपालको प्राथमिकता भएको विज्ञहरूको तर्क छ। 'झट्ट हेर्दा/सुन्दा त्यस्तो लाग्नु स्वभाविक हो, तर नेपालले वर्षौंअघिदेखि यस्तो कुरालाई जोड दिनुपर्छ भन्ने बहस र चर्चा भएको थियो' -कार्यदलका अर्का एक सदस्यले भने।

## मतपरिणाम...

संविधानको धारा ८४ र प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी ऐनको दफा ६० अनुसार प्रतिनिधिसभाको समानुपातिकतर्फको सिट संख्या निर्धारण गर्नुभन्दा पहिला राष्ट्रिय सभा निर्वाचन गर्नुपर्ने प्रावधान रहेको छ।

समानुपातिकतर्फको मतपरिणाम नआएकाले संघीय संसद्ले पूर्णता पाएको थिएन। यसको बोझ नयाँ सरकार गठनमा परिरहेको थियो। राष्ट्रियसभा सदस्यको निर्वाचन बुधबार सम्पन्न भइसकेको छ। सातै प्रदेशबाट निर्वाचित भएका सदस्यहरूको नाम मुख्य निर्वाचन अधिकृतको कार्यालयले बिहीबार आयोगको केन्द्रीय कार्यालयमा पठाइसकेको छ।

निर्वाचित सदस्यहरूको नाम प्रमाणिकरण गरेर सम्भवतः यही माघ २८ गते नै राष्ट्रपतिसमक्ष बुझाउने पनि डा. यादवले जानकारी दिनुभयो।

समानुपातिक निर्वाचन प्रणालीतर्फको १ सय १० सिटमा कुन दलले कति सिट प्राप्त गरे भन्ने बाँडफाँड गरी आवश्यक विवरणसहित ३ दिनको समय दिएर दलहरूलाई पत्राचार गर्ने प्रमुख निर्वाचन आयुक्त डा. यादवले जानकारी दिनुभयो।

दलहरूको सिफारिसअनुसार समावेशी समूह मिले र नमिलेको जाँच गरी नमिलेको भए मात्रै दलहरूलाई सच्याउन थप २ दिनको समय दिइने व्यवस्था मिलाइने पनि आयोगले जनाएको छ।

समानुपातिकतर्फ मतको न्यूनतम सीमा कटाएका दलहरूलाई समानुपातिक कोटाबाट छनोट हुने प्रतिनिधिसभा सदस्यहरूको नाम पठाउन आयोगले पत्र पठाउनेछ।

पत्रको व्यहोरामा दलहरूले प्राप्त गरेको सिट संख्या, समावेशी समूहबाट हुने प्रतिनिधित्व, दलको संख्या र सिट तोकी बन्द सूचीमा रहेका उम्मेदवारमध्ये निर्वाचित हुने उम्मेदवारको नाम सिफारिस गर्नुपर्ने उल्लेख गरिने बुझिएको छ।

नेपालको संविधानको धारा ८३ मा प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदनसहितको एक संघीय व्यवस्थापिका हुने र त्यसलाई संघीय संसद् भनिने उल्लेख छ। संविधानमा संघीय संसदमा ३३ महिला पुग्नुपर्ने पर्ने प्रावधान छ।

यसअनुसार आयोगले प्रत्येक राष्ट्रिय दलबाट ३३ प्रतिशत महिला संघीय संसदमा पुग्ने गरी ३ दिनभित्र समानुपातिकतर्फको सूची बुझाउन व्यहोरासहित दलहरूलाई पत्र पठाउनेछ।

राजनीतिक दलहरूले बन्दसूची बुझाएको नामावली क्रम संख्या ननाधिकन समावेशी कलस्टर मिलाएर नाम पठाउनुपर्नेछ। नाम पठाएको नमिलेमा आयोगले त्यसलाई सच्याउन थप २ दिनको समय दिनेछ।

आवश्यक तयारी र सबै प्रक्रिया पूरा गरेर आयोगले प्रतिनिधिसभा सदस्यको सबै निर्वाचन परिणाम फागुनको पहिलो हप्ताभित्रै राष्ट्रपतिसमक्ष पेश गर्ने बुझिएको छ। आयोगले समानुपातिकतर्फको अन्तिम मतपरिणाम राष्ट्रपतिलाई बुझाइसकेपछि सांसदको शपथ र नयाँ सरकार गठनको प्रक्रिया शुरु हुनेछ।

**राष्ट्रिय सभाको मतपरिणाम**

५६ सदस्यका लागि भएको राष्ट्रियसभाको निर्वाचनमा नेकपा (एमाले) बाट २७ जना विजयी भएका छन्। राष्ट्रियसभाको निर्वाचनमा प्रत्येक प्रदेशबाट ८ सदस्य निर्वाचन हुने प्रावधान रहेको छ।

आयोगका अनुसार सो पार्टीबाट महिला ११ , अन्य ९, दलित ५ र अपांगता वा अल्पसंख्यकबाट २ जना गरी कूल २७ जना विजयी भएका हुन्।

त्यसैगरी नेपाली कांग्रेसबाट महिला ६, अन्य ६ र अपांगता वा अल्पसंख्यकबाट १ गरी कूल ११ जना विजयी भएका छन्। त्यस्तै नेकपा (माओवादी) केन्द्रबाट महिला ३, अन्य ५, दलित १ र अपांगता र अल्पसंख्यकबाट ३ जना गरी १२ निर्वाचित भएका छन्। राष्ट्रिय जनता पार्टीबाट अन्य १, अल्पसंख्यक वा अपांगता भएकाबाट १ जना २ जना गरी निर्वाचित भएका छन्। संघीय समाजवादी फोरमबाट महिला १ र दलित १ गरी २ जना निर्वाचित भएका छन्।

## सरकारी...

२० मा नगरपालिकाका प्रमुख, उपमहानगरपालिकाका उपप्रमुख, नेपालस्थित विदेशी कन्सुलर जनरल, नेपालस्थित अन्य अन्तरसरकारी संस्थाका प्रमुख

२१. गाउँपालिकाका अध्यक्ष, नगरपालिकाका उपप्रमुख, महासेनानी, प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका सह-अनुसन्धान निर्देशक

२२. नेपाल सरकारका उपसचिव, निर्देशक, नेपाल सरकारका राजपत्रांकित द्वितीय क्षेणीका अधिकृत, प्रमुख सेनानी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक, विश्वविद्यालयका उपप्राध्यापक, गाउँपालिकाका उपाध्यक्ष, २३ सेनानी, प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख अनुसन्धान अधिकृत, २४ सहसेनानी, नेपाल सरकारका शाखा अधिकृत, राजपत्रांकित तृतीय श्रेणीका अधिकृत, विश्वविद्यायका सहायक प्राध्यापक, २५. उपसेनानी, प्रहरी निरीक्षक, सशस्त्र प्रहरी निरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत, २६ प्रदेश सरकारका शाखा अधिकृत, स्थानीय तहका शाखा अधिकृत, प्रदेश सरकार तथा स्थानीय तहका राजपत्रांकित तृतीय श्रेणीका अधिकृत, २७ सहायक सेनानी रहेका छन्। २०४७ सालको संविधानमा नवौं स्थानसम्म राजपरिवारलाई छुट्याइएको थियो। १०औं मा प्रधानमन्त्री, ११औंमा प्रधानन्यायाधीश, १२ मा सभामुख र १६औंमा मन्त्रीको मर्यादाक्रम निर्धारण गरिएको थियो।

## विशाल बजार...

विशालबजार शेयर धनी संघका अध्यक्ष दामोदर कार्कीले भन्नुभयो- 'विशालबजार कम्पनीको ३१औं र ३२ औं साधारणसभाले पारित गरेअनुसार आर्थिक सहयोगका लागि हामीले लिखित निवेदन दिएपछि उक्त कम्पनीले एकाउन्टपेयी चेकबाट सहयोग गरेको थियो।'

उहाँको प्रतिप्रश्न थियो- 'हामीले प्राप्त गरेको उक्त सहयोगलाई शेयर धनी संघको वार्षिक साधारणसभाको प्रतिवेदनमा पनि उल्लेख गरिएको छ, यसलाई कसरी भ्रष्टाचार र अपारदर्शी भन्न मिल्छ।'

अध्यक्ष कार्कीले नेपाल समाचारपत्रसँगको भेटमा कम्पनीका सञ्चालकविरुद्ध बिनाकारण अभियोग लगाइएको थाहा हुने बित्तिक्कै पत्रकार सम्मेलन गरी सत्यतथ्यबाहिर ल्याइएको जानकारी दिनुभयो। उहाँले आर्थिक सहयोगका लागि कम्पनीलाई पठाइएको पत्र र वार्षिक प्रतिवेदनमा लिपिबद्ध गरिएको एकाउन्टपेयी चेकको प्रतिलिपि उपलब्ध गराउनुभएको छ।

उहाँका अनुसार केही वर्ष पहिले सोही कम्पनीको साधारणसभाले तत्कालीन संचालक नरेन्द्रबहादुर श्रेष्ठलाई निष्काशन गरेको थियो। सञ्चालक समितिले आफूलाई साधारणसभाबाटै निष्काशन गर्ने प्रस्ताव राखेकोपछि श्रेष्ठलाई चित्त बुझेको थिएन। चित्त नबुझे अदालत वा कम्पनी रजिस्ट्रारको कार्यालयमा जानुपर्ने श्रेष्ठ यी दुबै ठाउँमा नगइ सीधै अख्तियारमा जानुभएको थियो।

त्यसपछि नरेन्द्रबहादुरलाई निष्काशन गर्ने प्रस्ताव साधारणसभाको सूचीबाट हटाउनु भनी उहाँका निकट मित्र अख्तियारका अनुसन्धान अधिकृत गोबिन्दबहादुर श्रेष्ठकै हस्ताक्षरमा आदेशात्मक पत्र पठाइएको थियो।

विशालबजार व्यापार संघका अध्यक्ष कुमार राजभण्डारीले पनि शेयर धनी संघले जस्तै पत्राचार गरेपछि कम्पनीबाट नियमानुसार एकाउन्टपेयी चेक प्राप्त भएको स्वीकार गर्नुभयो। उहाँले पारदर्शी रूपमा प्राप्त भएको सहयोगलाई अपारदर्शी भनी अख्तियारबाट गरिएको कारबाही पूर्वाग्रही नै भएको बताउनुभयो।

सोही मुद्दामा अख्तियारले नेपाल खाद्य संस्थान र नेसनल ट्रेडिङ लिमिटेडबाट प्रतिनिधित्व गरिरहेका तत्कालीन सदस्यद्वय क्रमशः हरिनारायण साह र प्रमिलाकुमारी यादवलाई सञ्चालक समितिमा उपस्थित नभएको भनी सफाइ दिएको थियो। पत्रकार भएकै भरमा पछि झमेला हुने डरले अर्का सञ्चालक राजेन्द्रकुमार वैधलाई साक्षी बनाइ सफाइ दिइएको थियो। जब कि २०६८ साल पुस २ गते भएको साधारणसभाबाट निर्वाचित भई पुस ५ गते देखि कार्यभार सम्हालेको नयाँ सञ्चालक समितिको पहिलो बैठकबाट राजेन्द्रकुमार वैधलाई अध्यक्ष निर्वाचित गरिएको थियो।

अख्तियारका उनै शंकास्पद भनिएका अधिकृत गोबिन्द बहादुरले २०६८/९/५ देखि २०७०/४/१० सम्म कम्पनीको सञ्चालक समितिले गरेको ५३ वटा निर्णयलाई करिब १ वर्ष लगाएर अनुसन्धान गरेको देखिन्छ।

विशालबजार कम्पनीविरुद्धको यो मुद्दा विवादास्पद अख्तियार प्रमुख लोकमान सिं कार्कीको कार्याकालमा विशेष अदालतमा दर्ता गरिएको थियो। अख्तियारले लगाएको २ अभियोग गरी ९ करोड ७४ लाख रुपियाँको मागदाबीमा अख्तियार आफैंले अनुसन्धान गर्दा लगाएको करिब १ वर्ष अवधिको ३ करोड ५० लाख रकमसमेत समावेश गरेको छ। स्मरण रहोस् उक्त अनुसन्धान अवधिमा आरोपितहरूले कुनै थप निर्णय गरेको देखिँदैन।

प्राप्त कागजात हेर्दा २०६८ साल पुस १ गतेदेखि २०७१ वैशाख ३१ गतेसम्मको अवधिलाई लिएर गरिएको अख्तियारको अनुसन्धानमा २०७१ पुस ५ गते मात्र नियुक्त भएका सञ्चालकहरूलाई समेत एउटै बास्केटमा राखेर केही सञ्चालकहरूलाई हचुवाको भरमा सजायँ दिन खोजेको देखिन्छ। बिनाअपराध सजायँ भोग्नुपरेको पीडा खप्न नसकी एक आरोपित सञ्चालक भवानीराज पाण्डेको त असमयमै निधन भएको थियो। यसप्रति विशालबजार कम्पनीका व्यापारी र अन्य सञ्चालकहरू अहिले पनि चित्त दुखाउँछन्।



# अर्थ

2018, FEB
Friday
9

बैंकबाट सीआरएन नम्बर लिन लगानीकर्ताले कुनै शुल्क तिर्नुनपर्ने तर घरबाटै अनलाइन आवेदन दिन सीडीएससीले उपलब्ध गाराएको मेरो शेयरको सुविधा लिँदा भने वार्षिक ५० रुपियाँ शुल्क लाग्ने सीडीएससीले स्पष्ट पारेको छ।

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङ्जा | ८५ | ८२ | ८५ | ८५ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

बालाजु शाखाको ३५ दिने सार्वजनिक सूचना

सानुभाई मर्हजनको नाति, बिना मर्हजनको छोरा, श्रीमती उषा मर्हजनको पति ३ नं. प्रदेश, काठमाण्डौ जिल्ला, तारकेश्वर नगरपालिका वडा नं. ५ बस्ने बर्ष २५ को बिज्ञान मर्हजनको नाममा यस बैंकको बालाजु शाखामा खाता नं. ०७२१०००७०३२९५२४ को बचत खाता रहेकोमा खातावाला बिज्ञान मर्हजनको मिति २०७३/१२/१९ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, तारकेश्वर नगरपालिका वडा नं. ५, काठमाण्डौको मिति २०७४/०१/१०गतेको मृत्युदर्ता प्रमाण पत्र लगायतका कागजातहरु पेश गरी स्व. बिज्ञान मर्हजनको पत्नी श्रीमती उषा मर्हजनले उक्त रकमको भुक्तानी पाउं भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको बालाजु शाखामा आफनो लिखित प्रमाण कागजहरु सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

SALE

*Office Space & Resturant Café &*
*1 Multipurpose Ground Floor Space*
on SALE & LEASE @
*Newroad Bishal Bazaar Area*
9861062132

# सीआरएन नम्बर अनिवार्य

**नेपाल समाचारपत्र**

काठमाडौं

शेयर लगानीकर्ता 'मेरो शेयर' प्रविधि प्रयोग नगरे पनि सी-आस्वा सेवाबाट वञ्चित नहुने सीडीएस एन्ड क्लियरिङले जनाएको छ। बिहीबार पत्रकार सम्मेलन गर्दै सीडीएससीले सी-आस्बामार्फत प्राथमिक शेयरमा आवेदन दिँदा मेरो शेयरको सेवा अनिवार्य लिनु नपर्ने जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा बोल्दै सीडीएससीका प्रमुख कार्यकरी अधिकृत देपप्रकाश गुप्ताले प्राथमिक शेयरका लागि लागि अनलाइन आवेदन मात्र एकमात्र विकल्प नभएको जनाकारी दिनुभयो। उहाँले सीआस्बा सेवामा थप शुल्क नलाग्ने पनि स्पष्ट पार्नुभयो।

सी-आस्बा सेवा आस्बा सेवा प्रदायक बैंक वित्तीय संस्थालाई मात्र अनिवार्य गरिएकाले लगानीकर्ताले पहिले जसरी नै आस्बा सेवा प्रदायक बैंक वित्तीय संस्थामा गएर आवेदन दिन सक्ने प्रवधान यथावत् रहेको गुप्ताको भनाइ थियो। उहाँले भन्नुभयो- 'अब आफ्नो खाता रहेको बैंकबाट सी-आस्बा रजिस्ट्रेसन नम्बर (सीआरएन) नम्बर पाएका लगानीकर्ताले 'मेरो शेयर'को सेवा लिएर शेयरमा आवेदन दिन सक्नेछन्। जसले यो प्रविधि प्रयोग गरेका छैनन्, उनीहरूले बैंक तथा वित्तिय संस्थामा गएर शेयरका लागि आवेदन दिन सक्नेछन्।' सीआरएन नम्बर लिएकाले भने घरमा नै बसेर आवेदन दिन सक्ने उहाँको दाबी छ।

यसअर्थमा सी-आस्बा सेवा अनिवार्य भएपछि लगानीकर्ताले आफ्नो खाता भएको बैंकबाट सीआरएन नम्बर भने अनिवार्य लिनुपर्छ। सीआरएन नम्बर एकपटक लिएपछि सधैंका लागि काम लाग्ने गुप्ताले बताउनुभयो। यसका लागि लगानीकर्ताले आफ्नो खाता भएको बैंकलाई सम्पर्क गर्नुपर्नेछ। प्राथमिक शेयरमा आवेदन दिँदा सोही सीआरएन नम्बर लिएको बैंकबाट आवेदन दिन सक्ने व्यवस्था छ।

बैंकबाट सीआरएन नम्बर लिन लगानीकर्ताले कुनै शुल्क तिर्नुनपर्ने तर घरबाटै अनलाइन आवेदन दिन सीडीएससीले उपलब्ध गाराएको मेरो शेयरको सुविधा लिँदा भने वार्षिक ५० रुपियाँ शुल्क लाग्ने सीडीएससीले स्पष्ट पारेको छ।

सी-आस्बा सेवा अनिवार्य भएलगत्तै सबैभन्दा बढी लगानीकर्तालाई फाइदा पुग्ने गुप्ताको भनाइ छ। सी-आस्बा सेवा अनिवार्य भएलगत्तै आवेदन रद्द हुने समस्या हटेर जाने, सबै लगानीकर्ताले थोरै समयमा आवेदन दिन सक्ने र दोहोरो आवेदन बन्द हुने गुप्ताले बताउनुभयो।

आवेदनको सबै तथ्यांक एकैपटक प्राप्त हुने भएकाले शेयर बाँडफाँट भोलि पल्टै गर्न सकिन्छ।

यसैबीच मेरो शेयरको सेवा सीआस्बामार्फत आवेदन दिएका लगानीकर्ताले आफ्नो हितग्राही खातामा रहेको शेयरको मौज्दात हेर्ने, आफ्नो शेयरको पोर्टफोलियो हेर्ने, शेयर धितो बन्धकीमा रहेको विवरण हेर्न तथा आफ्नो खातामा भएको कारोबारको विवरण हेर्न पाउने सीईओ गुप्ताले बताउनुभयो।

'मेरो शेयर'को सेवा आईपीओ र एफपीओमा लागू भएको र अब हकप्रद शेयरमा पनि लागू गर्ने तयारीमा रहेको उहाँको भनाइ छ। हकप्रद शेयरका लागि आवेदन दिन आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थाले सम्पूर्ण विवरण संकलन गर्न समय लागेका कारण तत्काल लागू हुन नसके पनि केही समयमा हुने उहाँको दाबी छ।

सीआरएन नम्बर लिएका आवेदनकर्ताको विवरण रुजु भएको हुने र निष्कासन तथा विक्री प्रबन्धकलाई सबै आवेदकको विवरण रुजु गरिरहन नपर्ने भएको छ। जसका कारण बढीमा एक सातामा शेयर बाँडफाँड हुनेछ। केही समयपछि भने आवेदन दिएको १/२ दिनमा नै शेयर बाँडफाँड हुने गुप्ताको भनाइ छ।

## व्यवस्थापन संघको अधिवेशन आइतबार

काठमाडौं, (नेस)

नेपाल व्यवस्थापन संघको ३७औं राष्ट्रिय अधिवेशन माघ २८ गते हुने भएको छ। व्यवस्थापन संघले बिहीबार राजधानीमा पत्रकार सम्मेलन गरी अधिवेशनबारे जानकारी दिएको हो।

माघ २८ गते काठमाडौंको होटल याक एन्ड यतीमा हुने अधिवेशनमा नेपाल सरकारका पूर्वसचिव कृष्ण ज्ञवाली र अर्थविद् जयन्द्र श्रेष्ठले कार्यपत्रसमेत प्रस्तुत गर्ने जानकारी गराइयो। यसका साथै साधारणसभामा सन् २०१७ को व्यवस्थापन विकासका विषयमा पनि छलफल हुनेछ।

संघले महाधिवेशनको क्रममा व्यवस्थापनका क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गर्दै आएकालाई सम्मान पनि गर्दै छ। महाधिवेशनमा दिगो विकास लक्ष्य हासिल गर्न नेपालले लिनुपर्ने पहलका विषयमा बहस गर्न संयुक्त राष्ट्र संघका प्रतिनिधि पनि सहभागी हुनेछन्।

## टेलिकम स्प्रिङ अफर

काठमाडौं, (नेस)

नेपाल टेलिकमले ग्राहकका लागि स्प्रिङ अफर उपलब्ध गराउने भएको छ। टेलिकमले प्रयोगकर्तासामु ल्याएको १३ वटा अफर बुधबारदेखि वैशाख २५ गतेसम्मका लागि जारी रहनेछ।

स्प्रिङ अफरअन्तर्गत जीएसएम तथा सीडीएमए मोबाइलमा अल टाइम डाटा प्याकेज प्रयोग गर्न सकिन्छ। कम्पनीले पहिलेदेखि नै उपलब्ध गराएका विभिन्न प्याकेजमा १४ प्रतिशत थप बोनस डाटा उपलब्ध गराउने भएको छ। त्यस्तै टेलिकमले नाइट डाटा प्याक पनि ल्याएको छ। त्यसमा पहिलेभन्दा थप १४ प्रतिशत बोनस डाटा उपलब्ध हुनेछ।

टेलिकमले सामाजिक मिडिया डाटा प्याकअन्तर्गत सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम र ह्वाट्स एप चलाउन सकिने गरी डाटा प्याक रहेको छ भने जीएसएम मोबाइलका लागि स्ट्रिमिङ प्याकअन्तर्गत युट्युब र वाउटाइम एप्स चलाउन सकिनेछ। टेलिकमको जीएसएम तथा मोबाइलका लागि नयाँ दरका एसएमएस प्याक पनि उपलब्ध छ। त्यसै गरी फोरजी डाटा प्याकअन्तर्गत विभिन्न दरमा विभिन्न साइजका डाटा प्याक उपलब्ध छन्।

टेलिकमले अल टाइम भ्वाइस प्याकअन्तर्गत कम्पनीकै नेटवर्कभित्र भ्वाइस प्याकअन्तर्गत सबैभन्दा सस्तो एक दिनका लागि १० रुपियाँमा ११ मिनेट भ्वाइस कल प्राप्त हुने व्यवस्था गरेको छ। भ्वाइस डाटा प्याक अन्य विभिन्न दरमा अझै सस्तो मूल्यामा उपलब्ध छन्। त्यस्तै नाइट टाइम भ्वाइस प्याकअन्तर्गत १० रुपियाँमा ३ दिनसम्म ७० मिनेट र २५ रुपियाँमा ७ दिनसम्म कम्पनीकै नेटवर्कभित्र २ सय ५० मिनेट कल गर्न सकिनेछ। कम्पनीले कर्पोरेट ग्राहकका लागि कन्भर्ज्ड सीयूजी (कर्पोरेट युजर ग्रुप) प्याकेज उपलब्ध गराएको छ। हालसम्म जीएसएम पोस्टपेडलाई मात्र यो सुविधा उपलब्ध गराइएकोमा अब जीएसएम/सीडीएमएका प्रिपेड/पोस्टपेड सबैमा यो सुविधा उपलब्ध हुनेछ।

टेलिकमले नेपालबाट भारतमा कल गर्नका लागि ग्राहकले सस्तो दरको प्याकेज लिन सक्ने व्यवस्था पनि गरेको छ भने इन्टरनेसनल इनकमिङ कलमा बोनस अफर पनि उपलब्ध गराएको छ। त्यस्तै एडीएसएल स्पिड स्तरोन्नति र डाटा बोनस तथा एफटीटीएच सेवामा कर्पोरेट तथा व्यक्तिगत प्याकेज पनि उपलब्ध छन्। विभिन्न प्याकेजका लागि ग्राहकले ग्राह सम्पर्क केन्द्र तथा कम्पनीको वेबसाइटमार्फत पनि जानकारी लिन सक्ने टेलिकमले जनाएको छ।

# आर्थिक गणना पर सर्दै

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालमै पहिलोपटक हुन लागेको आर्थिक गणना अझै ढिलो हुने भएको छ। केन्द्रीय तथ्यांक विभागले स्थानीय तहको चुनावअघि नै सक्ने भनिएको पाइलट सर्भे आगामी वैशाखबाट मात्र शुरू हुने जनाएपछि गणना कार्य थप ढिलो हुने भएको हो। अन्तर्राष्ट्रियरूपमा गरिएको अभ्यास नेपालमा पहिलोपटक गर्न लागिएको हो।

विभागले गत साउन १ गतेदेखि गणनाको मुख्य तयारी शुरू हुने जनाएको थियो। तर अझैसम्म पनि पाइलटिङ शुरू हुन सकेको छैन। पाइलट सर्वे सकिएपछि यसमा आएका व्यवधानहरूलाई हटाएर पूर्णगणनाको तयारी गर्ने विभागको योजना छ।

समग्र आर्थिक क्षेत्रको योगदान के कति छ भनी वास्तविक तथ्यांक पत्ता लगाउन यस्तो गणना गर्न लागिएको हो। हाल जीडीपी गणनामा उत्पादनमुलक क्षेत्रमात्र समेटिने गरेका छन्। यसबाट जीडीपी गणनाबारे उब्जिएका विवादको पनि समाधान हुने अपेक्षा गरिएको छ।

उक्त सर्वेक्षणले देशभरि सञ्चालनमा रहेका उद्योग प्रतिष्ठानको एकै पटक तथ्यांक प्राप्त हुनेछ। आर्थिक गणनाले भौगोलिकता आधारमा हुने आर्थिक क्रियाकलापको अध्ययन गर्ने र कहाँ कस्तो सम्भावना र आवश्यकता छ भन्ने समेतको पहिचान गर्ने भएकाले अर्थतन्त्रको समग्र चित्रण स्पष्ट पार्ने छ। सर्वेक्षणले सरकारलाई आर्थिक कारोबार गर्ने सबै व्यक्तिको आधिकारिक विवरण तयार पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। विभागले हालसम्म पालोपालो गर्दै गरेको टुक्रे सर्वेक्षणलाई आधार मानेर जीडीपीको गणना गर्दै आएको छ।

यसैबीच आर्थिक गणनामा नयाँ प्रविधि प्रयोग गर्ने विभागले बताएको छ। विभागका अनुसार गणनामा ट्यावलेटमा डाटा इन्ट्री गराउने व्यवस्था मिलाइएको छ। यसरी इन्ट्री गरिएको तथ्यांक काठमाडौंमा रहेको सर्भरले रिसिभ गर्नेछ। जसका कारण तथ्यांक व्यवस्थापन तथा विश्लेषण थप सजिलो बन्नेछ।

गणनालाई थप प्रभावकारी तथा सहभागी बनाउने उद्देश्यसहित नेपालमै पहिलोपटक ई-सेन्ससको अवधारण ल्याइएको छ। आर्थिक गणनाअन्तर्गत सञ्चालित सो कार्यका लागि वेबसाइटमा गई सूचक आफैले प्रश्नावली भर्न सक्नेछन्। यस प्रक्रियामा विभागले चाहेको उद्योग तथा उद्यमीलाई सम्पर्क गरी प्रश्नावली भर्न अनुरोध गर्नेछ।

विभागका अनुसार पाइलटिङमा ३३ वटा आफ्नो मातहतका कार्यालय र ६६ वटा जिल्लामा ६ हजार ६ सय जनाको स्याम्पलिङका रूपमा लिइनेछ। त्यसका लागि १७ वटा आधार बनाइएको विभागले जनाएको छ। जसअन्तर्गत यातायात, शिक्षा, स्वास्थ्य सेवा, उद्योग, व्यापारलगायत पर्दछन्। यसमा कृषि र वन, घरायसी काम, सरकारी सेवा, दूतावासका कामको भने गणना हुँदैनन्।

आर्थिक गणनाको काम विदेशमा हुने गरेको तर नेपालमा भने अहिलेसम्म अभ्यास हुन नसकेको विभागले जनाएको छ। यसका लागि जाइकाले सहयोग गरेको छ। सरकारलाई आर्थिक कारोबार गर्ने सबै व्यक्तिको आधिकारिक विवरण तयार पार्न आर्थिक गणनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा लिइएको छ। यसअघि सरकारले १० वर्षको अन्तरालमा जनगणना गर्दै आएको छ। आर्थिक गणनाका लागि कर्मचारीसमेत खटाइसकिएको विभागले जनाएको छ। यो सर्वेक्षण हरेक १०/१० वर्षमा गरिने राष्ट्रिय जनगणनापछिको दोस्रो ठूलो सर्वेक्षण हो। विभागको तेस्रो ठूला गणना भने कृषि गणना हो।

यस्तो अध्ययन दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) अन्तर्गतका भुटान, अफगानिस्तान र नेपालले मात्रै गरेका छैनन्। भारतले ५ पटक यस्तो अध्ययन गरिसकेको छ। अन्य मुलुकले पनि दुई पटकसम्म गरिसकेका छन्। विकसित मुलुकमा पटक-पटक हुने समष्टिगत आर्थिक सर्वेक्षण यहाँ भने पहिलोपटक गर्न लागिएको हो।

जनगणनाका लागि करिब एक अर्ब रुपियाँ खर्च हुने अनुमान छ। तयारीअनुसार सन् २०१८ को अन्त्यमा अध्ययनका सूचकहरू सार्वजनिक हुने बताइएको छ।

# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ २६, फेब्रुअरी ९, २०१८

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।५२ | १०३।१२ |
| युरो १ को रू. | १२५।५१ | १२६।२४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।५७ | १४३।४० |
| स्विस फ्रन्क १ को रू. | १०८।४५ | १०९।०८ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।०५ | ८०।५२ |
| क्यानाडियन डलर १ को रू. | ८१।४४ | ८१।९२ |
| सिङ्गापुर डलर १ को रू. | ७७।१० | ७७।५५ |
| जापानी यन १० को रू. | ९।३५ | ९।४० |
| चिनियाँ युआन १ को रू. | १६।२२ | १६।३२ |
| साउदी अरब रियाल १ को रू. | २७।३४ | २७।५० |
| कतारी रियाल १ को रू. | २८।१६ | २८।३२ |
| थाई भाट १ को रू. | ३।२२ | ३।२४ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।९१ | २८।०७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।११ | २६।२६ |
| दक्षिण कारियन वन १०० को रू. | ९।४० | ९।४५ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६८ |
| डेनिस क्रानर १ का रू. | १६।८६ |
| हङकङ डलर १ का रू. | १३।११ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# SHARE MARKET

**8 FEBRUARY THURSDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 3523.00 | 345.00 | 336.00 | 342.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 407.00 | 386.00 | 374.00 | 380.00 | -1.00 |
| 3 | Arun Finance Limited | 208.00 | 158.00 | 158.00 | 158.00 | 3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1439.00 | 332.00 | 317.00 | 321.00 | -8.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 358.00 | 199.00 | 196.00 | 197.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2709.00 | 855.00 | 841.00 | 855.00 | 15.00 |
| 7 | Bank of Kathmandu Ltd. | 13774.00 | 383.00 | 376.00 | 380.00 | 1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 10.00 | 181.00 | 181.00 | 181.00 | -1.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 1090.00 | 156.00 | 151.00 | 151.00 | -2.00 |
| 10 | Bishal Bazar Company Limited | 20.00 | 1976.00 | 1937.00 | 1937.00 | -1.00 |
| 11 | Butwal Power Company Limited | 2843.00 | 552.00 | 540.00 | 549.00 | -9.00 |
| 12 | Central Finance Co. Ltd. | 145.00 | 136.00 | 135.00 | 135.00 | 0.00 |
| 13 | Century Commercial Bank Ltd. | 24134.00 | 192.00 | 190.00 | 191.00 | -2.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 469.00 | 1015.00 | 995.00 | 1015.00 | 20.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 736.00 | 174.00 | 170.00 | 172.00 | 1.00 |
| 16 | Chilime Hydropower Company Limited | 4113.00 | 872.00 | 850.00 | 872.00 | 19.00 |
| 17 | Citizen Bank International Limited | 5479.00 | 275.00 | 270.00 | 275.00 | 5.00 |
| 18 | Citizen Investment Trust | 890.00 | 3450.00 | 3430.00 | 3450.00 | 20.00 |
| 19 | Civil Bank Ltd | 63191.00 | 175.00 | 168.00 | 174.00 | 0.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 35.00 | 820.00 | 812.00 | 820.00 | -8.00 |
| 21 | Deprosc Development Bank Limited | 1783.00 | 835.00 | 820.00 | 831.00 | 0.00 |
| 22 | Deva Bikas Bank Limited | 3574.00 | 182.00 | 177.00 | 179.00 | 0.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 227.00 | 142.00 | 140.00 | 142.00 | -1.00 |
| 24 | Everest Bank Limited | 9080.00 | 845.00 | 838.00 | 840.00 | 0.00 |
| 25 | Everest Insurance Co. Ltd. | 138.00 | 1599.00 | 1581.00 | 1581.00 | -14.00 |
| 26 | Excel Development Bank Ltd. | 127.00 | 357.00 | 350.00 | 357.00 | 7.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 3210.00 | 570.00 | 550.00 | 566.00 | 11.00 |
| 28 | Forward Community Mic. Bittiya San. Ltd. | 598.00 | 3320.00 | 3243.00 | 3320.00 | 38.00 |
| 29 | Gandaki Bikas Bank Limited | 1736.00 | 234.00 | 230.00 | 234.00 | 2.00 |
| 30 | Garima Bikas Bank Limited | 3102.00 | 195.00 | 192.00 | 195.00 | 2.00 |
| 31 | Global IME Bank Limited | 7514.00 | 325.00 | 321.00 | 324.00 | 4.00 |
| 32 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 22.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 33 | Green Development Bank Ltd. | 102.00 | 190.00 | 190.00 | 190.00 | 2.00 |
| 34 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 10.00 | 158.00 | 158.00 | 158.00 | 3.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 775.00 | 930.00 | 908.00 | 930.00 | 15.00 |
| 36 | Gurkhas Finance Ltd. | 1351.00 | 139.00 | 136.00 | 136.00 | -5.00 |
| 37 | Hamro Bikas Bank Ltd. | 965.00 | 157.00 | 154.00 | 157.00 | 2.00 |
| 38 | Himalayan Bank Limited | 1395.00 | 658.00 | 650.00 | 656.00 | 4.00 |
| 39 | Himalayan Distillery Limited | 150.00 | 1210.00 | 1210.00 | 1210.00 | 0.00 |
| 40 | Himalayan General Insurance Co. Ltd | 3556.00 | 473.00 | 457.00 | 473.00 | 8.00 |
| 41 | Himalayan Power Partner Ltd. | 2300.00 | 366.00 | 359.00 | 365.00 | 1.00 |
| 42 | ICFC Finance Limited | 4700.00 | 203.00 | 203.00 | 203.00 | -2.00 |
| 43 | IME General Insurance Ltd. | 120.00 | 970.00 | 969.00 | 970.00 | 9.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 2522.00 | 164.00 | 160.00 | 163.00 | 0.00 |
| 45 | Janaki Finance Ltd. | 84.00 | 170.00 | 170.00 | 170.00 | -1.00 |
| 46 | Janata Bank Nepal Ltd. | 10744.00 | 182.00 | 180.00 | 180.00 | 0.00 |
| 47 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 484.00 | 3005.00 | 2890.00 | 3005.00 | 58.00 |
| 48 | Jyoti Bikas Bank Limited | 7158.00 | 159.00 | 154.00 | 156.00 | 2.00 |
| 49 | Kabeli Bikas Bank Limited | 335.00 | 318.00 | 315.00 | 315.00 | -9.00 |
| 50 | Kailash Bikas Bank Ltd. | 1789.00 | 241.00 | 239.00 | 240.00 | 0.00 |
| 51 | Kalika Microcredit Dev. Bank Ltd. | 4470.00 | 1555.00 | 1445.00 | 1555.00 | 65.00 |
| 52 | Kalika Mic. Dev. Bank Ltd. Pro. Share | 5000.00 | 887.00 | 887.00 | 887.00 | 17.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 3816.00 | 163.00 | 161.00 | 162.00 | 1.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 764.00 | 150.00 | 148.00 | 149.00 | 0.00 |
| 55 | Karnali Development Bank Limited | 513.00 | 131.00 | 125.00 | 131.00 | 4.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 937.00 | 147.00 | 144.00 | 145.00 | 1.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 206.00 | 1639.00 | 1600.00 | 1600.00 | -9.00 |
| 58 | Kumari Bank Limited | 20405.00 | 274.00 | 266.00 | 269.00 | 0.00 |
| 59 | Laxmi Bank Limited | 39573.00 | 270.00 | 267.00 | 270.00 | 1.00 |
| 60 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 50.00 | 1245.00 | 1231.00 | 1245.00 | 19.00 |
| 61 | Life Insurance Co. Nepal | 636.00 | 1930.00 | 1880.00 | 1930.00 | 45.00 |
| 62 | Lumbini Bikas Bank Ltd. | 2856.00 | 166.00 | 163.00 | 164.00 | -2.00 |
| 63 | Lumbini General Insurance Co. Ltd. | 609.00 | 570.00 | 565.00 | 565.00 | 5.00 |
| 64 | Machhapuchhre Bank Limited | 2893.00 | 263.00 | 256.00 | 263.00 | 2.00 |
| 65 | Mahalaxmi Bikas Bank Ltd. | 14424.00 | 192.00 | 187.00 | 190.00 | 0.00 |
| 66 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 523.00 | 779.00 | 760.00 | 768.00 | 2.00 |
| 67 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 99.00 | 2886.00 | 2811.00 | 2841.00 | 11.00 |
| 68 | Manjushree Finance Ltd. | 120.00 | 143.00 | 143.00 | 143.00 | 2.00 |
| 69 | Mero Microfinance Bittiya Sanstha Ltd. | 772.00 | 1318.00 | 1270.00 | 1296.00 | 11.00 |
| 70 | Mirmire Microfinance Dev. Bank Ltd. | 1502.00 | 3027.00 | 2895.00 | 3000.00 | 115.00 |
| 71 | Miteri Development Bank Limited | 210.00 | 301.00 | 291.00 | 301.00 | 5.00 |
| 72 | Mithila LaghuBitta Bikas Bank Ltd. | 235.00 | 1010.00 | 995.00 | 1010.00 | 19.00 |
| 73 | Muktinath Bikas Bank Ltd. | 10494.00 | 415.00 | 405.00 | 413.00 | 3.00 |
| 74 | Nabil Balance Fund 1 | 3497.00 | 16.65 | 16.56 | 16.56 | -0.09 |
| 75 | Nabil Bank Limited | 8717.00 | 1070.00 | 1057.00 | 1065.00 | -1.00 |
| 76 | NABIL Bank Limited Promotor Share | 2264.00 | 856.00 | 845.00 | 852.00 | 5.00 |
| 77 | Nabil Equity Fund | 16174.00 | 10.00 | 9.90 | 10.00 | 0.26 |
| 78 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 99.00 | 2394.00 | 2350.00 | 2394.00 | 61.00 |
| 79 | National Hydro Power Company Limited | 27155.00 | 110.00 | 107.00 | 110.00 | 2.00 |
| 80 | National Life Insurance Co. Ltd. | 579.00 | 1500.00 | 1480.00 | 1482.00 | 4.00 |
| 81 | National Microfinance Bittiya Sanstha Ltd. | 130.00 | 2233.00 | 2160.00 | 2200.00 | 10.00 |
| 82 | Neco Insurance Co. Ltd. | 2392.00 | 570.00 | 549.00 | 570.00 | 10.00 |
| 83 | Nepal Bangladesh Bank Limited | 13405.00 | 255.00 | 249.00 | 250.00 | 2.00 |
| 84 | Nepal Bank Limited | 69639.00 | 350.00 | 343.00 | 349.00 | 3.00 |
| 85 | Nepal Community Development Bank Ltd. | 188.00 | 141.00 | 141.00 | 141.00 | 2.00 |
| 86 | Nepal Credit And Com. Bank Limited | 5116.00 | 320.00 | 310.00 | 320.00 | 5.00 |
| 87 | Nepal Doorsanchar Comapany Limited | 8170.00 | 770.00 | 752.00 | 770.00 | 10.00 |
| 88 | Nepal Grameen Bikas Bank Ltd. | 840.00 | 654.00 | 641.00 | 650.00 | 7.00 |
| 89 | Nepal Hydro Developers Ltd. | 70.00 | 209.00 | 202.00 | 207.00 | 0.00 |
| 90 | Nepal Insurance Co. Ltd. | 694.00 | 1280.00 | 1279.00 | 1280.00 | 25.00 |
| 91 | Nepal Investment Bank Limited | 11516.00 | 670.00 | 661.00 | 669.00 | 6.00 |
| 92 | Nepal Investment Bank Ltd. Pro. Share | 655.00 | 594.00 | 586.00 | 594.00 | 4.00 |
| 93 | Nepal Life Insurance Co. Ltd. | 5713.00 | 1774.00 | 1750.00 | 1772.00 | 12.00 |
| 94 | Nepal SBI Bank Limited | 4368.00 | 590.00 | 586.00 | 590.00 | 1.00 |
| 95 | Nerude Laghubita Bikas Bank Limited | 1158.00 | 770.00 | 741.00 | 752.00 | -3.00 |
| 96 | Ngadi Group Power Ltd. | 2691.00 | 232.00 | 227.00 | 232.00 | 4.00 |
| 97 | NIBL Samriddhi Fund 1 | 13000.00 | 11.70 | 11.40 | 11.40 | -0.50 |
| 98 | NIC Asia Bank Ltd. | 9362.00 | 344.00 | 339.00 | 342.00 | 1.00 |
| 99 | Nirdhan Utthan Bank Limited | 460.00 | 1190.00 | 1180.00 | 1180.00 | -3.00 |
| 100 | NLG Insurance Company Ltd. | 2044.00 | 1004.00 | 981.00 | 1000.00 | 1.00 |
| 101 | NMB Microfinance Bittiya Sanstha Ltd. | 541.00 | 1749.00 | 1714.00 | 1749.00 | 34.00 |
| 102 | NMB Bank Limited | 2790.00 | 470.00 | 465.00 | 468.00 | 5.00 |
| 103 | NMB Hybrid Fund L-1 | 6904.00 | 10.25 | 10.00 | 10.00 | 0.05 |
| 104 | NMB Sulav Investment Fund-1 | 3500.00 | 12.99 | 12.99 | 12.99 | 0.19 |
| 105 | Om Development Bank Ltd. | 7651.00 | 229.00 | 225.00 | 227.00 | 1.00 |
| 106 | Oriental Hotels Limited | 1186.00 | 664.00 | 630.00 | 664.00 | 23.00 |
| 107 | Pokhara Finance Ltd. | 1100.00 | 167.00 | 164.00 | 165.00 | -2.00 |
| 108 | Prabhu Bank Limited | 11380.00 | 233.00 | 227.00 | 229.00 | -2.00 |
| 109 | Prabhu Insurance Ltd. | 868.00 | 760.00 | 746.00 | 760.00 | 3.00 |
| 110 | Premier Insurance Co. Ltd. | 507.00 | 1230.00 | 1215.00 | 1230.00 | -10.00 |
| 111 | Prime Commercial Bank Ltd. | 6156.00 | 307.00 | 301.00 | 306.00 | 4.00 |
| 112 | Prime Life Insurance Company Limited | 8018.00 | 1710.00 | 1670.00 | 1707.00 | 47.00 |
| 113 | ProgressiveFinance Limited | 10.00 | 220.00 | 220.00 | 220.00 | 4.00 |
| 114 | Prudential Insurance Co. Ltd. | 1295.00 | 765.00 | 720.00 | 765.00 | 25.00 |
| 115 | Purnima Bikas Bank Ltd. | 50.00 | 205.00 | 202.00 | 202.00 | 1.00 |
| 116 | Rastriya Beema Company Limited | 195.00 | 13075.00 | 12850.00 | 13011.00 | 161.00 |
| 117 | Rastriya Beema Company Ltd Pro. Share | 200.00 | 12350.00 | 12250.00 | 12340.00 | 135.00 |
| 118 | Reliance Finance Ltd. | 1330.00 | 141.00 | 140.00 | 140.00 | -1.00 |
| 119 | Ridi Hydropower Dev. Company Ltd. | 548.00 | 145.00 | 139.00 | 145.00 | 4.00 |
| 120 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 3152.00 | 1080.00 | 983.00 | 983.00 | -109.00 |
| 121 | Rural Microfinance Dev. Centre Ltd. | 1809.00 | 644.00 | 630.00 | 645.00 | 10.00 |
| 122 | Sagarmatha Insurance Co. Ltd. | 202.00 | 1370.00 | 1355.00 | 1355.00 | -5.00 |
| 123 | Sana Kisan Bikas Bank Ltd | 2633.00 | 1175.00 | 1165.00 | 1167.00 | -3.00 |
| 124 | Sanima Bank Limited | 19226.00 | 352.00 | 346.00 | 350.00 | 2.00 |
| 125 | Sanima Mai Hydropower Ltd. | 12871.00 | 404.00 | 388.00 | 397.00 | 9.00 |
| 126 | Saptakoshi Development Bank Ltd. | 427.00 | 135.00 | 134.00 | 134.00 | -1.00 |
| 127 | Shangrila Development Bank Ltd. | 3900.00 | 191.00 | 186.00 | 187.00 | 1.00 |
| 128 | Shikhar Insurance Co. Ltd. | 891.00 | 1170.00 | 1140.00 | 1164.00 | 2.00 |
| 129 | Shine Resunga Development Bank Ltd. | 5744.00 | 300.00 | 296.00 | 300.00 | 5.00 |
| 130 | Siddhartha Bank Limited | 7690.00 | 345.00 | 339.00 | 345.00 | 2.00 |
| 131 | Siddhartha Equity Fund | 7100.00 | 9.70 | 9.69 | 9.70 | -0.10 |
| 132 | Siddhartha Equity Orineted Scheme | 17000.00 | 12.24 | 12.00 | 12.24 | 0.19 |
| 133 | Siddhartha Insurance Ltd. | 654.00 | 921.00 | 905.00 | 921.00 | 7.00 |
| 134 | Sindhu Bikash Bank Ltd | 20.00 | 157.00 | 157.00 | 157.00 | 0.00 |
| 135 | Soaltee Hotel Limited | 4906.00 | 270.00 | 267.00 | 267.00 | 0.00 |
| 136 | Standard Chartered Bank Limited | 4849.00 | 999.00 | 991.00 | 997.00 | 9.00 |
| 137 | Summit Micro Finance Dev. Bank Ltd. | 676.00 | 1210.00 | 1172.00 | 1191.00 | 11.00 |
| 138 | Sunrise Bank Limited | 4532.00 | 260.00 | 255.00 | 260.00 | 5.00 |
| 139 | Surya Life Insurance Company Limited | 2331.00 | 901.00 | 885.00 | 900.00 | 2.00 |
| 140 | Suryodaya Laghubitta Bittiya Sanstha Ltd. | 70.00 | 1479.00 | 1371.00 | 1479.00 | 134.00 |
| 141 | Swabalamban Bikas Bank Limited | 3127.00 | 1330.00 | 1320.00 | 1321.00 | 1.00 |
| 142 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 191.00 | 1635.00 | 1596.00 | 1611.00 | 4.00 |

Total Amount Rs. 269,113,735 Total Quantity 688,052 Total No of Transactions 3,405

२०७४, माघ
शुक्रबार
२६

{ सहकारी विभागले केही समयअघि सम्पत्ति शुद्धीकरण निवारण ऐन-२०६४ को दफा ७ प को उपदफा (२) बमोजिम सहकारी विभागले 'सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ-संस्थालाई जारी गरिएको निर्देशनमा २०७४ जारी गरेको थियो।

अर्थ

# वित्तीय अनुशासनका लागि सम्पत्ति शुद्धीकरण आवश्यक

नेपाल समाचारपत्र

काठमाडौं

बैंक तथा वित्तीय संस्थामा लागू भइसकेको सम्पत्ति शुद्धीकरण सहकारीमा पनि लागू भएपछि यस क्षेत्रलाई व्यवस्थित गर्न थप सघाउ पुगेको विज्ञहरूले बताएका छन्। कालोधन लुकाउन सहकारी क्षेत्रको प्रयोग हुने गरेको आरोप लाग्दै आएकोमा सम्पत्ति शुद्धीकरण लागू भएपछि त्यस क्षेत्रलाई थप उत्तरदायी र व्यवस्थित गर्न सघाउ पुगेको विज्ञहरूको भनाइ छ। बिहीबार राजधानीमा नेपाल सहकारी पत्रकार समाज (सीजेएन) ले आयोजना गरेको 'सहकारीमा सम्पत्ति शुद्धीकरण' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीले सहकारी विभागले केही समय अगाडि जारी गरेको सहकारी सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशनले वित्तीय शुद्धीकरणमा ठूलो सहयोग पुग्ने धारणा राखेका हुन्।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका उपनिर्देशक हरि नेपालले सम्पत्ति शुद्धीकरण लागू भएपछि सहकारी क्षेत्र संशकित हुनु नपर्ने बताउनुभयो। नेपालले उक्त क्षेत्रलाई व्यवस्थित गर्न सबैको साथ आवश्यक रहेको तथा सहकारीलाई सही बाटोमा हिँडाउन निर्देशिकाले अभिप्रेरित गरेको बताउनुभयो।




उहाँले भन्नुभयो- 'दश वर्षसम्म सहकारी क्षेत्रमा सम्पत्ति शुद्धीकरण ऐन लागू नहुनु दु:खद् कुरा हो। ढिलो भए पनि यस क्षेत्रलाई आर्थिक पारदर्शिता र वित्तीय व्यवस्थापनका गर्नका लागि प्रयास भएको छ।' -नेपालले भन्नुभयो।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशवप्रसाद बडालले अहिले पनि सहकारी संस्थामा कालो धन नरहेको दाबी गर्दै सम्पत्ति शुद्धीकरण लागू हुनु स्वागतयोग्य कदम भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'सम्पत्ति शुद्धीकरण लागू हुनु वित्तीय अनुशासनको सबल पक्ष हो। अहिले पनि सहकारीमा ९९ प्रतिशत स्वच्छ कारोबार हुन्छ। तर, सम्पत्ति शुद्धीकरणमार्फत सहकारीलाई दण्ड दिने भन्दा स्वच्छ र व्यवस्थित बनाउनतर्फ लाग्नुपर्छ।'

कार्यक्रममा सहकारी विभागका उपरजिस्ट्रार नारायणप्रसाद ज्ञवालीले सहकारीमा सम्पत्ति शुद्धीकरण निर्देशिका जारी भएपछि व्यवस्थितरूपमा कारोबार गर्न आग्रह गर्नुभयो। उहाँले सहकारीमा स्वच्छ कारोबार भइरहेको छ भन्ने सन्देश दिनका लागि पनि निर्देशिका कार्यान्वयनमा जानुको विकल्प नरहेको बताउनुभयो। त्यसै गरी नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) का अध्यक्ष डीबी बस्नेतले तुलनात्मकरूपमा उपत्यकाका सहकारीमा बढी विकृति रहेको बताउनुभयो। सम्पत्ति शुद्धीकरण शिक्षा देशभरका सहकारीमा लागू गरिनु आवश्यक रहेको भन्दै बस्नेतले कानुन, नीति, नियम स्वीकार नगर्ने सहकारीहरू सहकारी नभएको धारणा राख्नुभयो।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक ज्ञानबहादुर तामाङले सम्पत्ति शुद्धीकरण निर्देशिका कमाई खाने भाँडो बन्न नहुने बताउनुभयो। तामाङले सहकारी विभागद्वारा जारी भएका मापदण्ड पूर्णरूपमा कार्यान्वयन हुन नसकेको र निर्देशिका कार्यान्वयन गर्न विभाग र सहकारीकर्मी एकजुट भएर लाग्नुपर्ने बताउनुभयो।

सहकारी विभागले केही समयअघि सम्पत्ति शुद्धीकरण निवारण ऐन-२०६४ को दफा ७ प को उपदफा (२) बमोजिम सहकारी विभागले 'सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ-संस्थालाई जारी गरिएको निर्देशनमा २०७४ जारी गरेको थियो। निर्देशनअनुसार सहकारी सदस्यले एकैपल्ट वा पटक-पटक गरी वार्षिक ३० लाख रुपियाँभन्दा बढीको वचत जम्मा वा कर्जा भुक्तानी गर्दा, रकम स्थानान्तरण गर्दा वा शेयर खरिद गर्दा त्यस्तो कारोबारलाई असामान्य कारोबार मान्नुपर्ने जनाएको छ। त्यसै गरी १० लाख रुपियाँ वा सोभन्दा बढीको कारोबारमार्फत शेयर खरिद गर्दा, वचत गर्दा, ऋणको ब्याज वा साँवा भुक्तानी गर्दा, विप्रेषण वा स्थानान्तरण (ट्रान्सफर) गर्दा कारोबारको स्रोत खुलाउनुपर्ने व्यवस्था गरिएको छ।

## PRESS RELEASE

### सोनीको नयाँ शोरुम शेर्पा मलमा

काठमाडौं, (नेस)

काठमाडौंको दरबारमार्गस्थित शेर्पा मलमा सोनीको नयाँ शोरुम सञ्चालनमा आएको छ। उक्त कम्पनीको नेपालका लागि आधिकारिक विक्रेता नेपाहिमा ट्रेडलिंकले बिहीबारबाट उक्त शोरुम सञ्चालनमा ल्याएको हो।

SONY

एक कार्यक्रमकाबीच सोनी कम्पनीका विजनेस हेड जेरेमी हेङ, चलचित्र निर्देशक निश्चल बस्नेत र नेपाहिमा ट्रेड लिंकका कार्यकारी निर्देशक राजेश तुलाधरले उक्त शोरुमको संयुक्तरूपमा उद्घाटन गरेका हुन्।

शोरुममा सोनी कम्पनीले नेपालमा उपलब्ध सबै प्रकारका उत्पादनहरू किन्न सकिनेछ। सोनीको ब्राभिया टिभी, सोनी एक्स्पेरिया स्मार्ट फोन, अल्फा र साइबर सट क्यामेरा, होम थिएटर सिस्टम, पर्सनल इन्टरटेनमेन्टका साथै एमडीआर सिरिजमा हेडफोनहरू उपलब्ध हुने कम्पनीले जनाएको छ।

### जनता बैंकका दुई नयाँ शाखा

Janata Bank Nepal Ltd.
जनता बैंक नेपाल लिमिटेड

काठमाडौं, (नेस)

जनता बैंक नेपाल लिमिटेडले पोखराको लेकसाइड र कैलालीको अत्तरियामा नयाँ शाखा विस्तार गरेको छ।

मंगलबारबाट कारोबार हुने गरी लेकसाइडमा १३औं र अत्तरियामा १४औं शाखाका रूपमा बैंकले थप २ नयाँ शाखा विस्तार गरेको हो। लेकसाइड शाखाको उद्घाटन लेखनाथ महानगरपालिकाका प्रमुख मानबहादुर जीसी र बैंकका सञ्चालक रामबहादुर भण्डारीले गर्नुभयो भने अत्तरिया शाखाको उद्घाटन गोदावरी नगरपालिका प्रमुख हरिसिं साउद र सञ्चालक गौतमप्रसाद खनालले गर्नुभएको हो। जनता बैंकले मुलुकभर विभिन्न ठाउँमा हालसम्म १४ शाखा, २६ शाखा रहित बैंकिङ, ३ सीमित बैंकिङ इकाइ, ३ एक्सटेन्सन काउन्टर तथा ६७ एटीएममार्फत ५ लाख ग्राहकलाई सेवा पुऱ्याउँदै आइरहेको छ। बैंकको हाल ५२ अर्ब ४४ करोड रुपियाँ निक्षेप र ४९ अर्ब २४ करोड रुपियाँ कर्जा कारोबार रहेको छ।

### क्यूएस र हिमाल रेमिटबीच रेमिट्यान्स सेवा सम्झौता

काठमाडौं, (नेस)

हिमालयन बैंक लिमिटेड र एनएनपी कोरिया कम्पनी लिमिटेड (क्यूएस रेमिट) बीच रेमिट्यान्स सेवासम्बन्धी सम्झौता भई रेमिट्यान्स कारोबार शुरू भएको छ।

दक्षिण कोरियाको दोङदेमुनस्थित एनएनपी कोरिया कम्पनी लिमिटेड (क्यूएस रेमिट) को केन्द्रीय कार्यालयबाट नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चन्तामणि शिवाकोटी तथा हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर जबराको उपस्थितिमा रेमिट्यान्स कारोबारको शुरूआत भएको हो। दक्षिण कोरियाको बैंकबाहेक रेमिट्यान्स कारोबार गर्न स्वीकृत प्राप्त रेमिट्यान्स कम्पनीमध्ये एक क्यूएस रेमिटमार्फत नेपाल आउने विप्रेषण हिमालयन बैंकको सबै शाखा तथा हिमाल रेमिट काउन्टरबाट सजिलै भुक्तानी लिन सकिने बैंकले जनाएको छ। उक्त सम्झौताबाट दक्षिण कोरियामा



कार्यरत करिब ४० हजार नेपालीले सरल र सुरक्षित विप्रेषण सेवाको उपभोग गर्न पाउने बैंकले जनाएको छ।

### कुलप्याडको नयाँ गेमिङ फोन बजारमा

काठमाडौं, (नेस)

नेपाली बजारमा भित्रिएको एक वर्ष पुगेको अवसरमा कुलप्याडले 'कुलप्ले सिक्स' नामक नयाँ गेमिङ फोन बजारमा ल्याएको छ। नयाँ फोन कुलप्ले सिक्सको ६ जीबी ऱ्यामले गेमिङ अझै रोमाञ्चक बनाउँने कम्पनीको दाबी छ। नयाँ फोनमा १ दशमलव ४ जीई एचजी ओक्टाकोर कवलकोम न्यापड्रागन ६५३ प्रोसेसर विथ ऐनिड्रनो ५१० जीपीयू छ। फोनमा ४ हजार एमएएच




ब्याट्री ब्याकप रहेको छ। कुलप्ले ६, ५ दशमलव ५ इन्च आईपीएस फुल एचडी डिस्प्ले भएको फोन हो। यसको १३ दशमलव १३ मेगापिक्सेल क्यामराले उत्कृष्ट फोटो लिन मद्दत गर्छ।

कुलप्याड फोन प्रयोगकर्ताको निरन्तर प्रतिक्रियापछि, कुलप्ले ६ एन्ड्रोइड नोगट ७.१.१ अपरेटिङ सिस्टम लिएर बजारमा आएको छ। कुलप्याडले ऐन्ड्रोइड ओरियो ८.० को अपडेट पनि चाँडै आउने बताएको छ। कुलप्याड कुलप्ले ६ नेपाली बजारमा ब्ल्याक र गोल्ड कलरमा उपलब्ध छ। हालै कुलप्याडले सिलिकन भ्यालीमा एआईको सुधारका लागी ३ सय मिलियन डलर लगानी गरेको छ। जयमा इन्टरकन्टिनेन्टल प्रालि नेपालका लागि कुलप्याड स्मार्ट फोनको आधिकारिक विक्रेता हो।

# एलआईसीको शेयर रजिस्ट्रारमा एसबीआई मर्चेन्ट

काठमाडौं, (नेस)

लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लिमिटेडको धितोपत्र कारोबारसम्बन्धी अभिलेख राख्ने, शेयर दाखिल खारेज गर्ने, नामसारी गर्ने र शेयरवालाको लागत अद्यावधिक गरी राख्नेसम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि नेपाल एसबीआई मर्चेन्ट बैंकिङ लिमिटेडले शेयर रजिस्ट्रारको सेवा उपलब्ध गराउने भएको छ।

मंगलबार राजधानीमा सम्पन्न एक कार्यक्रममा नेपाल एसबीआई मर्चेन्ट बैंकिङ लिमिटेडको तर्फबाट प्रबन्ध सञ्चालक रमेश घिमिरे र लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेडको तर्फबाट प्रबन्ध सञ्चालक अभिजित घोसले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो।

विगत एक वर्षदेखि मर्चेन्ट बैकिङ व्यवसाय गर्दै आएको नेपाल एसबीआई मर्चेन्ट बैंकिङ लिमिटेड नेपाल एसबीआई बैंक लिमिटेडको पूर्ण स्वामित्व भएको सहायक कम्पनी हो।

# अलैंची महोत्सवको तयारी

लमजुङ, (नेस)

लमजुङमा अलैंची महोत्सवको तयारी गरिएको छ। अलैंची खेती तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले फागुन अन्तिम साता सञ्चालन हुने महोत्सवमा १४ जिल्लामा उत्पादन भएको अलैंची प्रदर्शन गरिने आयोजकले जनाएको छ।

उक्त महोत्सव क्होलासोथार गाउँपालिका-५मा आयोजना गरिने अलैंची व्यवसायी महासंघ लमजुङका अध्यक्ष अजय तामाङले बताउनुभयो। उहाँका अनुसार महोत्सव फागुनको २५ र २६ गते हुनेछ। यसअघि लमजुङका ५ वटा अलैंची महोत्सव सम्पन्न भइसकेका छन्।

अलैंची व्यवसायी महासंघ लमजुङ र प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना (अलैंची जोन)को आयोजनामा महोत्सव गरिन लागेको हो। महोत्सवमा अलैंची खेती भइरहेका १४ जिल्लाको अलैंची प्रर्दशन गरिने भएको छ।

उक्त महोत्सवका अवसरमा अलैंची महासंघ रहेका १४ जिल्लाका किसान, अलैंची विज्ञ, व्यवसायीबीच अन्तर्क्रिया गरिनुको साथै अलैंचीका गुणस्तर पहिचान गरिनुका साथै बजार प्रवर्द्धनका बारेमा पनि विशेष कार्यक्रम गरिनेछ। अलैंची खेतीको विकास, प्रवर्द्धन र बजारीकरणका लागि प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको अलैंची व्यवसायी महासंघ लमजुङका अध्यक्ष अजय तामाङले बताउनुभयो। उहाँले भन्नुभयो- 'यहाँ उत्पादित अलैंची सीधै तेस्रो मुलुकमा विक्री गर्ने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गर्न महोत्सव आयोजना गरेका हौं।'

# त्रिशूली ३ 'ए' को निर्माण कार्य ७० प्रतिशत सम्पन्न

शालिकराम चालिसे, नुवाकोट

नुवाकोटको सिम्लेमा निर्माणाधीन ६० मेगावाट क्षमताको माथिल्लो त्रिशूली ३ 'ए' जलविद्युत् कम्पनीको निर्माण कार्य ७० प्रतिशत सकिएको छ । दुई टर्वाइनबाट २०७६ वैशाखदेखि उत्पादन गर्ने लक्ष्य लिएको आयोजनाको पावर हाउसभित्र टर्वाइनका लागि राख्ने संरचना निर्माण सकिएको हो।

आयोजना प्रमुख फणीन्द्रराज जोशीका हेडवर्क, पानी थिग्राउने पोखरी, टनेल, टेलरेस, पेनस्टक, हेडपोन्डलगायत स्थानमा काम भइरहेको छ । पावर हाउस बाहिरको पानी छिर्न नदिन ग्राउन्डिङको काम भइरहेको उहाँको दाबी छ। हाल चिनियाँ र नेपाली गरी अहिले ६ सय कामदार निर्माणमा कार्यमा जुटिरहेका छन्।

आयोजनको परीक्षणका लागि २ महिना लाग्ने आयोजना प्रमुख जोशीको भनाइ छ। परीक्षणपछि मात्र वितरणमा पठाइनेछ। अहिलेसम्म आयोजनाको बाँधस्थलदेखि विद्युत् गृहसम्म ४ हजार १ सय मिटर सुरुङ निर्माण भइसकेको छ । त्यसै गरी, ट्रान्समिसन लाइनको काम गर्ने सीडब्ल्यूसीले ४० वटा टावर खडा गरिसकेको छ ।

किस्पाङ-५, मनकामना सबस्टेसनदेखि काठमाडौं मातातीर्थसम्मको ट्रान्समिसनमा १ सय ४२ वटा टावर पर्छन् । अहिले १ सय ३२ केभी टावर बनाउन मनकामना छेउमा समस्या आएको छ । त्यहाँ स्थानीयले मुआब्जा नलिएकाले टावर बनाउन नसकिएको आयोजनाले जनाएको छ ।

त्यस्तै मातातीर्थ कुण्डछेउमा स्थानीयको अवरोध पनि कायमै छ । हाल निर्माणाधीन गल्छी-त्रिशूली-मैलुङ सडक खण्डको नयाँ पुलदेखि पावर हाउससम्मको सडक खण्ड फराकिलो बनाउने कार्य भइरहेकाले निर्माणस्थलमा आवत-जावत गर्न समस्या भएको आयोजनाले जनाएको छ ।

३ 'ए' को बाँधस्थल रसुवाको उत्तरगया गाउँपालिका-२, सल्लेटारमा पर्दछ भने पावरहाउस नुवाकोटको सिम्लेमा छ। आयोजनाको सबै संरचना भूमिगत छ । आयोजनास्थल सदरमुकाम नुवाकोट विदुरदेखि १९ किमि दूरी टाढा छ । ईपीसी मोडलमा ठेक्का सम्झौता भएको आयोजनाको लागत करिब १४ अर्ब रुपियाँ रहेको छ।

# मोटरसाइकलमा पनि इम्बोस्ड नम्बर

नेपाल समाचारपत्र

काठमाडौं

यातायात व्यवस्था विभागले फागुन १ गतेदेखि दुईपांग्रे सवारी साधनमा पनि इम्बोस्ड नम्बर प्लेट जडान गर्ने तयारी थालेको छ। पहिलो चरणमा प्रदेश नम्बर तीनमा इम्बोस्ड नम्बर जडान गरिने विभागले जनाएको छ। यातायात व्यवस्था कार्यालय बाग्मतीअन्तर्गत दर्ता भएका सरकारी, संस्थान र निजी दुईपांग्रे सवारी साधनमा इम्बोड्स नम्बर प्लेट राख्न लागिएको हो। सवारी धनीले इम्बोस्ड नम्बर जडानका लागि यातायात व्यवस्था कार्यालय मातातीर्थमा २५ सय रुपियाँ भुक्तानी गर्नुपर्ने तथा हालसम्मको राजस्व तिरेको हुनुपर्ने विभागले जनाएको छ।




जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# वसन्तले नेपाललाई रोमाञ्चक जित दिलाए



नेपाल समाचारपत्र

काठमाडौं

नेपालले आईसीसी विश्व क्रिकेट लिग डिभिजन २ मा रोमाञ्चक जित हात पार्दै सुखद शुरूआत गरेको छ। घरेलु टोलीले दिएको १ सय ३९ रनको लक्ष्य नेपालले ९ विकेट गुमाएर ४ बल बाँकी राखेर नेपालले जितेको हो। नेपाललाई जित दिलाउन वसन्त रेग्मीको आक्रमक ब्याटिङ कारक बन्यो। बिहीबार नामिबियाविरुद्धको खेलमा अन्तिम २ ओभरमा वसन्तले एक छक्का र एक चौका प्रहार गर्दै नेपाली टोलीका लागि खुसी ल्याएर जित सम्भव गराएका हुन्।

नेपालले जित्न अन्तिम ६ बलमा ७ रन बनाउनुपर्ने समीकरण थियो। नेपालको अन्तिम जोडी क्रिजमा थिए। वसन्त रेग्मी र सन्दीप लामिछानेमाथि नेपाललाई जित दिलाउन ठूलै दबाब थियो। पछिल्लो ओभरमा वसन्तले एक छक्का प्रहार गरेर पनि नेपाललाई अन्तिममा जित्न केही रनको मात्रै आवश्यक भएको थियो। पहिलो बलमा २ रन र दोस्रो बलमा चौका प्रहार गरेपछि नेपालले नामिबियाको स्कोर १ सय ३८ साग बराबरी गर्‍यो। अर्को बल वाइड फ्यालिएपछि नेपालले जित आत्मसात गर्‍यो।

वसन्त २४ बलमा २ चौका र १ छक्काको सहयोगमा २४ रनमै नटआउट रहे भने सन्दीप १ रनमा नटआउट थिए। नवौं विकेट रूपमा १ सय २१ को स्कोरमा सोमपाल १३ रन बनाएर आउट भएपछि नेपाल हार्ने संभावना बढी भएको थियो। तर वसन्त एक्लैले १८ रन जोडेर नेपालले नामिबियासँग नहार्ने यात्रा लम्ब्याएको छ। नेपालले नामिबियालाई चार खेलमै हराएको छ।

यसअघि नेपालको ब्याटिङ ज्यादै खराब भएको थियो। ज्ञानेन्द्र मल्ल र दिलीप नाथलाई ओपनिङमा ल्याएपनि दिलीप कुनै रन नजोडी आउट भए। यसले फेरि एकपटक नेपालको ओपनिङ ब्याटस्म्यान जम्न नसकेको क्रमलाई दोहोर्‍यायो। कप्तान पारस खड्का (१९ रन) पनि २ चौका प्रहार गरेर छिटै आउट भए भने आरिफ शेख (०), ज्ञानेन्द्र (१५ रन) र दिपेन्द्र सिंह ऐरी (६ रन) समेत क्रिजमा धेरैबेर जम्ने कोसिस गरेनन्। योसँगै करण केसी (३ न) छैटो विकेटका रूपमा आउट हुँदा नेपालको स्कोर ५६ रन थियो।

शरद भेषवाकर र रोहित कुमार पौडेलले स्कोर ९३ रनसम्म पुर्‍याएर जितको लागि आधार तयार गरेका थिए। २९ रनको महत्त्वपूर्ण योगदान दिएर शरद सातौं विकेटको रूपमा आउट भए। ६७ बलको सामना गरेका शरदको इनिङमा तीन चौका सामेल थिए। रोहित पहिलोपटक सिनियरतर्फबाट खेले पनि क्रिजमा धेरै बेर टिकेर आसलाग्दो ब्याटिङ गरे। उनले ६० बलमा २ चौकाको सहयोगमा १७ रन योगदान दिएका थिए।

बलिङमा नेपाली बलरले उत्कृष्ट प्रदर्शन गरेका थिए। सोमपाल र सन्दीप चम्केपछि नामिबिया १ सय ३८ रनमै रोकिएको थियो। सोमपालले ७ ओभरमा ३५ रन दिएर ३ विकेट लिादा सन्दीप विकेट लिनेमा र रन दिनेमा किफायती बनेका थिए। ८ दशमलव २ ओभरमा २ मेडनसहित ४ विकेट लिँदा १८ रन मात्रै उनले खर्चेका थिए। यसपछि वसन्त, सरद र पारसले एक-एक विकेट लिएका थिए। नामिबियाको तर्फबाट क्रेग विलियम्सले सर्वाधिक ४१ रन बनाए।

## सिमरामा नवजनजागृतिको जित

बारा, (नेस)

बाराको सिमरा रङ्गशालामा बिहीबारबाट शुरू भएको रुस्लान नवौं सिमरा गोल्डकपमा आयोजक क्लबको एनजेजेवाईसी 'सेतो' ले विजयी शुरूआत गरेको छ।

हेटौंडाको विजय युथ क्लबलाई ४-१ गोल अन्तरले पाखा लगाउँदै एनजेजेवाइसीले अन्तिम ८ मा आफूलाई सुरक्षित बनायो। आयोजकको जितमा विशन गुरुङ, त्रिदेव गुरुङ, धिरज श्रेष्ठ र अफ्रिकी खेलाडी भिक्टर आमोहिले समान एकएक गोल गरे। हटौंडाका लागि एक मात्र सान्त्वना गोल अमिर श्रेष्ठले गरेका थिए।

## इनोभेटिभ बास्केटबलमा १२ टिम




काठमाडौं, (नेस)

इनोभेटिभ इङ्लिस स्कुलको आयोजनामा सातौं इनोभेटिभ अन्तरविद्यालय बास्केटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ।

प्रतियोगितामा सिनियर ब्वाइज र गर्ल्स तथा जुनियर ब्वाइज गरी १२ टोलीको सहभागिता हुने इनोभेटिभका प्रबन्ध निर्देशक अनन्त कुँवरले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। फागुन ६ गतेसम्म चल्ने प्रतियोगिता सञ्चालन गर्न करिब ३ लाख ५० हजार खर्च हुने अनुमानित गरिएको छ।

## स्काइलार्क र माउन्ट कैलाश विजयी

काठमाडौं, (नेस)

द स्काइ लार्क स्कुल र माउन्ट कैलाशले सातौं जितेन ठकुरी स्मृति अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ बिहीबार जित हात पारेका छन्।

स्काइ लार्कले रेडिअन्टलाई ३३-३० ले र माउन्ट कैलाशले द चाँदबाग स्कुललाई २४-२० ले हराए। नितेन मेमोरियल स्कुल (निम्स) द्वारा आयोजित प्रतियोगिताको गर्ल्समा सिद्धार्थ बनस्थलीले लभ्ली एन्जललाई २५-२३ लाई पराजित गर्‍यो।

## ज्ञानमालाको विजयी शुरूआत

काठमाडौं, (नेस)

ज्ञानमालाले प्रथम एक्टिभ अन्तरविद्यालय जुनियर ब्वाइज बास्केटबल प्रतियोगितामा बिहीबार विजयी शुरूआत गरेको छ। ज्ञानमालाले आयोजक एक्टिभ स्कुललाई २९-२६ ले पराजित गर्‍यो।

अन्य खेलमा बौद्ध चिल्ड्रेन हेभनले लिटिल मुनलाई २७-२४, बीएनएले मञ्जरीलाई २८-२५, एन्जल्स हार्टले लभ्ली एन्जललाई ३०-२५ तथा ओडिसीले पृथ्वीलाई २८-२६ ले हराए।

## धरहरा

### बेरोजगार बर्गीकरण



नेपाली सेनाले रिक्त रहेका अधिकृत क्याडेट भर्नाका लागि यस वर्ष आवेदन आह्वान गर्‍यो। गत भदौ २७ र पुस ९ गते २ पटक सो पदपूर्तिका लागि भर्ना आह्वान गर्दा ५ हजारभन्दा बढिले आवेदन पनि दिए। विभिन्न कोटामा ८३ जनाका लागि भर्ना खुलाइएको थियो।

लिखित परीक्षामा ठूलो संख्यामा बेरोजगार युवा सहभागी भए तर उत्तीर्ण भने १८ जना मात्रै भए। आवश्यक कोटाभन्दा धेरै थोरै मात्र लिखितमा उत्तीर्ण भएपछि अब जागिर पक्का पक्की भन्दै ढुक्क हुनेहरू तब छक्क परे जब ९ जना मात्रै अन्तिम छनोटमा परे। ८३ कोटामा एक जना पनि महिला छनोटमा परेनन्। त्यस्तो खबर थाहा पाउँदा धरहरा झनै छक्क पर्‍या छ।

धरहरालाई प्रष्ट थाहा छ, मुलुकमा बेरोजगारहरूको संख्या हजारौं छ। तर आह्वान गरिएको कोटा र परीक्षामा नै उत्तीर्ण नहुनु भनेको त अचम्मै भएन र भन्या। हातमा प्रमाणपत्र हुँदैमा सबै अब्बल हुँदैनन् भन्ने कुरा यो घटनाले पुष्टी गरेको छ। नेपालको शिक्षा प्रणालीमाथि नै ठूलो कटाक्ष गरेन र ?

सरकार, त्यसैले हरेक वर्ष बेरोजगार कै संख्या थप्ने मात्र होइन, अल्छी बेरोजगारहरूको संख्या चाहिँ घटाउन योजना ल्याउनुपर्ने भयो। बेरोजगारलाई विशेष परीक्षा लिएर ए, वी, सी, डी लगायतका ग्रेडमा बर्गीकरण गर्ने कि !

## नेफ रोड रेस शनिबार

काठमाडौं, (नेस)

उत्तरभेगीय शैक्षिक मञ्च (नेफ) को आयोजनामा दोस्रो नेफ रोड रेस शनिबार हुने भएको छ।

रेसमा विभिन्न २१ विद्यालयका जम्मा २ सय २० खेलाडीको सहभागिता रहने बिहीबार आयोजित पत्रकार सम्मेलनमा नेफका अध्यक्ष नारायण रोकाले जानकारी गराए। ब्वाइज र गर्ल्स दुवैमा ५ किलोमिटर दूरीमा प्रतिस्पर्धा हुनेछ। रेस टोखाको झोरबाट शुरू भई धापासीस्थित ग्रिनल्याान्ड स्कुलमा आएर टुंगिनेछ।

## सेभिया कोपा डेल रेको फाइनलमा



लन्डन, (एजेन्सी)

सेभिया स्पेनिस कोपा डेल रे को फाइनलमा प्रवेश गरेको छ।

प्रतियोगिताको सेमिफाइनलअन्तर्गत बुधबार भएको दोस्रो लेगमा लेगानेसलाई पराजित गर्दै सेभियाले फाइनलमा स्थान बनाएको हो। दुई लेगको खेलबाट समग्रमा ३-१ को जित हात पार्दै सेभियाले उपाधिका लागि भिडन्त पक्का गरेको हो।

दोस्रो लेगअन्तर्गत बुधबार घरेलु मैदानमा सेभिया २-० ले विजयी भएको थियो। खेलको १५औं मिनेटमा जोआकिन कोर्रियाले गोल गर्दै सेभीयालाई शुरूआती अग्रता दिलाएका थिए। पहिलो हाफसम्म एक गोलले अघि रहेको सेभीयाका लागि खेलको ८९औं मिनेटमा फ्रान्को भाज्केजले दोस्रो गोल गरेका थिए। यसअघि भएको पहिलो लेगमा यी दुवै टोलीले १-१ गोलको बराबरीमा चित्त बुझाएका थिए। सेभियाले उपाधिका लागि अर्का सेमीफाइनलिस्ट भ्यालेन्सिया र बार्सिलोनाको खेलको विजेतासँग खेल्नेछ।

## न्यु स्टार पोल क्वाटरफाइनलमा

काठमाडौं, (नेस)

न्यु स्टार पोल तेस्रो अर्किड कप अन्तरविद्यालय छात्र सेभेन ए साइड फुटबल प्रतियोगितामा बिहीबार क्वाटरफाइनलमा प्रवेश गरेको छ। न्यु स्टार पोलले विद्याआर्जन स्कुल मूलपानीलाई टाइब्रेकरमा ५-४ गोलले पराजित गर्‍यो। अर्किड स्कुलद्वारा आयोजित प्रतियोगितामा कस्तुप, वेस्ट ग्रुप भिजन, विनायक र ग्रामर पनि अन्तिम आठमा पुगे। कस्तुपले पुष्प वाटिकालाई ४-१ गोलले हराउँदा रविन बलले ह्याट्रिक गरे।

## नेपालय र माउन्ट ग्लोरी फाइनलमा

काठमाडौं, (नेस)

नेपालय र माउन्ट ग्लोरी दोस्रो नेफ-साइपाल यु-१६ फाइभ ए साइड उपत्यकाव्यापी छात्र फुटबल प्रतियोगितामा बिहीबार फाइनलमा प्रवेश गरेका छन्। उत्तर भेगीय शैक्षिक मञ्च (नेफ) र साइपाल एकेडेमीद्वारा संयुक्त आयोजित प्रतियोगिताको सेमिफाइनलमा नेपालयले दीपज्योति टाइब्रेकरमा २-० तथा माउन्ट ग्लोरीले विज्ञानलाई ५-२ गोलले पराजित गरे।

## रुपन्देहीमा कुस्ती शुरु



नेपाल समाचारपत्र

भैरहवा

तराईमा परम्परागत रूपमा खेलिँदै आएको कुस्ती खेल रूपन्देहीको ओमसतिया गाउँपालिका-६ स्थित मझौलीमा बिहीबारदेखि शुरू भएको छ। अन्तर्राष्ट्रिय कुस्ती महा-मुकाबला तथा भोजपुरी महोत्सव-२०७४ नाम दिएको खेलमा नेपाल र भारतका पहलवानहरूले प्रतिष्पर्धा गरिरहेका छन्।

मधेसमा पुरातनकालदेखि सर्वाधिक चर्चित खेल कुस्तीको संरक्षण तथा भोजपुरी भाषा, कला, संस्कृतिको जर्गेना गर्ने उद्देश्यले स्थानीय बजरंग समितिको आयोजना तथा जिल्ला कुस्ती संघ, रूपन्देहीको सह-आयोजनामा प्रतियोगिता शुरू भएको हो। २७ गतेसम्म चल्ने प्रतियोगितामा हिजो भएका विभिन्न विधाका खेलमा नेपाली पहलमानले वर्चश्व जमाएका छन्। आयोजकका अनुसार शुक्रबार ५० हजार राशिको तृतीय पुरस्कार र ७५ हजार राशिको दोस्रो पुरस्कारका लागि प्रतिस्पर्धा हुनेछ।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीले ५ लाखबराबरको सुन जडित गदा, प्रथमले १ लाख १ हजार प्राप्त गर्नेछन् भने सान्त्वनाले १० हजार देखि १ हजार रुपियाँसम्म पुरस्कार प्राप्त गर्ने आयोजक संस्थाका संरक्षक देवेन्द्र पाण्डेले बताए।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ